# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

कविता विधामा 'इच्छुक' का उपनामले चिनिने कृष्ण सेन इच्छुक प्रगतिवादी भावधारामा कविता लेख्ने आधुनिक समसामयिक धाराका एक प्रतिभा हुन् । यिनको 'भोलिप्रति' शीर्षकको कविता २०३२ साल असार १३ को 'मातृभूमि' साप्ताहिकमा छापिएपछि यिनी सार्वजनिक स्तरमा कविका रूपमा देखापरेका हुन् । यही कविता यिनको पहिलो प्रकाशित रचना हो । यिनका **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) गरी दुईवटा खण्डकाव्य प्रकाशित भएका छन् । **इतिहासको यस घडीमा** कविता सङ्ग्रह २०५६ सालमा प्रकाशित भएको छ भने **बन्दी आवाज** र **आरम्भिक कविता** जस्ता कविता सङ्ग्रह **इच्छुक रचनावली भाग २** (२०६५) मा प्रकाशित भएका छन् । उनका गद्यात्मक लेख रचनाको सँगालो **इच्छुक रचनावली भाग ३** (२०६६) पनि प्रकाशित भएको छ । यिनै रचनाका स्रष्टा इच्छुकका फुटकर कविताका प्रवृत्ति र प्राप्तिको अध्ययनसँग प्रस्तुत शोध सम्बन्धित छ ।

## १.२ समस्याकथन

यस शोधपत्रमा कवि कृष्ण सेन इच्छुकका फुटकर कविताको अध्ययन तथा विश्लेषण गरिएको छ । यस सन्दर्भमा मुख्यतः निम्नलिखित समस्याहरूको समाधान खोज्ने काम यस शोधमा गरिएको छ :

(१) कृष्ण सेन इच्छुकको जीवनी र व्यक्तित्व के कस्तो छ ?

(२) कृष्ण सेन इच्छुकका कवितायात्रामा के कस्ता चरणगत प्रवृत्तिहरू देखापरेका छन् ?

(३) भावगत एवम् शैलीगत दृष्टिले कृष्ण सेन इच्छुकका कविता के कस्ता छन् ?

(४) कृष्ण सेन इच्छुकका कवितागत प्रवृत्तिहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

वि.सं. २०३२ सालदेखि २०५९ सालसम्म नेपाली साहित्य र समाजको सेवा गरेका कृष्ण सेन इच्छुकका **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) गरी दुईवटा खण्डकाव्य प्रकाशित भएका छन् । त्यसैगरी 'इतिहासको यस घडीमा' (२०५६) कविता सङ्ग्रहका साथै **बन्दी आवाज** र **आरम्भिक कविता**जस्ता कविता सङ्ग्रह **इच्छुक रचनावली भाग-२** (२०६५) मा प्रकाशित भएका छन् । उनका कविताका विविध पक्षहरूको अध्ययन गर्दै कविता सृजनाका क्रममा देखापरेका कवितायात्रा र प्रवृत्तिको अध्ययन गर्नुका साथै उनका कवितागत प्रवृत्तिहरू केलाउनु

प्रस्तुत शोधपत्रको उद्देश्य रहेको छ । समग्रमा प्रस्तुत शोधपत्रका उद्देश्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) कृष्ण सेन इच्छुकको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त रूपरेखा प्रस्तुत गर्ने,

(२) कृष्ण सेन इच्छुकका कवितायात्रामा देखिएका चरणगत प्रवृत्तिहरू केलाउने,

(३) कृष्ण सेन इच्छुकका कविताको विश्लेषण गर्ने र

(४) कृष्ण सेन इच्छुकका कवितागत प्रवृत्तिहरू केलाउने ।

## १.४ पूर्वकार्यको समीक्षा

कृष्ण सेन इच्छुक तीसको दशकदेखि नेपाली प्रगतिवादी कविताका फाँटमा देखापरेका सशक्त कवि हुन् । पछिल्लो पटक माओवादी जनयुद्धसँग प्रत्यक्ष रूपमा जोडिएर साहित्य सिर्जनामा लागेका कृष्ण सेन इच्छुकका बारेमा हालसम्म विभिन्न सन्दर्भमा अध्ययन भए पनि उनका कविताकृतिको सुव्यवस्थित र अनुसन्धानात्मक अध्ययन विश्लेषण भएको पाइँदैन । त्यस्ता टिकाटिप्पणी, समीक्षा र विश्लेषण विविध पत्रपत्रिकामा गरिएको पाइन्छ । हालसम्म उनका बारेमा गरिएका त्यस्ता पूर्व अध्ययनलाई यहाँ कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शारदाप्रसाद धिताल र मधुसूदन सुवेदीले **शोकाञ्जली** (२०४८) शोककाव्यको प्रकाशकीयमा नेपालको प्रगतिवादी साहित्यका फाँटमा आक्कल-झुक्कल इच्छुकका नामले पत्रपत्रिकाहरूमा देखिने कविको **शोकाञ्जली** शोककाव्यले प्रगतिवादी साहित्यमा रहेको न्यूनतालाई भर्न योगदान पुऱ्याउने कुरा उल्लेख गरेका छन् ।

पारिजातले **शोकाञ्जली** (२०४८) को मन्तव्यमा कवि इच्छुकलाई प्रगतिशील साहित्यका फाँटमा स्थापित कविका रूपमा हेर्दै सिर्जनशीलता र प्रतिबद्धतालाई कायम राख्दै कारागारभित्र पनि चलाउने इच्छुकको कलमलाई प्रशंसा गरेकी छन् । **शोकाञ्जली** काव्यलाई वैचारिक उपलब्धि ठान्दै कलापक्षले सिँगारेको एउटा कुन्ज भएको र शब्दचयन एवम् प्रस्तुति अति संवेदनशील भएको टिप्पणी गरेकी छन् ।

ताराकान्त पाण्डेय (२०४८) ले **जनसाहित्य** पत्रिकामा **शोकाञ्जली** खण्डकाव्यमा प्रौढ र कोमल विचारको सन्तुलन छ भन्दै उनले कवि र सिपाही एक अर्कामा समाहित भएको उल्लेख गरी शोक र विद्रोहको उत्कृष्ट नमूना भएको टिप्पणी गरेका छन् ।

चैतन्य (२०५१) ले **कलम** पत्रिकाको 'समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कन' भन्ने लेखमा इच्छुकलाई ग्रामीण वर्गसङ्घर्षको भावलाई घनीभूत ढङ्गले अभिव्यक्त गर्ने कविका रूपमा लिएका छन् । चैतन्यले 'दार्बोटको जङ्गलमा' शीर्षकको कवितालाई साक्ष्यका रूपमा राखेर कविले उपमा र प्रतीकको माध्यमबाट वर्गसङ्घर्षको सशक्त भाव र सजीव तस्बीर उतारेको कुरा व्यक्त गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५४) ले **कलम** पत्रिकाको 'द्वन्द्वरत वर्तमान र वर्तमानको कविता लेखन' भन्ने लेखमा द्वन्द्वरत वर्तमानमा कवि कृष्ण सेन 'इच्छुक'का कविता जनसमरसिर्जित नवयथार्थको अभिव्यञ्जनामा निकै सक्रिय रहेको र तिनमा द्वन्द्वरत वर्तमानको यथार्थ प्रभावकारी ढङ्गले अभिव्यक्त भएको बताउँदै कविले प्रकृतिको साहचर्यमा प्रतिकूल परिस्थितिबीच पनि स्वर्णिम भविष्यको कामना गर्ने मानिस/जीवनहरू मुस्कुराइरहेकै अनुभव गरेको बताएका छन् ।

इच्छुक (२०५६) को **इतिहासको यस घडीमा** कविता सङ्ग्रहको प्रकाशकीयमा इच्छुक प्रगतिवादी नेपाली कविताका क्षेत्रमा आफ्नो छुट्टै परिचय स्थापित गर्न सक्षम कवि भएको तथा शब्द र कर्मको मेलमा जोड दिने उनका कविता सजीव, जीवन्त, लयात्मक र सम्प्रेषणयुक्त छन् र विचारका दृष्टिले उच्च छन्, भाषिक संरचनाका दृष्टिले एकदमै कमला छन् भन्दै कवि इच्छुकलाई श्रम-सौन्दर्यको पक्षधर र श्रमजीवी वर्गको मुक्तिका गायक भनी चर्चा गरेका छन् ।

ऋषिराज बराल (२०५६) ले **जनादेश** पत्रिकाको "इच्छुक; इतिहासको यस घडीमा र रागात्मक अनुभूति" शीर्षकको लेखमा कवि इच्छुकका कविता अन्तर्वस्तु र रूपका दृष्टिले चिर-कालिक प्रभाव पार्ने किसिमका छन् र ती प्रगतिवादी आन्दोलनका प्राप्ति तथा उपलब्धि हुन् भनी टिप्पणी गरेका छन् ।

मातृका पोखरेल (२०५६) ले **जनएकता** पत्रिकाको "सामाजिक मूल्यको कसीमा 'इच्छुक' का कविता" भन्ने लेखमा **इतिहासको यस घडीमा** कविता सङ्ग्रहको कृति समीक्षा गर्दै यस सङ्ग्रहले प्रगतिवादी कवितालाई व्यवस्थित ढङ्गले अध्ययन गर्न चाहनेहरूका लागि निकै ठूलो योगदान गर्ने कुरा बताएका छन् ।

चैतन्य (२०५६) ले **कलम** पत्रिकाको "'इच्छुक' रचित इतिहासको यस घडीमा शीर्षक कविता सङ्ग्रहबारे" भन्ने लेखमा प्रगतिवादी दृष्टिकोण र मार्क्सवादी चिन्तनले कविताको चिरफार गर्दै कविताको स्वरसन्धान, शिल्पविधान, सांस्कृतिक मूल्यबोधको नयाँ आयाम जस्ता आन्तरिक र बाह्य सौन्दर्यका पक्षबाट कविता सङ्ग्रहको विवेचना गरेका छन् ।

विष्णु प्रभात (२०५६) ले **कलम** पत्रिकाको "इतिहासको यस घडीमा 'इच्छुक'" भन्ने लेखमा इच्छुकका कविता सन्तुलन र कुशलता हासिल गर्न नसकेका र उनका कविता सामान्य र साधनाशील भनेर वर्गीकरण गरेका छन् । उनले भाव र भावना भएर पनि शिल्प क्षण र गेयात्मक नहुँदा अन्तर्वस्तु र रूपको सन्तुलन कायम राख्न नसक्दा सबै कविता सफल छैनन् भनेर टिप्पणी गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५६) **खसानी** पत्रिकाको "इतिहासको यस घडीमा : वैचारिक र कलात्मक निष्ठाको स्मारक" भन्ने लेखमा सरलता र गीतिमयता इच्छुकको आफ्नो शैलीगत वैशिष्ठ्य हो । उनका कवितामा शब्दको कसरत, कुदाइ र गूढ प्रयोग हुँदैन । शब्दको नीरस खेल उनका कविताको अर्थ होइन । स्थानीय रङ्ग र परिवेशबाट कवितालाई बढी यथार्थवादी बनाउनु कविताकलाको वैचारिक र कलात्मक निष्ठाको स्मारक भएको चर्चा गरेका छन् ।

ऋषिराज बराल (२०५७) **बन्दी र चन्द्रागिरि**को भूमिकामा इच्छुकको काव्य प्रवृत्तिलाई ठम्याउँदै आफूले लिएको विषयवस्तुलाई नजिकैबाट अनुभूत गर्नु, स्थानीय रङ्ग, भूगोल र प्रकृतिलाई विचारसित घोलेर मानवीकरण गरी नवीन बिम्ब र प्रतीकमार्फत् नवीन आदर्शको उद्‌बोधन गर्नु इच्छुकको वैशिष्ठ्य भएको चर्चा गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५७) **कलम** पत्रिकाको "सौन्दर्य बिम्बका आधार र समकालीन कवितामा यसको अङ्कन" भन्ने लेखमा 'बन्दी र चन्द्रागिरि' काव्य विशिष्ट जीवनानुभूतिको विशिष्ट बिम्बात्मक पुनः सिर्जनाका रूपमा देखापरेको भन्दै यो काव्य सिङ्गै बिम्बमालाका रूपमा रहेको उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदी (२०५७) ले **साहित्य सन्ध्या** पत्रिकामा **बन्दी र चन्द्रागिरि** खण्डकाव्यको समीक्षा गर्ने क्रममा प्रगतिशील कविता लेखनका क्षेत्रमा पचासको दशकमा उच्च सफलता प्राप्त गरेका कृतिहरूमध्ये पहिलो स्थानमा पर्छ भन्ने ठोकुवा गर्दै 'बन्दी र चन्द्रागिरि' लाई प्रगतिशील फाँटभित्र देखापरेको ढुलमुले चरित्रलाई किनारा लगाउन सक्षम भएको कृति भनेर निष्कर्ष निकालेका छन् ।

चैतन्य (२०५७) ले **समकालीन नेपाली कविता**को "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति" भन्ने लेखमा नेपाली प्रगतिवादी कविताको ऐतिहासिक विकास प्रक्रियालाई तीन अवधिमा बाँडेर अध्ययन गरेका छन् । उनले दोस्रो अवधिको २०३६/०३७ साललाई प्रगतिवादी कविताको एक उत्कर्ष काल मानेका छन् । उनले 'जेल' कवितालाई साक्ष्यमा राखेर जेलभित्र र बाहिरको त्रसित जिन्दगीबीच तुलना गर्दै सिङ्गो देशलाई जेल देख्न पुगेको कुरा उल्लेख गरेका छन् । तेस्रो अवधिमा पनि इच्छुकका 'दार्बोटको जङ्गलमा', 'बर्मझिया', 'तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध' कविताको टिप्पणी गर्दै कवितामार्फत गाउँमा पुरानो सत्ताका विरुद्ध जन्मन लागेको नयाँ सत्ताको यथार्थलाई व्यक्त गर्ने र प्रकृतिको मानवीकरण गर्ने काम भएको छ भनेर समीक्षा गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५८) ले **साहित्य सन्ध्या** पत्रिकाको "उत्तरआधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध" भन्ने लेखमा उत्तरआधुनिकतावादीहरूले आदर्श र मूल्य विघटनको हल्ला मच्चाए पनि समाजवादी यथार्थवादीहरूका लागि यो विभ्रम हो भन्दै उनले इच्छुकका कविताले जीवनलाई मूल्य र महत्ता प्रदान गरिरहेको टिप्पणी प्रस्तुत गरेका छन् ।

ईश्वरचन्द्र ज्ञवाली (२०५८) **सहयात्री** पत्रिकाको "इच्छुकको 'बन्दी र चन्द्रागिरि' माथि केही हरफ" भन्ने लेखमा **बन्दी र चन्द्रागिरि**मा देशप्रेमको स्वर मुखरित भएको, साम्यवादी विचार प्रवाहको निरन्तर यात्रा र यसको अमरताको छनक पनि दिइएको र यो कृति क्रान्तिकारीहरूका लागि एउटा खुराक हुनुका साथै बौद्धिकहरूका लागि मन्थन भएको टिप्पणी गरेका छन् ।

जगदीशचन्द्र भण्डारी (२०५९) ले **वेदना** पत्रिकाको "इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि" भन्ने लेखमा कविको परिचय, प्रकाशित तीनवटा कृतिको चर्चा र निष्कर्ष दिँदै भनेका छन्- "कवि इच्छुक क्रान्तिकारी भावदृष्टि भएका सर्वहारावादी कवि हुन्, कविता सहज, सुबोध, हृदयसंवेद्य छन् । गद्यलयमा पनि सङ्गीतात्मक विशेषताले गेयात्मक बनेका छन् । व्यङ्ग्य-

विद्रोहका साथै अनुभूत यथार्थ र अग्रगामी चेतको अभिव्यक्ति छ । जनताको मुक्ति, सङ्घर्ष र सङ्घर्षशील प्रवृत्तिलाई इच्छुकका कविताले अभिव्यञ्जन गरेका छन् ।"

सुकुम शर्मा (२०६०) ले **कवि इच्छुक : कविताका सन्दर्भमा**मा कवि कृष्ण सेन 'इच्छुक' को पृष्ठभूमि, परिचय, साहित्य-सिर्जना, उनका कवितामा प्रतिबिम्बित सौन्दर्य र उनका प्रकाशित कृतिहरूको चर्चा गरेका छन् । साथै दुई दर्जन फुटकर कविताको टिप्पणी गर्दै निष्कर्षमा उनका विशेषतालाई बुँदागत रूपमा दिएका छन् । यस कृतिको दोस्रो भागमा कवि इच्छुकको हत्यामा कविमन आहत हुँदा रचना गरेको 'शब्द श्रद्धा' पनि प्रस्तुत गरेका छन् ।

खगेन्द्रप्रसाद लुइँटेल (२०६०) ले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**मा कवि कृष्ण सेन 'इच्छुक' लाई प्रगतिवादी चिन्तनमा केन्द्रित भएर प्रगीतात्मक र आख्यानात्मक संरचनामा आबद्ध भई कविता लेख्ने स्रष्टाका रूपमा चर्चा गरेका छन् । उनले इच्छुकका कवितामा बन्दी जीवनका पीडाजन्य अनुभूति, जनमुक्ति सङ्घर्षको भावना, श्रमको सम्मान, वर्गविभेदको विरोध, वर्गीय पक्षधरता, वर्गप्रेम, देशप्रेम, बलिदानी भावना र जागरणको स्वर अभिव्यञ्जित भएको चर्चा गरेका छन् । उनले कवि इच्छुकलाई क्रान्तिकारी र विद्रोही चेतना, राजनीतिक आस्थामा प्रतिबद्धता र मार्क्सवादी सौन्दर्य शास्त्रीय चिन्तन भएका कविका रूपमा चिनाएका छन् ।

चैतन्य (२०६४) ले **क्रान्ति र सौन्दर्य**मा **बन्दी र चन्द्रागिरि**लाई समसामयिक नेपाली प्रगतिवादी कविता क्षेत्रको नवीन प्राप्ति र जनयुद्धको दस्तावेजकै रूपमा उल्लेख गरेका छन् । वैचारिक र कलात्मक दुवै दृष्टिले विलक्षण क्रान्तिकारी काव्य भएकोले एक्काइसौँ शताब्दीको एक उत्कृष्ट प्रारूपका रूपमा लिएका छन् ।

ताराकान्त पाण्डेय (२०६४) ले **प्रतिबिम्बन** पत्रिकाको 'कविता र क्रान्तिमा आस्था : उदात्त महाख्यानको प्रस्तुति' भन्ने लेखमा इच्छुकले निर्माण गरेको उदात्त महाख्यान **बन्दी र चन्द्रागिरि** काव्यमा भएको, त्यहाँ क्रान्ति र साम्यवादको भविष्यप्रति कतै सन्देश नभई केवल अविराम एवम् तीव्र विश्वास भएको, क्रान्तिकर्मको त्यो विश्वास उनका कवितामा आहलादक बान्कीमा प्रस्तुत हुनुका साथै अब क्रान्ति रुमानी विषय रहने, त्यसले त्यसको विज्ञान प्राप्ति गरेको र क्रान्ति अर्थात जनयुद्ध नेपाली समाजको कठोर तर उदात्त यथार्थ बन्न पुगेको टिप्पणी गरेका छन् ।

अशोक सुवेदी (२०६४) ले **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'** भन्ने पुस्तक सम्पादन तथा प्रकाशन गरेका छन् । यस पुस्तकलाई दुई खण्डमा विभाजन गरेर प्रथम खण्डमा कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतिमाथि समीक्षा र संस्मरण गरिएका ३८ जना लेखकका ३९ वटा लेख समावेश गरिएको छ भने दोस्रो खण्डमा लेख, रचना र अन्तर्वार्ता समावेश गरिएको छ ।

ईश्वरचन्द्र ज्ञवाली र अन्य (२०६५) द्वारा सम्पादित **कृष्ण सेन 'इच्छुक' स्मृतिग्रन्थ** पहिलो खण्डमा जीवनवृत र व्यक्तित्व दोस्रो खण्डमा उनका कृति र ती कृतिमाथि गरिएका समालोचनाहरू, तेस्रो खण्डमा संस्मरणहरू र चौथो खण्डमा टिप्पणी र विविधपक्षलाई समावेश

गरिएको छ । यस ग्रन्थभित्रका धेरैजसो रचनाहरू पूर्वप्रकाशित छन् र त्यहाँ साभारको रूपमा राखिएको छ । यस ग्रन्थले 'इच्छुक' लाई गहिरो र गम्भीर रूपमा बुझ्न ठूलो सहयोग पुऱ्याएको छ ।

**नौलो बिहानी** (२०६५) पत्रिकाले असार-साउन अङ्कलाई कृष्ण सेन विशेषाङ्कका रूपमा प्रकाशित गरेको छ । यसमा ३८ जना लेखकका इच्छुकको जीवनी, व्यक्तित्व र कृतित्वमाथि लेखिएका लेखहरू रहेका छन् । यो पत्रिका इच्छुकको बारेमा जान्न र बुझ्न चाहनेहरूका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ ।

हेमनाथ पौडेल (२०६५) ले **प्रगतिवादी दृष्टिमा कवि र कविता**मा अटल निष्ठा र बलिदानका प्रतिमूर्ति कवि कृष्ण सेन इच्छुक भनी टिप्पणी गरेका छन् ।

सुरेश रानाभाट (२०६५) ले **कवि कृष्ण सेन 'इच्छुक' को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** (अप्रकाशित शोधपत्र) मा इच्छुकको जीवनी, व्यक्तित्व र कृतित्वको विवेचना गरेका छन् । उनले इच्छुकका तीनवटै कृतिको सामान्य विवेचना गरेका छन् भने पृष्ठ ७६ मा **इतिहासको यस घडीमा** कविता सङ्ग्रहभित्रका कविताहरू शोषक-सामन्त वर्गले राज्यसत्ता सम्हालिरहेको नेपाली परिवेशका वर्गसङ्घर्ष, जनसङ्घर्ष एवम् वर्गयुद्धका भावधारासँग आबद्ध भई नेपाली नयाँ जनवादी क्रान्तिको दिशासँग प्रतिबद्ध भएर आएको बताएका छन् ।

चैतन्यले **समीक्षा र सौन्दर्य** (२०६५) को 'इच्छुकको साहित्यिक व्यक्तित्व र कृतित्व : एक सङ्क्षिप्त मूल्याङ्कन' भन्ने लेखमा इच्छुकको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी उनका विभिन्न प्रवृत्तिहरूको बारेमा चर्चा गरेका छन् ।

**इच्छुक रचनावली भाग २** (२०६५) को प्रकाशकीयमा इच्छुकका कवितालाई नेपाली साहित्यका सुन्दर सृष्टि र आदर्श बिम्बका अनुपम सौन्दर्य ठान्दै उनको साहित्यिक जीवनलाई तीन आयाममा देखाइएको छ ।

चैतन्यले **इच्छुक रचनावली भाग २** (२०६५) को भूमिकामा इच्छुकका कविताहरूमा नेपाली वर्गसङ्घर्ष र जनयुद्धका उदात्त भावधारा र महागाथाहरू अङ्कित हुनुका साथै आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगका वर्गसङ्घर्ष र वर्गयुद्धको तुफानी केन्द्रमा उभिएर रचिएका इच्छुकका कविताहरूको यो सङ्कलन समाजवादी यथार्थवादलाई संवहन गर्ने वर्तमान युगको प्रतिनिधिमूलक कविता सङ्ग्रह भएको बताएका छन् ।

उपर्युक्त पूर्वकार्य बाहेक विभिन्न पत्रपत्रिका **जनादेश**, **जनदिशा**, **कलम**, **जलजला**, **महिमा**, **नयाँपत्रिका**, **कान्तिपुर** लगायतका पत्रपत्रिकामा उनी र उनका कृतित्वका बारेमा लेखिएका फुटकर लेखरचनाहरू छापिएका छन् ।

यसरी हेर्दा करीब तीन दशक लामो कविता साधनामा जीवन बिताउने 'इच्छुक'को कविता लेखनबाट प्राप्त उपलब्धि र अनुपलब्धि, उनको काव्य सौन्दर्यको विकास र चरणगत प्रवृत्ति आदिको अध्ययन र उनका सम्पूर्ण कविताहरूको विश्लेषण, मूल्याङ्कन हुन नसकेको स्पष्ट

रूपमा देख्न सकिन्छ । यसै पृष्ठभूमिमा प्रस्तुत शोधकार्यमा इच्छुकका फुटकर कविताहरूको अध्ययन गरी तिनका प्रवृत्तिहरूको विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

कवि कृष्ण सेन इच्छुकका कविताहरूले नेपाली कविताको इतिहासमा महत्त्वपूर्ण योगदान दिएका छन् । इच्छुक र **बन्दी र चन्द्रागिरि**माथि चर्चा परिचर्चा भएको भए पनि उनका कविताहरूको अध्ययन भएको पाइँदैन । ओझेलमा रहेका उनका कविताहरूको व्यवस्थित ढङ्गले व्यापक अध्ययन-अनुसन्धान गरिनु स्वतः औचित्यपूर्ण देखिन्छ । नेपाली कविताको विकासमा इच्छुकले पुऱ्याएको योगदानलाई मूल्याङ्कन गर्न र आउने पिँढीलाई इच्छुकले नेपाली साहित्यमा दिएको योगदानको महत्त्व बुझ्न, प्रस्तुत कविताहरूको मूल्याङ्कन गर्न, कवि इच्छुकका बारेमा जान्न यस शोधपत्रले ठूलो सहयोग पुऱ्याउनु महत्त्वपूर्ण कार्य हो । यसकारणले गर्दा प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधकार्यका सीमा

कवि कृष्ण सेन इच्छुकका **शोकाञ्जली** (२०४८), **बन्दी र चन्द्रागिरि** (२०५७), **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** (२०६५), **आरम्भिक कविता** (२०६५) जस्ता कविताकृति प्रकाशित भएका छन् । यसबाहेक उनले अन्य साहित्यिक र साहित्येतर विधामा समेत कलम चलाएका छन् । यस शोधपत्रमा उनका **इच्छुक रचनावली भाग–२** मा सङ्कलित **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** (२०६५) र **आरम्भिक कविता** (२०६५) कविता सङ्ग्रहका फुटकर कविताहरूको अध्ययन एवम् विश्लेषण गरिएको छ । अन्य काव्यकृति एवम् साहित्यिक र साहित्येतर लेख रचनाहरूको विश्लेषण यस शोधपत्रमा नगरिनु नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि सामग्री सङ्कलन गर्दा मूलतः पुस्तकालयीय अध्ययन पद्धति प्रयोग गरिएको छ । यसका साथै कविका आफन्त, सहयोद्धा र समकालीन साहित्यकारहरूसँग प्रत्यक्ष रूपमा भेटी आवश्यक जानकारी र सामग्री लिइएको छ । इच्छुक र उनका कविता एवम् कृतिका बारेमा गरिएका समीक्षा र टिप्पणीहरूको सहयोग लिनाका साथै कविता विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक आधार र विभिन्न साहित्यिक विद्वान्हरूका सुझावलाई पनि सामग्री सङ्कलनका आधारहरू बनाइएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार तथा ढाँचा

यस शोधकार्यमा मूलतः विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । कविताको विश्लेषण गर्दा कविता सिद्धान्त, प्रगतिवादी कलामूल्य, मार्क्सवादी सौन्दर्य चिन्तन र प्रचण्डपथीय सौन्दर्यशास्त्रका मापदण्ड प्रयोग गरिएको छ । यसका साथै इच्छुकका कविता सृजनाको

पृष्ठभूमिमा रहेका सन्दर्भहरू, उनले बाँचेको युग, देशको राजनैतिक, सामाजिक अवस्था आदिलाई कविता विश्लेषणका आधारमा पहिल्याउने प्रयास गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई स्पष्ट, व्यवस्थित र सुसङ्गठित बनाउन विषयवस्तु अनुसारका परिच्छेद र शीर्षक दिइएको छ । यस शोधपत्रको संरचनालाई निम्नानुसारका छ परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : इच्छुकको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : इच्छुकको कविता यात्रा र कविता सिर्जनाको स्थिति

चौथो परिच्छेद : इच्छुकका कविताको विश्लेषण

पाँचौं परिच्छेद : इच्छुकका कवितागत प्रवृत्तिहरू

छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# इच्छुकको सङ्क्षिप्त परिचय

## २.१ जन्म र जन्मस्थान

कवि कृष्ण सेन इच्छुकको जन्म कुन साल, महिना र गतेका दिन भएको हो भन्ने सम्बन्धमा प्रशस्त विवादहरू रहेका छन् । नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक प्रमाणपत्रहरूका अनुसार उनको जन्म वि.सं. २०१४ मङ्सिर २६ गते भएको देखिन्छ । उनले आफ्ना लेख, रचना र प्राय पुस्तकहरूमा २०१३ कार्तिक १३ आफ्नो जन्ममिति उल्लेख गरेका छन् । सुकुम शर्माले २०१३ कार्तिक ३ गते (शर्मा, २०६० : २) उल्लेख गरेका छन् । इच्छुककी श्रीमतीले २०१३ सालमा उनको जन्म भएको बताए पनि महिना र गतेका सम्बन्धमा आफूलाई स्पष्ट नभएको जानकारी दिएकी छन् (तक्मा के.सी. बाट प्राप्त जानकारी) । उनको जन्म पिता यमबहादुर सेन र माता भीमकुमारी सेनका कोखबाट जेठा छोराका रूपमा भारतको देहरादूनमा भएको थियो । उनका पिता भारतीय सेनामा जागिरे थिए (तक्मा के.सी. बाट प्राप्त जानकारी) । उनका हजुरबुवा भीमबहादुर सेन रोल्पाका गजुरकोटबाट प्युठानको साराङकोट भन्ने स्थानमा बसाइँ सरेर आएका थिए । उनको स्थानीय घर भने अर्घाखाँची जिल्लाको जलुके गा.वि.स. वडा नं. सातमा पर्ने सातमारा भन्ने ठाउँमा हो तर पनि प्रारम्भमा उनको कर्मस्थल दाङ देउखुरी हो । उनको वास्तविक नाम कृष्णबहादुर सेन भए पनि साहित्यका क्षेत्रमा उनी कृष्ण सेन इच्छुक उपनामले परिचित छन् ।

## २.२ बाल्यकाल

पिता यमबहादुर सेन भारतीय सेनामा जागिरे छँदै यिनको जन्म पनि भारतको देहरादूनमा भएको थियो । उनको बाल्यकाल केही वर्ष देहरादून र बाबु जागिरेबाट गोरखपुर सरुवा भएपछि केही वर्ष गोरखपुरमा पनि बितेको देखिन्छ । बाल्यकालका रमाइला दिनहरू भारतीय भूमि देहरादून र गोरखपुरमा बित्दै गर्दा २०१९ सालमा सपरिवार नेपाल फर्केको देखिन्छ । पाँच वर्ष बाल्यकाल भारतीय भूमिमा र बाँकी बाल्यकाल नेपाली भूमिमा बितेको देखिन्छ । २०१९ सालमा यिनकी आमा भीमकुमारी सेनको मृत्यु भएपछि यिनका बुवाले अर्को विवाह गरे र यिनले सौतेनी आमासमेत बेहोर्नु पऱ्यो (तक्मा के.सी. बाट प्राप्त जानकारी) । इच्छुकको जीवनमा बाल्यकालदेखि नै दुःख, पीडा, सास्ती र वेदनाका दिनहरू उदाएको देखिन्छ । मातृवियोगको पीडा र सौतेनी आमाको लालनपालनले गर्दा उनी बढी संवेदनशील, भावुक र कल्पनाप्रेमी स्वभावका बने । गरिबी, अभाव र विपन्नताका बीच हुर्कदै र समाजमा ठूलाठालु, शोषक-फटाहा, धनीमानीका रोब रबाफ र उत्पीडनका पीडाहरू खप्दै अरू गरिबमाथि भएका शोषण, अन्याय र अत्याचारलाई देखेर उनी सानैदेखि विद्रोही र अन्यायका विरोधी बनेको देखिन्छ (ज्ञवाली, २०६० : ४) ।

## २.३ शिक्षादीक्षा

कृष्ण सेन इच्छुकको बाल्यकाल भारतको गोरखपुरमा बितिरहँदा त्यहीँको विद्यालयमा राम्रोसँग अक्षर चिन्न नपाउँदै वि.सं. २०१९ मा सपरिवार नेपाल फर्किनुपऱ्यो । नेपाल फर्किएपछि मातृमृत्युको पीडासँगै बुवा र सौतेनी आमाको रेखदेखमा औपचारिक शिक्षारम्भ दाङ जिल्लाको देउखुरीस्थित श्री आदर्श माध्यमिक विद्यालयबाट भयो । त्यहाँबाट उनले कक्षा आठसम्मको अध्ययन पूरा गरे । कक्षा नौ र दशको अध्ययन भने दाङकै श्री सरस्वती माध्यमिक विद्यालय गोबडियामा गरी त्यहीँबाट २०३२ सालमा प्रवेशिका परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरे । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उच्च शिक्षा आर्जन गरी सांस्कृतिक क्षेत्रमा योगदान दिने चाहना हुँदाहुँदै पनि घरको जर्जर आर्थिक अवस्थाका कारण केही समय अध्ययनलाई स्थगित गरी दाङको कोइलाबासस्थित साल्ट ट्रेडिङ कर्पोरेसनमा जागिर खान सुरु गरे । यद्यपि उनमा त्यस जागिरप्रति घृणाभाव थियो (गिरी, २०६४ : १०६) । जागिर छोडेपछि इच्छुकले भारतको बनारसबाट प्राइभेट रूपमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरे । वि.सं. २०३५/०३६ को विद्यार्थी आन्दोलनमा उनी समातिए । छुटेपछि दाङको महेन्द्र क्याम्पसमा अङ्ग्रेजी मूल विषय लिई स्नातक पढ्न सुरु गरे । क्याम्पस पढ्दा-पढ्दै विद्यार्थी र पार्टी राजनीतिमा सक्रिय भइरहँदा वि.सं. २०३९ सालमा पक्राउ परेपछि उनको पढाइ अस्तव्यस्त भएको देखिन्छ । जेलबाट छुटेपछि २०४४ सालमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र क्याम्पस, कीर्तिपुरमा बी.एड्.मा भर्ना भई २०४७ सालमा पूरा गरे । इच्छुकले जेलभित्रैबाट एम्.ए. नेपाली विषयको परीक्षा दिन २०५७ सालमा फारम भरेका थिए तर तत्कालीन प्रजातान्त्रिक भनाउँदो निरङ्कुश शैलीको सरकारले अत्यन्तै पूर्वाग्रह भएर जाँच दिन पाउने अधिकारबाट पनि उनलाई वञ्चित गरायो । एम्.ए. नेपालीको तयारी जेलभित्रबाटै गरे पनि पूरा गर्न भने पाएनन् (गिरी, २०६४ : १०६) । यसप्रकार इच्छुकले आर्थिक विपन्नताका बावजुद पनि औपचारिक शिक्षा, जागिरे जीवन, जेलजीवन सँगसँगै एम्.ए. सम्मको उच्चशिक्षा अध्ययन गरेका छन् ।

## २.४ आर्थिक अवस्था र जागिरे जीवन

कृष्ण सेन इच्छुकको आर्थिक स्थिति निम्न मध्यमवर्गीय स्तरको देखिन्छ । उनको परिवारले कडा मिहिनेत र परिश्रम गरेर जीविका चलाउनु परेको थियो । आर्थिक विपन्नताकै कारण उनका दुई भाइहरूको निधन भयो (थापा, २०६५ : १२) । बाल्यकालमा बाबुको जागिर हुँदासम्म आर्थिक अवस्था राम्रै थियो तर उनी युवा अवस्थामा आइपुग्दा आर्थिक अवस्था खस्केको देखिन्छ । प्रवेशिका परीक्षा उत्तीर्णपश्चात कमजोर र जर्जर आर्थिक दूरावस्थाका कारण उच्च शिक्षा हासिल गर्नतर्फ नलागी साल्ट ट्रेडिङ कर्पोरेसन कोइलाबासमा लेखापालको जागिर खाएका थिए । त्यतिबेला उनीसँग जागिर खानुभन्दा अर्को विकल्प नै थिएन । परिवारको जेठो छोरो हुनु, भाइहरू सानै हुनु र आम्दानीको भरपर्दो माध्यम नहुनु नै जागिर खानुपर्ने उनको बाध्यता थियो; कुनै रहर होइन (गिरी, २०६४ : १०६) । इच्छुकले कोइलाबासमा दुई वर्ष जागिर खाएका थिए । जागिरमा रहँदा कर्मचारीतन्त्रमाथिको कमिसनतन्त्रप्रति चित्त नबुझेकै कारण उनले जागिर छोड्नुपरेको थियो । उनका लागि जागिर सर्वाधिक घृणाको विषय बनेको थियो । गरिबी, अभाव र कमजोर आर्थिक अवस्थामै जागिर छोडे पनि उनी साहित्य, पत्रकारिता, राजनीति र सांस्कृतिक क्षेत्रमा क्रियाशील रहँदै उनले जीवनभर नै जागिर खाएनन् ।

## २.५ साहित्यिक प्रेरणा र प्रभाव

कृष्ण सेन इच्छुकलाई साहित्यमा कुनै एउटा व्यक्ति विशेषले विशेष प्रभाव नपारी उनले अध्ययन गरेको दाङ देउखुरीस्थित लालमटिया विद्यालयको साहित्यिक वातावरण, पढाउने सम्पूर्ण शिक्षक-शिक्षिकाहरू र विद्यालयमा सम्पन्न साहित्यिक गोष्ठीले प्रभाव पारेको छ । उनलाई साहित्यिक क्षेत्रमा लाग्न र प्रगतिशील रचनाहरू प्रकाशित गरेर प्रगतिवादी फाँटमा उभ्याउने व्यक्ति नारायणप्रसाद शर्मा हुन् (सुवेदी, २०६४ : २००) । उनलाई मनपर्ने साहित्यकारहरू लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपी शेरचन, पारिजात, खगेन्द्र सङ्ग्रौला र विदेशी साहित्यकारहरू एन्टोन चेखब, म्याक्सिम गोर्की, मुक्तिबोध, अवतारसिंह पास, पाब्लो नेरुदा आदि हुन् (रानाभाट, २०६५ : ४८) । यसबाहेक उनले जीवनमा भोगेका अनुभव, सामन्तवादबाट हुने शोषण, अन्याय, अत्याचार तथा आर्थिक विपन्नताले पनि साहित्य लेखनमा प्रभाव पारेको छ । बाल्यकालमै मातृवियोगमा परेपछि र सौतेनी आमाको रूखोसुखो व्यवहारबाट पनि उनी भावुक बनेको र साहित्यतर्फ मोडिएको देखिन्छ .

## २.६ पेसागत संलग्नता

कृष्ण सेन इच्छुक प्रतिभाशाली व्यक्ति भएकाले विभिन्न पेसामा संलग्न भएका देखिन्छन् । उनले प्रवेशिका उत्तीर्ण गर्ने बित्तिकै वि.सं. २०३२ सालदेखि २०३५/०३६ सालसम्म साल्ट ट्रेडिङ कर्पोरेसन कोइलाबासमा लेखापालका रूपमा कर्मचारी भएर काम गरेका थिए । त्यतिबेलादेखि नै इच्छुकका साहित्यिक रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुन थालिसकेका थिए । उनी राजनीतिमा संलग्न हुँदैजाँदा **योजना** (२०४५) साप्ताहिक पत्रिकामा सहयोगी पत्रकारका रूपमा काम गरेका थिए । वि.सं. २०४७ देखि **जनादेश** साप्ताहिक पत्रिकाको सम्पादक भएर काम गरे भने २०५० देखि २०५५ सम्म प्रगतिशील साहित्यको प्रतिनिधि पत्रिका **कलम**को प्रधान सम्पादक भएर काम गरेका छन् (सुवेदी, २०६४ : १९९) । त्यसपछि उनले **जनदिशा** दैनिकी पत्रिकाको प्रधान सम्पादकका रूपमा केही महिना काम गरेका थिए । यसबाहेक **ज्वाला**, **महिमा**, **पृष्ठभूमि**जस्ता पत्रपत्रिकामा योगदान दिएको पाइन्छ । उनी अखिल नेपाल जनसांस्कृतिक सङ्घका अध्यक्ष, नेपाल पत्रकार महासङ्घको केन्द्रीय पार्षद, प्रलेसको केन्द्रीय पार्षद, दक्षिण एशियाली क्षेत्रीय पत्रकार सङ्घका सदस्य पनि भएको देखिन्छ । यसरी उनी विभिन्न पेसामा संलग्न रहेको पाइन्छ ।

## २.७ विवाह र सन्तान

कृष्ण सेन इच्छुकको विवाह वि.सं. २०४८ साल माघ ११ गते तक्मा के.सी. सँग भएको हो । विवाहपूर्व तक्मा के.सी. को इच्छुकसँग बोलचाल नभएको भए पनि दाङको भरतपुर क्याम्पसमा आफ्नै दाजुको सहपाठी साथी भएकोले २०३७ सालतिरै चिनजान भएको थियो (तक्मा के.सी. बाट प्राप्त जानकारी) । इच्छुकको लेखन र सरलपनबाट तक्मा आकर्षित एवम् प्रेरित थिइन् । २०४५ सालमै विवाहको कुरा चले पनि इच्छुक पक्राउ परेर नौ महिनासम्म जेलजीवन

भोग्नु परेकाले विवाह पछि सऱ्यो । विवाहका मामिलामा सङ्कुचित हुने इच्छुकलाई राजी बनाउन र विवाहको सहज वातावरण मिलाउन अमर गिरी र केशवराज शर्माले महत्त्वपूर्ण भूमिका खेलेका थिए । उनको विवाह क्रान्तिकारी विचारधाराबाट प्रेरित थियो यद्यपि प्रेमविवाह भने थिएन (के.सी., २०६४ : ४६) । साहित्य, पत्रकारिता, राजनीति र सांस्कृतिक क्षेत्रमा क्रियाशील इच्छुकको दाम्पत्य जीवन विवाहपछि अव्यवस्थित बनेको थियो । तक्मा के.सी. २०४८ देखि २०५३ सम्म जागिरको सिलसिलामा नेपालगञ्ज रहनुपऱ्यो भने इच्छुकको बसाइँ काठमाडौँमा थियो । उनकी एकमात्र सन्तान समीक्षा सेन वि.सं. २०५० सालमा जन्मेकी थिइन् ।

## २.८ स्वभाव र रुचि

कृष्ण सेन इच्छुक अत्यन्त सरल, लगनशील, इमान्दार र सहयोगी स्वभावका थिए (के.सी., २०६४ : ४८) । उनी नम्र बोलीवचन, प्रौढ आनीबानी, स्पष्ट, सफा, निष्कलङ्क र वादविवादरहित व्यवहार, मृदुभाषी, सभ्य र सुसंस्कृत स्वभाव भएका व्यक्ति हुन् । लोभ, पाप, द्वेष, इर्ष्यारहित निस्वार्थ स्वभावका व्यक्तित्वका रूपमा उनी देखिएका छन् । उच्च शिक्षा हासिल गरेका इच्छुक सिर्जना र अध्ययनतर्फ गम्भीर स्वभावका थिए । विद्यार्थी जीवनदेखि साहित्य सिर्जना र राजनीतिमा लाग्नु उनको मुख्य रुचिको विषय देखिन्छ । उनले विभिन्न स्थानहरूको भ्रमण अवलोकन गर्नमा पनि रुचि राख्दथे । कुनै त्यस्तो अम्मल सेवन नगर्ने इच्छुकलाई रातो रङ अत्यन्तै मन पर्थ्यो । खानामा मासुका विविध परिकारहरू मन पराउने इच्छुकले मासु ल्याएका बखत आफैले पकाउन रुचि राख्ने गरेको पाइन्छ ( रानाभाट, २०६५ : ३२) । बेलुका छिटो सुत्ने र बिहान सबेरै उठ्ने बानी भएका इच्छुक बिहानीको एकान्त र शान्त वातावरणमा सिर्जना गर्न रुचाउँथे । सिर्जनाका बेला गुनगुनाउने र लेखिसकेपछि परिवारलाई सुनाउने साथै प्रतिक्रिया दिएपछि परिष्कार र परिमार्जन गर्ने उनको बानी थियो । प्रगतिवादी लेखन र लेखन अनुसारकै जीवनशैली निर्माण गर्नुतर्फ उनको रुचि थियो ।

## २.९ पुरस्कार र सम्मान

कवि कृष्ण सेन इच्छुकले साहित्यिक जीवनमा सिर्जनात्मक योगदान गरेबापत थुप्रै पुरस्कार र सम्मान प्राप्त गरेका छन् । इच्छुकका काव्यकृति र सिर्जनात्मक योगदानको कदर गर्दै राप्ती साहित्य परिषद् दाङले 'यादव प्रतिभा पुरस्कार' २०४८ ले सम्मानित गरेको थियो । यसैगरी 'साहित्य सन्ध्या पुरस्कार' (२०५७), 'स्रष्टा पुरस्कार' (२०५८), 'साहित्य-सङ्गम चितवन सम्मान' (२०५८) बाट पनि उनी सम्मानित भएका थिए । हत्यापछि उनको योगदानको महत्त्व झन् बढेर गएका कारण 'लोकेन्द्र स्मृति पुरस्कार' (२०५९), 'प्रगतिशील लेखक सङ्घ नेपाल सम्मान' (२०५९), 'नेत्रलाल अभागी सम्मान' (२०६०), प्रलेस दाङद्वारा 'प्रगतिशील साहित्य पुरस्कार' (२०६४), 'प्रेस स्वतन्त्रता सेनानी पुरस्कार' (२०६५) द्वारा सम्मानित गरिएको छ । उनको हत्यापछि नेकपा माओवादीले 'महान सांस्कृतिक सहिद' को रूपमा घोषणा गरेको छ । उनकै नाममा वि.सं. २०६० भदौदेखि क्रान्तिकारी पत्रकारिताको अनलाइन संस्करण 'कृष्ण सेन अनलाइन' सञ्चालन गरिएको छ । कृष्ण सेन स्मृति प्रकाशनद्वारा **जनदिशा** दैनिक प्रकाशित भइरहेको छ । नवलपरासीको सैनामैनामा रहेको जनमुक्ति सेनाको एउटा फौजको नाम 'कृष्ण सेन स्मृति ब्रिगेड' राखिएको छ । ताम्सालिङमा २०६३ सालमा 'सेनच्याङ सांस्कृतिक परिवार' र भेरी कर्णालीमा 'इच्छुक जनसांस्कृतिक परिवार' गठन गरी क्रियाशीलसमेत छन् । यिनका अलवा 'इच्छुक सांस्कृतिक सङ्गम', 'सेन सांस्कृतिक परिवार' का साथै २०६३ साल फागुनमा 'इच्छुक सांस्कृतिक प्रतिष्ठान' समेत गठन गरिएको छ । यस प्रतिष्ठानले इच्छुकका प्रकाशित दुई काव्यकृति **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि**लाई सम्पादन गरेर २०६४ सालमा **इच्छुक रचनावली**

**भाग १** प्रकाशन गरेको छ । त्यसैगरी इच्छुक रचित तीनवटा कविता सङ्ग्रह **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता**लाई सम्पादन गरी २०६५ सालमा **इच्छुक रचनावली भाग २** र इच्छुकका विभिन्न गद्यरचनाहरूलाई सम्पादन गरी **इच्छुक रचनावली भाग ३** २०६६ सालमा प्रकाशन गरेको छ । यसले उनकै नाममा 'इच्छुक कला पुरस्कार' र 'इच्छुक स्रष्टा पुरस्कार' समेत स्थापना गरेको छ । उनको स्थायी घर जलुके-७, सातमारामा 'इच्छुक पार्क' बन्दै छ । उनकै नाममा 'साहसिक पत्रकारिता पुरस्कार' को घोषणा भएको छ । भेरी-कर्णालीमा वर्षको एकपटक 'इच्छुक मेला' लाग्ने गर्दछ (धिताल, २०६४ : ५-१५) ।

## २.१० जीवनदृष्टि

जीवनलाई सङ्घर्षका रूपमा हेर्ने इच्छुकले द्वन्द्वात्मक भौतिकवादी जीवनदृष्टिलाई आत्मसात गरेका छन् । उनले साहित्यलाई सङ्घर्षशील जीवनको कलात्मक अभिव्यक्तिका रूपमा लिएका छन् । मार्क्सवादी जीवनपद्धति अनुसार उनले सरल र सादापनलाई आफ्नो पहिचान बनाएका छन् भने शब्द र कर्ममा सामञ्जस्य ल्याउनु उनको जीवनदर्शन हो । साम्यवादप्रति अटल आस्था र संस्कारमा त्यही आदर्श र आस्थाको सुरक्षार्थ मृत्युमै पनि सौन्दर्य देख्ने उनको उदात्त जीवन दृष्टि हो (पाण्डेय, २०६५ : ४६-४९) । इच्छुकको लेखनी बहुसङ्ख्यक सर्वहारावर्ग र श्रमजीवी जनताप्रति प्रतिबद्ध छ । कवि इच्छुकमा बहुसङ्ख्यक जनताको सुन्दर सुख र संमृद्ध संसारको उदय नभएसम्म हामी बाँचेको यो वर्गविभाजित विसम समाज नै सभ्य मानवका निम्ति महाजेल हुने, नलडी जितिदैन, जित्नका लागि लड्नै पर्छ (इच्छुक, २०६६ : ८५) भन्ने जीवनदृष्टि छ । मार्क्सवादी चिन्तन र राजनीतिदेखि मुक्त विशुद्ध साहित्यलाई बौद्धिक विलास र बुर्जुवावर्गको प्रलाप मात्र हो भन्ने सेन मार्क्सवादी चिन्तन र दृष्टिकोण अनुसार साहित्यमा विचारपक्ष आउनुपर्छ भन्ने मान्यता राख्छन् । इच्छुकको विचारमा समाजको दर्पण र सामाजिक यथार्थको कलात्मक प्रतिबिम्बनका रूपमा रहेको साहित्य आफ्नो समयको युगचेतना र युगबोध हो (इच्छुक, २०६६ : १०२) .

## २.११ व्यक्तित्व

नेपाली साहित्यका कवि साहित्यकारमध्ये कृष्ण सेन इच्छुक विविध व्यक्तित्वका धनी छन् । उनी कवि व्यक्तित्व, राजनीतिक व्यक्तित्व, पत्रकार व्यक्तित्व, सम्पादक व्यक्तित्व, अनुवादक व्यक्तित्व, कर्मचारी व्यक्तित्व, सामाजिक व्यक्तित्व, सांस्कृतिक व्यक्तित्व, अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा विशेष परिचित छन् । यहाँ उनका व्यक्तित्वका विविध पक्षहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

### २.११.१ कवि व्यक्तित्व

कृष्ण सेन इच्छुकले २०३२ सालदेखि कविता विधामा औपचारिक रूपमा कलम चलाएको देखिन्छ । उनको पहिलो कविता 'भोलिप्रति' **मातृभूमि** साप्ताहिकमा प्रकाशित भएको थियो (चैतन्य, २०६५ : १२५) । इच्छुकलाई कवि व्यक्तित्वका रूपमा चिनाउने प्रकाशित पुस्तकाकार कृतिहरू **शोकाञ्जली** खण्डकाव्य (२०४८) र **बन्दी र चन्द्रागिरि** खण्डकाव्य (२०५७) गरी दुईवटा खण्डकाव्य र **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** र **आरम्भिक कविता**जस्ता कविता सङ्ग्रहहरू हुन् जुन **इच्छुक रचनावली भाग २** (२०६५) मा प्रकाशित छन् । **पर्खालभित्रका बन्द आवाजहरू** कविता सङ्ग्रह लेखेको जानकारी भए पनि अप्राप्त छ । यसबाहेक विभिन्न पत्रपत्रिकाहरू **कलम**, **वेदना**, **जनादेश**, **जनआव्हान**, **जनएकता**, **मूल्याङ्कन**, **त्रिकोण**, **युगबोध**, **जनधारणा**, **उत्साह**, **योजना** आदिमा यिनका फुटकर कविताहरू प्रकाशित भएका छन् । इच्छुक भण्डै तीन दशक लामो समयसम्म कविता-काव्य सिर्जनामा संलग्न भई प्रगतिवादी कविताका

सशक्त स्रष्टाका रूपमा आफूलाई परिचित गराएका छन् जसले गर्दा उनको प्रमुख व्यक्तित्व कवि व्यक्तित्व नै हो ।

उनले आफ्ना कविताहरूमा सामाजिक अन्याय, अत्याचार, उत्पीडन, दमन, शोषण र विसङ्गतिपूर्ण राजनीतिक अवस्थाप्रति बुलन्द आवाज उठाएका छन् । जेलभित्र रहेर पनि कविता काव्यका माध्यमद्वारा वर्गीय मुक्तिको आवाज बुलन्द गर्न उनी पछि परेका छैनन् । सरल भाषा, गहन र क्रान्तिकारी विचार, भावको सम्प्रेषणले युक्त उनका कविता मुक्त छन्दमा रचिएका भए पनि गीतिमय छन् । वर्गीय सङ्घर्ष र द्वन्द्वलाई कलात्मक शैलीमा अभिव्यक्त गर्नु उनको काव्यिक विशेषता हो । उनका कवितामा मार्क्सवादी विचार र कलादृष्टि एवम् प्रचण्डपथीय सौन्दर्य शास्त्रको वकालत, मातृभूमि र क्रान्तिप्रतिको अगाध प्रेम, सहिद, श्रम र नारी अस्मिताको सम्मान, समाजका विकृति र विसङ्गतिप्रति विद्रोह, गरिबीका कारण विदेश पलायन हुनुपर्ने बाध्यता, नारीविद्रोह, आर्थिक दूरावस्था, क्रान्तिप्रति सरकारको जर्जर दमन आदिलाई विषयवस्तु बनाइएको छ ।

### २.११.२ अन्य साहित्यिक व्यक्तित्व

साहित्यका क्षेत्रमा इच्छुक मूलतः कवि व्यक्तित्वको रूपमा परिचित भए पनि उनले आफ्नो साहित्यिक यात्राको आरम्भतिर फुटकर कथा तथा निबन्धहरू लेखेको पाइन्छ । वि.सं. २०३४ चैत्र १६ गतेको **युगबोध** पाक्षिकमा 'मुखै दोखी यो पेटै दोखी' निबन्ध प्रकाशित छ । तर उनको निरन्तरता र साधना बढीभन्दा बढी कविता विधामा नै रहेको छ (इच्छुक, २०६६ : १०६) । अन्य साहित्यिक विधाहरूमा केही लेख, चिठी, अनुभूतिपरक संस्मरण, कलाकृतिसम्बन्धी भूमिका, अन्तर्वार्ता, अनुवाद रहेका छन् । चिठी लेखनमा उनको विशेष खालको गहन अभिरुचि देखिन्छ ।

### २.११.३ राजनीतिक व्यक्तित्व

राजनीतिलाई साहित्यमार्फत् अभिव्यक्त गर्ने इच्छुकले राजनीतिलाई पनि प्रमुखताका रूपमा अँगालेको पाइन्छ । उनको राजनीतिक व्यक्तित्व पनि स्थापित व्यक्तित्व हो । कुनै पनि विचारले व्यक्तिलाई प्रभावित गर्दछ । इच्छुक कम्युनिष्ट विचार धाराबाट प्रभावित थिए । दाङको लालमटिया माध्यमिक विद्यालयमा पढ्दादेखि नै उनी ने.क.पा. चौम (पछि मसाल, एकताकेन्द्र, माओवादी) सँग सम्बन्धित थिए । २०३५/०३६ सालको विद्यार्थी आन्दोलनमा सक्रिय हुँदा इच्छुक गिरफ्तार भए र १५ दिनसम्म घोराही कारागारमा बसेका थिए । २०३७ सालदेखि अनेरास्ववियू दाङको नेतृत्व गरेका इच्छुकले २०४४ सालमा जेलबाट छुटेपछि २०४५ सालमा अनेरास्ववियूको राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजक बने । २०४६ सालको जनआन्दोलनमा इच्छुकले पार्टीले दिएको जिम्मेवारी पश्चिम नेपालमै बसेर सम्हालेका थिए । २०४७ सालमा राप्ती क्षेत्रको तत्कालीन नेकपा मसालको पार्टी सचिव भएका थिए भने पार्टीको चुनावीमोर्चा संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य भएर जिम्मेवारी पूरा गरेका थिए । २०४८ सालमा क्रान्तिकारी वामपन्थी पार्टीहरूबीच राष्ट्रिय एकता सम्मेलनमा राप्तीबाट प्रतिनिधित्व गरेर आएका इच्छुकले केन्द्रीय

समितिको सदस्य बन्न अस्वीकार गरेको देखिन्छ । चितवनमा भएको प्लेनममा पनि केन्द्रीय समितिमा बस्न अस्वीकार गरी आफू सिर्जनात्मक कार्यमा लाग्ने बताएका थिए । ने.क.पा. माओवादीले २०५२ सालमा जनयुद्धको घोषणा गरेपछि सेनले त्यसमै सम्बद्ध रहेर आफ्नो राजनीतिक व्यक्तित्व अझ प्रखर बनाउँदै लगे । उनी बाँचुन्जेल केवल आफ्ना निम्ति मात्र बाँचेनन् राष्ट्र, देश र मानव जातिको मुक्तिका लागि बाँचे । यसै भावनाले इच्छुकलाई इमान्दार र निष्ठावान कम्युनिष्ट र बनाएको हो । २०५८ साल मङ्सिर ११ गते तत्कालीन सरकारले सङ्कटकाल घोषणा गरी 'रेड कर्नर नोटिस' र 'टाउकाको मूल्य तोक्दा उनी ने.क.पा. माओवादीको क्षेत्रीय ब्यूरो सदस्य थिए । पार्टीमा समर र कवीन्द्र उपनामले परिचित इच्छुक सुरुदेखि नै ने.क.पा. को मूलधारमा जोडिएर राजनीतिमा लागेका थिए (रानाभाट, २०६५ : ३०) । राजनीतिलाई समाज रूपान्तरणको माध्यम ठान्ने इच्छुक पार्टीभित्र पदका निम्ति तँछाड-मछाड गर्ने प्रवृत्तिका विरोधी थिए जसले गर्दा उनले ने.क.पा. माओवादीको केन्द्रीय समितिको पद अस्वीकार गरेका थिए । यसबाट उनी एउटा कुशल र आदर्श राजनीतिज्ञ थिए भन्ने कुरा स्पष्ट हुन्छ । २०५९ साल जेठ ६ गते सरकारद्वारा गिरफ्तार गरिएपछि बन्दी अवस्थामै उनको हत्या गरियो र उनको समग्र भौतिक राजनीतिक जीवन समाप्त भयो ।

### २.११.४ पत्रकार तथा सम्पादक व्यक्तित्व

कविता विधाबाट साहित्यिक यात्रा आरम्भ गरेका इच्छुक पत्रकार व्यक्तित्वका रूपमा पनि चर्चित भएका छन् । उनले शक्ति लम्सालद्वारा सम्पादित तथा प्रकाशित **योजना** साप्ताहिक (२०४५) मा सहयोगी पत्रकारका रूपमा कार्य गरेको देखिन्छ । यसैबाट उनको पत्रकारिता व्यक्तित्वको प्रारम्भ हुन्छ । यसै समयमा **महिमा**, **ज्वाला**, **पृष्ठभूमि**जस्ता पत्रिकामा पनि उनले काम गरेका छन् (रानाभाट, २०६५ : ३९) । उनले २०४९ सालदेखि २०५५ सालसम्म **जनादेश** साप्ताहिक पत्रिकाको सम्पादक भएर काम गरेका छन् । वि.सं. २०५० सालदेखि २०५५ सालसम्म उनले प्रगतिशील साहित्यको प्रतिनिधि पत्रिका **कलम**को सम्पादक भएर काम गरेका छन् (सुवेदी, २०६५ : १९९) । वि.सं. २०५५ साल पुष १९ गतेको **जनादेश** साप्ताहिकमा माओवादीले ललितपुरको भट्टेडाँडामा आक्रमण गरेको समाचार र तस्बीर छापी पत्रकारिताको भूमिका निर्वाह गरेको निहुँमा तत्कालीन सरकारले उनलाई निगरानीमा राख्यो । २०५६ साल वैशाख ६ गते इच्छुक सुन्धारा काठमाडौँबाट गिरफ्तार भई २२ महिनापछि रिहा भएका थिए । २०५८ साल भाद्र ८ गतेदेखि जनपक्षीय दैनिक पत्रिका **जनदिशा**को सम्पादक भएर तीन महिनासम्म काम गर्दा नगर्दै मङ्सिर ११ गते तत्कालीन सरकारले सङ्कटकाल लगाएपछि पत्रिका प्रकाशनमा पनि प्रतिबन्ध लाग्यो । छोटो समयमै पत्रकारहरू माझ परिचित र स्थापित हुन पुगेका सेन नेपाल पत्रकार महासङ्घको केन्द्रीय पार्षद र दक्षिण एशियाली क्षेत्रीय पत्रकार सङ्घका सदस्यसमेत भएका छन् । उत्पीडित वर्ग र जातिका पक्षमा सूचना सम्प्रेषण गर्ने कृष्ण सेन इच्छुकको पत्रकार व्यक्तित्व चर्चित बनेको थियो । उनी शालीन एवम् मर्यादित पत्रकार थिए । देशको असहज वातावरण एवम् तत्कालीन जटिल अवस्थामा पनि उनले पत्रकारिताका माध्यमबाट आफ्ना विचारहरू पाठक समक्ष सफल तरिकाले सम्प्रेषण गरी आफ्नो पत्रकारिता क्षमताको परिचय दिएका छन् । सङ्कटकालको

अवस्थामा पनि उनले भूमिगत रूपमा **जनादेश** साप्ताहिक पत्रिकाको प्रकाशन गरेर उच्च क्षमताको प्रदर्शन गरे । प्रतिबन्धित अवस्थामा पनि निडर भएर आफ्ना भावना एवम् जनपक्षीय सूचना सम्प्रेषण गरी उनी एक स्वतन्त्र, क्रान्तिकारी सेनानी एवम् पत्रकारका रूपमा उभिएका छन् । उनले जनपक्षीय पत्रिका **कलम**, **जनादेश** र **जनदिशा**मार्फत् प्रतिक्रियावादी शक्तिको आक्रमण र राज्यसत्ताको दमनकारी नीतिको भण्डाफोर गरेका छन् । आफूद्वारा सम्पादित पत्रिकामार्फत् उनी जनतालाई सही सूचना र विचार दिएका छन् । उनीद्वारा सम्पादित पत्रिका आजसम्म पनि प्रकाशित भइरहेका छन् ।

### २.११.५ अनुवादक व्यक्तित्व

कृष्ण सेन इच्छुक नेपाली हिन्दी, अङ्ग्रेजी, थारू भाषाका ज्ञाता थिए जसले गर्दा विभिन्न भाषामा लेखिएका लेख रचना र कविता अनुवाद गरेर अनुवादक व्यक्तित्वका रूपमा आफूलाई परिचित गराएका छन् । इच्छुकले एन. वेणुगोपाल, शशी प्रकाश, त्रिलोचन, अवतार सिंह पास, विजेन्द्र, पास्टर, निमोलर, विपुल चक्रवर्ती, कात्यायिनी, वरवर राव, माओत्से तुङ, जेम्स पेट्रास, कञ्चन कुमार, लुसुन, सत्यव्रत, ए.ए. ज्यानोदजस्ता विश्वप्रसिद लेखक र कविका कविता र साहित्यिक लेखहरू **कलम** र **जनादेश** पत्रिकामा अनुवाद गरी प्रकाशन गरेका छन् । यसबाट उनको अनुवादक व्यक्तित्व झल्किन्छ । यी बाहेक इच्छुकले विभिन्न कवि र लेखकहरूको समीक्षा एवम् समालोचना गरेर आफूलाई समीक्षक व्यक्तित्वका रूपमा पनि परिचित गराएका छन् ।

### २.११.६ कर्मचारी व्यक्तित्व

कृष्ण सेन इच्छुक घरको आर्थिक दूरावस्थाका कारण प्रवेशिका परीक्षा उत्तीर्ण गरेपश्चात् लगत्तै उच्च शिक्षा लिन सकेनन् । यस बीचमा उनले आर्थिक उपार्जनका लागि वि.सं. २०३२ देखि २०३५/०३६ सम्म दाङको कोइलाबासस्थित साल्ट ट्रेडिङ कर्पोरेसनमा लेखापालका रूपमा कर्मचारी भई काम गरेका थिए । कोइलाबासमा कर्मचारी हुँदा उनले राजनीतिलाई पनि सँगसँगै लगे । यसै समयमा उनले कर्मचारी हुँदा पनि गोरखपुरबाट पार्टीका दस्तावेज, सर्कुलर र अन्य सामग्रीहरू जिल्ला भित्र्याएर विशेष सहयोग पुऱ्याएका थिए । उनका लागि कर्मचारी जीवन रहर नभई बाध्यता र विकल्पको साधन थियो । कर्मचारी हुँदा कमिसन खानुपर्ने र त्यसो नगर्दा समकक्षीसँग बसेर काम गर्न अफठ्यारो भएपछि इच्छुकले कर्मचारी जीवनप्रति अत्यन्तै घृणाबोध गर्दथे .

### २.११.७ सामाजिक व्यक्तित्व

मार्क्सवादी दर्शन र कम्युनिष्ट राजनीतिप्रति गहिरो आस्था भएकै कारण कृष्ण सेन इच्छुकमा समाजबोध तीव्र थियो । हाम्रोजस्तो वर्गीय संरचना भएको समाजका बारेमा गम्भीर चासो र चिन्ता लिने इच्छुकको समाजसेवा अत्यन्तै चाहना र चासोको विषय थियो । साहित्य सिर्जना, राजनीति, पत्रकारिताजस्ता क्रियाकलापका माध्यमबाट समाजका विभिन्न क्षेत्रमा चासो र चिन्ता दर्साउनु इच्छुकको उत्कृष्ट अभिलाषा देखिन्छ । कला र संस्कृतिलाई समाजसेवाको उत्कृष्ट माध्यम ठान्ने इच्छुक प्रगतिशील लेखक सङ्घ नेपालका केन्द्रीय पार्षद, पत्रकार महासङ्घका केन्द्रीय पार्षद, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय अध्यक्ष भएर कला संस्कृतिसम्बन्धी सामाजिक जीवनमा देखापरेका थिए । **कलम** त्रैमासिकका सम्पादक, **जनादेश** साप्ताहिक र **जनदिशा** दैनिक पत्रिकाको सम्पादन गरेर आफ्नो सामाजिक जीवनको पाटोलाई फराकिलो बनाएका थिए । सर्वहारा वर्गीय संस्कृति एवम् कलाका पक्षमा कलम उठाउनु, दुश्मनका

विरुद्ध आजीवन लड्न होमिनु आदि कुराहरूले पनि इच्छुक प्रबल सामाजिक व्यक्तित्व हुन् भन्ने कुराको पुष्टि हुन्छ । उनमा सामाजिक चेत कति थियो भन्ने कुरा राजविराज कारागार, सप्तरीबाट आफ्नी जीवनसँगिनी तक्मा के.सी. लाई पठाएको पत्रको एउटा वाक्यांशलाई उदाहरणका रूपमा लिन सकिन्छ : "तिमीले नर्सिङ क्षेत्रको रूपमा समाजसेवाकै बाटो रोज्यौ भने मैले कला र संस्कृतिको क्षेत्रको रूपमा समाज र राष्ट्रकै बाटो रोजेको हुँ ।" (इच्छुक, २०६६ : १५४)

### २.११.८ सांस्कृतिक व्यक्तित्व

कृष्ण सेन इच्छुक नेपाली सांस्कृतिक आन्दोलनका शिखर पुरुष हुन् । पुरानो ध्वंश र नयाँ निर्माण भन्ने मूल मान्यताका साथ उनी सांस्कृतिक रूपान्तरणको प्रक्रियामा लागेका थिए । आफूलाई हार्दिकता, कोमलता, लचकता, विनयशीलता, शालीनता र शिष्टताका रूपमा परिचित गराउन सफल इच्छुक सुसंस्कृत मानवका परिचायक हुन् । विचार र व्यवहारमा तादात्म्य हुनाले उनी आफै सुसंस्कृत मानवका प्रतीक बनेका छन् । उनमा उच्च कल्पनाशीलता र संवेदनशीलता थियो जसले नयाँ संस्कृतिको निर्माणमा उत्प्रेरित गर्दथ्यो । गीत सङ्गीतमा पनि अत्यन्तै रुचि राख्ने इच्छुकले सङ्गीतका माध्यमबाट पनि नयाँ संस्कृतिको निर्माण गर्न सकिन्छ भन्ने विश्वास राख्दथे । यी कुराहरूले गर्दा इच्छुक अगुवा जनसंस्कृतिकर्मी, जनसंस्कृतिका वाहक र अवलम्बनकर्ता र सांस्कृतिक आन्दोलन हाँक्न सक्ने कुशल क्षमता भएका व्यक्ति हुन् भन्ने कुराको पुष्टि हुन्छ ।

### २.११.९ अन्तर्राष्ट्रिय व्यक्तित्व

कृष्ण सेन इच्छुकको व्यक्तित्व नेपालको भूगोलमा मात्र सीमित नरहेर अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा समेत विस्तार भएको छ । सन् २००१ नोभेम्बर ४ मा भारतको दिल्लीमा आयोजित 'क्रान्तिकारी आन्दोलन र मिडियाको भूमिका' विषयक सेमिनारमा उनले नेपालको प्रतिनिधित्व गरेका थिए । उक्त सेमिनारमा इच्छुकले 'क्रान्तिकारी जनसङ्घर्ष र मिडियाको भूमिका' शीर्षकको कार्यपत्र प्रस्तुत गरेका थिए । त्यस सेमिनारले नेपालका पार्थ क्षेत्रीको नेतृत्वमा दक्षिण एशियाली पत्रकार सङ्घको गठन गरेको थियो; जसको सदस्यका रूपमा इच्छुकसमेत रहेका थिए । कृष्ण सेन इच्छुकको व्यक्तित्वका बारेमा भारतका वरिष्ठ पत्रकार आनन्दस्वरूप बर्माले- उनको जीवनजस्तै साहित्य र पत्रकारिता भएको र उनीभित्र निर्भीकता, साहस, आशावादिता र दृढ इच्छाशक्ति थियो भनेर चर्चा गरेका छन् । उनको व्यक्तित्वका बारेमा वरिष्ठ भारतीय लेखक गौतम नवलेखाले इच्छुकलाई नेपालका नामी जनपक्षीय साहित्यकार मात्र नभएर विश्वभरिका क्रान्तिकारी प्रेरणाका स्रोत र क्रान्तिकारी नायकका रूपमा उल्लेख गरेका छन् । नेकपा माओवादीका अध्यक्ष प्रचण्डले कृष्ण सेन इच्छुकको व्यक्तित्व अन्तर्राष्ट्रिय स्तरको भएको स्वीकार्दै नेपालका महान् सांस्कृतिक सहिद र क्रान्ति र साहित्यिक-सांस्कृतिक आन्दोलनको प्रतिनिधि र आदर्श पात्रका रूपमा रहेको बताएका छन् । सबैतिरबाट उनको हत्याको विरोध भयो र अन्तर्राष्ट्रिय स्तरमा समेत उजुरी पर्‍यो । विश्वभरका पत्रकारहरूको सुरक्षाको आवाज उठाउँदै आएको रिपोर्टर्स् सान प्रिन्टर्स (RPS फ्रान्स) र कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (CRJ अमेरिका) मा उजुरी परेको थियो । त्यस उजुरी उपर पछि छानविन गर्दा चरम यातना दिएर महेन्द्र पुलिस क्लबमा उनको हत्या गरिएको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गरिएको थियो । त्यस्तै पत्रकारहरूको हकहीतको लागि आवाज उठाउँदै आएको अन्तर्राष्ट्रिय संस्था 'रिपोर्टस साँ फन्ते' (रिपोर्टर विथआउट बोर्डर) को एक अन्वेषण टोली नेपाल आएर उनको हत्याको अनुसन्धान गरेको

थियो । यसरी मृत्युपछि पनि कृष्ण सेन इच्छुकको अन्तर्राष्ट्रियस्तरमा समेत चर्चा-परिचर्चाको विषय बनेबाट उनको अन्तर्राष्ट्रिय व्यक्तित्व झल्किन्छ ।

## २.१२ मृत्यु र शोक

वि.सं. २०५९ जेठ ६ गते इच्छुकलाई नयाँ बानेश्वर काठमाडौँबाट गिरफ्तार गरी महेन्द्र पुलिस क्लबको हिरासतमा यातना दिएर २०५९ साल जेठ १३ गते हत्या गरिएको थियो । **जनआस्था** साप्ताहिकका सम्पादकले 'कृष्ण सेन पशुपतिमा खरानी' शीर्षकमा उनको हत्याको समाचार लेखेपछि सर्वसाधारण सामु उनको मृत्युको खबर आएको हो । उनको हत्याले परिवारजन र शुभचिन्तकहरूमा गहिरो चोट र शोक पाऱ्यो । इच्छुक नामले परिचित **जनदिशा**, **जनादेश** र **कलम**का सम्पादक कृष्ण सेनलाई सरकारले हिरासतमै यातना दिएर हत्या गरेको थियो । फ्रान्समा मुख्यालय भएको रिपोर्टर्स सान प्रिन्टर्स र अमेरिकास्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट (CPJ) मा परेको उजुरीका आधारमा अनुसन्धान हुँदा उनको मृत्यु महेन्द्र पुलिस क्लबको हिरासतमै रहेको बेला चरम यातना दिएर भएको पुष्टि भएको छ ।

## २.१३ निष्कर्ष

कृष्ण सेन इच्छुक नेपाली साहित्यको कविताको फाँटमा प्रगतिवादी र प्रखर क्रान्तिकारी चेत भएका कविका रूपमा देखापरेका छन् । उनी शोषण, दमन, अन्याय, अत्याचारका विरुद्ध आवाज उठाउँदै वर्गीय समानता र मुक्तिका लागि निरन्तर लागि पर्ने प्रखर साहित्यिक योद्धा हुन् । सदियौँदेखि चलिआएको सामन्ती चिन्तनलाई भत्काएर नयाँ जनवादी व्यवस्था कायम गर्न चाहने कुशल राजनीतिज्ञ, साहित्यकार, पत्रकार, समालोचक, सम्पादक, सामाजिक, सांस्कृतिक व्यक्तित्व इच्छुकको बारेमा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा र चासो उत्पन्न गरेको छ । उनको वैचारिक आस्था, कार्यप्रतिको लगनशीलता, निडर र साहसिक स्वतन्त्र लेखनले उनको व्यक्तित्वलाई अझ उचो बनाएको छ ।

# तेस्रो परिच्छेद

# इच्छुकको कविता यात्रा र कविता सिर्जनाको स्थिति

## ३.१ इच्छुकको कविता यात्रा र चरण विभाजन

कवि कृष्ण सेन इच्छुकको कविता यात्रा औपचारिक रूपमा २०३२ सालदेखि आरम्भ भएको हो । उनको 'भोलिप्रति' शीर्षकको कविता २०३२ असार १३ गते **मातृभूमि** (वर्ष ९, अङ्क २७, २०३२ असार) नामक पत्रिकामा छापिएको हो । विद्यार्थी जीवनदेखि नै कविता लेख्न थालेका इच्छुक आफ्नो जीवनको अन्तिम समयसम्म पनि निरन्तर रूपमा कविता लेखन कार्यमा सक्रिय रहेको देखिन्छ । फुटकर रूपमा कविता लेखनको आरम्भ पहिलेदेखि गरेका भए पनि उनको प्रथम पुस्तकाकार कृति भने **शोकाञ्जली** (२०४८) हो । उनको **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रह दोस्रो पुस्तकाकार कृति हो । **बन्दी र चन्द्रागिरि** (२०५७) शीर्षकको लामो कवितात्मक खण्डकाव्य प्रकाशनको तेस्रो क्रममा प्रकाशित भएको छ । विभिन्न पत्रपत्रिकाहरूमा विविध समयमा प्रकाशित कविताहरूको सङ्ग्रहका रूपमा **बन्दी आवाज** र **आरम्भिक कविता**लाई इच्छुक सांस्कृतिक प्रतिष्ठानले **इच्छुक रचनावली भाग २** (२०६५) मा प्रकाशित गरेको छ । उनको लेखन कविता विधा राम्ररी मौलाएको छ । अन्य विधामा फाट्टफुट्ट कलम चलाए पनि कविता विधा नै उनको प्राथमिकता र मनपर्ने विधाका रूपमा देखापरेको छ । कवितासम्बन्धी इच्छुक स्वयम् भन्दछन्- "साहित्यका विविध विधाहरूमध्ये मलाई बढी प्रिय लाग्ने विधा कविता नै भएकाले सुरुदेखि म कविता लेखनतर्फ बढी क्रियाशील भएको हुँ । सुरु-सुरुमा फुटकर कथा तथा निबन्धहरू पनि लेखेँ तर मेरो निरन्तरता र साधना बढीभन्दा बढी कविता विधामै रह्यो (इच्छुक, २०६६ : ११६) । उनका कविताकृतिहरू मार्क्सवादी कला सौन्दर्य, प्रचण्डपथीय सौन्दर्यशास्त्र र कम्युनिष्ट विचारधाराबाट बढी प्रभावित भएका देखिन्छन् । उनको कविता लेखनको प्रमुख स्रोत कुनै एउटा व्यक्ति विशेषमा आधारित नभएर समग्र राष्ट्रिय अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक तथा राजनीतिक परिवेशमा आधारित भएको देखिन्छ ।

कृष्ण सेन इच्छुकको साहित्य यात्राको चरणलाई अध्ययन गर्दा उनका पुस्तकाकार कृति, विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूबीच प्रशस्तै समयान्तर पाइन्छ । इच्कुकका रचनाहरूको अध्ययन उनको कविता यात्राको विविध मोड र चरणगत प्रवृत्तिहरू छुट्याउनका लागि सिङ्गो पुस्तकाकार कृति तथा सङ्ग्रहहरूका आधारमा नमिल्ने देखिन्छ । त्यसकारण कवि इच्छुकको कविता यात्राको अध्ययन र कालविभाजन गर्दा फुटकर रूपमा प्रकाशित लेख रचना र सङ्ग्रहका आधारमा गरिएको छ । कविता सिर्जनाको यात्रामा उनी पुग नपुग तीन दशक (२७ वर्ष) लामो अवधिसम्म निरन्तर लागिपरेको देखिन्छ । साहित्यिक क्षेत्रमा कविता विधा लगायत फुटकर कथा र निबन्ध विधामा पनि कलम चलाएका इच्छुकले कविता लेखनका विभिन्न चरण पार गरेका छन् । उनको पहिलो प्रकाशित फुटकर रचनादेखि जीवनको अन्त्यावस्थासम्मको अवधिलाई नै

कविता यात्रा मानिएको छ । यस अवधिमा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरू र तिनको सङ्कलन पुस्तकाकार कृतिहरूको आधारमा नै उनको सिङ्गो कविता यात्राको चरण विभाजन र विभिन्न प्रवृत्तिगत मोडहरूको अध्ययन गरी कविता सिर्जनाको स्थितिलाई समेत देखाइएको छ । कुनै पनि साहित्यकारका साहित्यिक कृतिहरूको चरणलाई विभाजन गर्ने निश्चित आधारहरू हुन्छन् । तीमध्ये प्रवृत्तिगत विविधता, रचनाहरूको परिमाण, गुणस्तरीयता, सक्रियता र निष्क्रियता, साहित्यिक विधा तथा पुस्तकाकार कृति र सङ्ग्रह प्रकाशनका आधारमा कविता यात्राको चरण विभाजन गरिन्छ । कवि इच्छुकको कविता लेखनको थालनी, खण्डकाव्यात्मक कृतिको प्रकाशन फुटकर कविताहरूको सङ्ग्रह प्रकाशन, साहित्यिक रचनाको प्रकाशन र गुणस्तरीय कविताहरूका प्रधानताका आधारमा उनको कविता यात्राका विविध चरण देखिन्छन् । यिनै विशेषताका आधारमा इच्छुकको करीब तीन दशक लामो कविता यात्रालाई तीन चरणमा विभाजन गरिएको छ :

(१) पहिलो चरण (२०३२ देखि २०४६ सम्म, पञ्चायतकाल)

(२) दोस्रो चरण (२०४७ देखि २०५२ सम्म, प्रजातन्त्रकाल)

(३) तेस्रो चरण (२०५२ फागुनदेखि २०५९ सम्म, जनयुद्धकाल)

### ३.१.१ पहिलो चरण (२०३२ देखि २०४६ सम्म, पञ्चायतकाल)

वि.सं. २०३२ सालदेखि २०४६ सालसम्मको अवधिलाई उनको कविता यात्राको पहिलो चरणका रूपमा लिइन्छ । यस चरणमा लेखिएका इच्छुकका कविताहरूलाई जीवनको प्रभातकालका ओजपूर्ण कविताका रूपमा लिइन्छ (चैतन्य, २०६५ : १२६) । वि.सं. २०३२ साल असार १३ गते **मातृभूमि** (वर्ष ९, अङ्क २७) साप्ताहिकमा प्रकाशित 'भोलिप्रति' शीर्षकको कविताबाट उनको औपचारिक रूपमा कविता यात्राको थालनी भएको देखिन्छ । यस चरणको अन्तिम समयविन्दु २०४६ सालको पञ्चायती शासन विरोधी जनआन्दोलनसम्म हो । प्रवेशिका परीक्षा उत्तीर्ण भएपछि लगत्तै जागिरे जीवन आरम्भ गरेका इच्छुकको राजनीतिक सङ्गठनसँगको आबद्धता र वैचारिक प्रतिबद्धताका कारण उनको चेतनास्तर फराकिलो भएको देखिन्छ । वि.सं. २०३८ सालमा **त्रिकोण** पत्रिकामा प्रकाशित 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो' कविता प्रकाशन हुँदा उनी प्रगतिवादी कविका रूपमा देखापरेका छन् । पहिलो चरणको अन्तिम समयविन्दु २०४६ सालसम्म आइपुग्दा **इतिहासको यस घडीमा** कविता लेखेर प्रगतिशील यथार्थको प्रतिबिम्बन दिएका छन् (थापा, २०६५ : ५०) । करीब सवा पाँचवर्ष जेलजीवन बिताउन बाध्य भएका इच्छुकले यस चरणमा **शोकाञ्जली** शीर्षकको शोककाव्य लेखेका छन् जुन २०४८ सालमा आएर मात्र प्रकाशन भयो । २०४२ सालमा सहिद मित्रमणि आचार्यको हत्या भएपछि जेलमै उनले यो शोककाव्य लेखेका हुन् । २०३६ सालको जनमत सङ्ग्रहले नेपाली साहित्यमा महत्त्वपूर्ण परिवर्तन ल्याएको देखिन्छ । त्यसपछि कवि लेखकहरूलाई केही स्वतन्त्रता मिल्यो । फलस्वरूप कविहरूले खुला रूपमा क्रान्तिचेतका कविताहरू लेखी आ-आफ्ना अभिव्यक्तिहरू दिन थाले । कवि इच्छुकले पञ्चायती व्यवस्थाको कठोर दमन र शासनसत्ताका सीमाहरू तोडेर अघि बढेको देखिन्छ ।

यस चरणमा उनका **शोकाञ्जली** खण्डकाव्यबाहेक अन्य फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । ती फुटकर कविताहरूको प्रकाशनकाल र प्रकाशन स्रोतको सूची यसप्रकार छ :

| क्र.सं. | कविता शीर्षक | प्रकाशनकाल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | भोलिप्रति | २०३२ असार १३ | मातृभूमि ९:२७ | |
| २. | समस्तका एकरूप हामी | ऐजन | ऐजन | |
| ३. | एउटा लाहुरेको परदेशबाट घर फर्कने अठोट | २०३४ पुस १ | युगबोध २:११ | |
| ४. | नयाँ साल, समयको हस्ताक्षर | २०३४ चैत्र १६ | युगबोध २:१८ | |
| ५. | शुभकामना | २०३५ भाद्र १ | युगबोध ३:३ | |
| ६. | मेरो पश्चातापपछिका केही सुस्केराहरू | २०३५ कार्तिक १६ | युगबोध ३:८ | |
| ७. | हामी विश्वस्त छौं | २०३६ जेठ १६ | युगबोध ३:२२ | |
| ८. | त्यो प्यारो प्यारो गाउँको नाम थवाङ हो | २०३८ | त्रिकोण १:५ | |
| ९. | आइती | २०३९ | वेदना | |
| १०. | प्रिय कामरेड | २०३९ | वेदना १०:२४-२६ | |
| ११. | बाध्यता | २०३९ | चर्चा १२:४२ | |
| १२. | यो घाम पनि रापिएर तातो-तातो छ आज | २०३८-२०४० | सेरोफेरो ५:१ | |
| १३. | लाहुरे | २०३८-४० | सेरोफेरो ५:१ | |
| १४. | प्यालेस्टिनी मित्रहरूका नाममा | २०४० | राप्ती सन्देश | |
| १५. | जनताको ढाल वा बैरीको अचानो | २०४० | आवाज | |
| १६. | झुल्के घामका राता किरणहरू | २०४१ | वेदना ११:२९-३० | |
| १७. | पर्खालभित्रबाट तिमीलाई सम्झँदा | २०४३ | मधुमास ४:११-१२ | |
| १८. | तिमी | २०४५ | योजना ७:१ | |
| १९. | बेन्जामिन मोलाइसको सम्झनामा | २०४५ | योजना ७:२२ | |
| २०. | कान्छी, भट्टी र देश | २०४५ | उत्साह | |
| २१. | भाउजू | २०४६ | वेदना १०:४५-४७ | |
| २२. | इतिहासको यस घडीमा | २०४६ चैत्र | | |

यस चरणमा कृष्ण सेन इच्छुकका झण्डै दुईदर्जन कविताहरू प्रकाशित भएको देखिन्छ भने यस चरणमा लेखिएका तर प्रकाशन नभएका कविताहरू दोस्रो र तेस्रो चरणमा प्रकाशित भएका छन् । वि.सं. २०४२ सालमा जेलमा बस्दा उनले **शोकाञ्जली** शोककाव्य लेखेका छन् । यस चरणका कविताहरू आयामका दृष्टिले लघु, मझौला र दीर्घ गरी तीनै आयामका छन् । यिनमा सामाजिक र राजनीतिक विकृति-विसङ्गति, अन्याय-अत्याचार, शोषण-दमन, नारी हकहीत, अन्तर्राष्ट्रिय परिवेश आदिलाई मुख्य विषयवस्तु बनाइएको छ । यसका साथै मानवीय

प्रेम, राष्ट्रियता, प्रकृति-प्रेम, मान्छेभित्रका शोक र करुणा, व्यथा-वेदना, कुण्ठा, नैराश्यता, विद्रोह-आक्रोश, जोश-उत्साह र क्रान्तिकारिता आदि भावहरूलाई कलात्मक तरिकाले प्रस्तुत गरिएको छ । उनले विशेष गरी राजनीतिक विषयवस्तुअन्तर्गत २०४६ सालको जनआन्दोलन हुनुपूर्वको निरङ्कुश पञ्चायती व्यवस्था र उक्त व्यवस्थाले जनताको मौलिक हक अधिकारप्रति पारेको कुठाराघात, निराशा र आक्रोशलाई प्रस्तुत गरेका छन् । उनका कवितामा परिवर्तनप्रतिको आशावादी स्वर, स्वर्णिम भविष्यप्रतिको विश्वास, वर्ग दुश्मनलाई चुनौती, माटाको माया, प्रगतिशील चेतनाको जीवन्त प्रस्तुति प्रकट भएका छन् । फुटकर रूपमा प्रकाशित कविताहरूले यस चरणको कविता यात्रालाई अग्रगति प्रदान गरेका छन् ।

### ३.१.२ दोस्रो चरण (२०४७ देखि २०५२ माघसम्म, प्रजातन्त्रकाल)

कवि कृष्ण सेन इच्छुकको कविता यात्राको दोस्रो चरण २०४७ सालदेखि २०५२ साल माघसम्म हो । देशमा प्रजातन्त्रको पुनःस्थापना भएपछि नेकपा माओवादीले जनयुद्धको घोषणा गर्नु पूर्वको समय नै इच्छुकको कविता यात्राको दोस्रो चरण हो । पहिलो चरणमा पञ्चायती निरङ्कुश शासनको जेलमा कोचिएका इच्छुकले यस चरणमा खुला जीवन बिताएको देखिन्छ । यस चरणका कवितामा पनि पहिलो चरणमा जस्तै राष्ट्रप्रेम र क्रान्तिचेतनाका स्वर प्रस्तुत गरिएको पाइन्छ । देशमा प्रजातन्त्रको पुनःस्थापना र संसदीय बहुदलीय व्यवस्थाको आरम्भ भए पनि अपेक्षाकृत रूपमा राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तन हुन नसकेको, सत्ताधारी राजनीतिक नेतृत्व स्वार्थ, भ्रष्टाचार र व्यक्तिवादी स्वार्थको लिप्सामा टाँसिएको र जनताले परिवर्तनको महसूस लेस भर पनि गर्न नसकेको अवस्थालाई कविताको विषयवस्तु बनाइएको छ । निरङ्कुश एकदलीय पञ्चायती शासनको अन्त्य र प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको पुनःस्थापना भए पनि पञ्चायती शैलीकै अन्याय-अत्याचार, दमन-शोषण, भ्रष्ट्राचार आदि विकृति विसङ्गति जीवितै रहेको यथार्थलाई कवितामा प्रकट गर्दै अघिल्लो र पछिल्लो सत्ताको कार्यशैली र गतिविधि एकै भएको भावाभिव्यक्ति यस चरणका कवितामा दिएका छन् । प्रथम चरणको जेल बसाइका क्रममा लेखिएको **शोकाञ्जली** शोककाव्य यसै चरणमा (२०४८) प्रकाशित भएको छ जुन उनको प्रथम प्रकाशित कृति हो । यस चरणमा इच्छुकको कवित्व बाहेक सांस्कृतिक र पत्रकार व्यक्तित्व पनि प्रखर रूपमा अघि बढेको देखिन्छ । यस चरणमा लेखिएका फुटकर कविताहरूमध्ये विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरूको सूची यसप्रकार छ :

| क्र.सं. | कविता शीर्षक | प्रकाशनकाल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | जेल | २०४७ | उत्साह | |
| २. | ओ, मेरो देश : मेरो प्यारो भूमि | २०४७ | आन्दोलन कविता सङ्ग्रह | |
| ३. | बन्दी सुगा र उन्मुक्तिको चाहना | २०४७ | वेदना | |
| ४. | बहिनीको सम्झनामा | २०४८ | जनसाहित्य १:२ | |
| ५. | मेरो देशको शिशु प्रजातन्त्र | २०४९ | जनादेश २:१६ | |
| ६. | माछो-माछो भ्यागुतो | २०४९ | जनादेश २:२९ | |

| | | | | |
|---|---|---|---|---|
| ७. | नवजात छोरीसँग | २०५० | अन्तर्ध्वनि २७:३ | |
| ८. | हात लाग्यो शून्य ! | २०५० | जनदीप | |
| ९. | दार्बोटको जङ्गलमा | २०५१ | कलम २:४ | |
| १०. | बर्मभिूया | २०५१ | कलम ३:७ | |
| ११. | तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध | २०५२ | कलम ३:१० | |

दोस्रो चरणको पाँच बर्से अवधिमा कवि कृष्ण सेन इच्छुकका करीब एक दर्जन कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । उनको कवितायात्राको प्रथम चरणमा लिखित **शोकाञ्जली** (२०४८) यस चरणको महत्त्वपूर्ण कृति हो । आफ्ना सहयोद्धाको हत्यामा भावविव्हल उर्लेका भावना एवम् दमनकारी हत्यारो सरकारप्रतिको आक्रोश यस कृतिमा व्यक्त भएको छ । एकातिर करुणा र अर्कोतर्फ वीरत्वको द्वन्द्वात्मक प्रस्तुति, संवेदना र अनुभूतिको तीव्रतम अभिव्यक्ति र दु:खान्त चेतनाले काव्य उत्कृष्ट बन्न पुगेको छ । यस चरणमा प्रकाशित फुटकर कविताहरूले तत्कालीन युगको जीवन्त चित्रण गरेका छन् । केही कविता प्रथम चरणमा लेखिएका हुनाले त्यही समयको परिस्थितिलाई झल्काउने खालका छन् । प्रजातन्त्रको पुन:स्थापना भएपछि पनि नेपाली जनताका हक, अधिकार र स्वतन्त्रता एवम् सार्वभौमसत्ता भ्रष्ट नेताका टाउकामा रहेको आक्रोशलाई कविले कवितामार्फत् व्यक्त गरेका छन् । जनचाहना विपरीत चल्ने सरकारका विरुद्ध लेखिएका कविताहरू नै यस चरणका कविता हुन् । जनचाहना एवम् जनआकाङ्क्षा अनुसार नचल्ने तत्कालीन सरकारको विरोध र भण्डाफोर गर्नु यस चरणका फुटकर कविताको प्रमुख विषय हो । यस चरणका कविताहरूले तत्कालीन समयमा देखापरेका आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्रका विकृति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । यस चरणको अवधिमा उनले जेलजीवन भोग्न नपरे पनि जनआकाङ्क्षा अनुसार नचल्ने तत्कालीन सरकारको परिवेशलाई जेल सम्झेका छन् । 'बन्दी सुगा र उन्मुक्तिको चाहना' शीर्षकको कविताले तत्कालीन परिवेशलाई जेलका रूपमा चित्रण गरेको छ भने 'मेरो देशको शिशु प्रजातन्त्र' शीर्षकको कविताले देशमा प्रजातन्त्र आए पनि नागरिक स्वतन्त्रता नआएको कुरालाई उल्लेख गरेको छ । सङ्ख्यात्मक रूपमा पहिलो र तेस्रो चरणका कविताहरूभन्दा यस चरणमा थोरै कविताहरू लेखिएको भए पनि ती आक्रोशपूर्ण, परिवर्तनगामी, ओजगुणले युक्त, व्यङ्ग्य तथा क्रान्तिचेत, विकृति-विसङ्गतिको भण्डाफोर, शोषण, दमन, अन्याय, अत्याचारको घोर विरोध, राष्ट्रियता, देशप्रेम, वर्गप्रेम र युगबोधलाई चित्रण गर्न सफल भएका छन् । यस चरणका कविताहरूले कवि इच्छुकमा देखापर्ने मार्क्सवादी विचारधारा एवम् प्रगतिवादी विचारधारालाई अझ सशक्त तुल्याएका छन् ।

### ३.१.३ तेस्रो चरण (२०५२ फागुनदेखि २०५९ सम्म, जनयुद्धकाल)

वि.सं. २०५२ साल फागुन १ गतेदेखि नेकपा माओवादीको नेतृत्वमा सशस्त्र जनयुद्धको आरम्भ भएदेखि इच्छुकको हत्या भएको मिति २०५९ सालसम्मको समयावधि उनको कवितायात्राको तेस्रो चरण हो । यस चरणलाई उनको समग्र कविता यात्राको उर्वरकालका रूपमा लिइन्छ । यस चरणमा फुटकर रचनादेखि सिङ्गो काव्यकृतिको पनि रचना भएको देखिन्छ ।

प्रकाशनका दृष्टिले पनि यस चरणलाई महत्त्वपूर्ण चरणका रूपमा लिइन्छ । यस चरणमा अधिकांश फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुनुका साथै **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रह र **बन्दी र चन्द्रागिरि** (२०५७) शीर्षकको लामो कवितात्मक खण्डकाव्यको प्रकाशन भएका छन् । यस चरणमा उनी झण्डै दुईवर्ष जेलजीवन भोग्न बाध्य भएका देखिन्छन् । त्यसैको उपज **बन्दी र चन्द्रागिरि** नामक खण्डकाव्य हो । सशस्त्र जनयुद्धको आरम्भसँगै सरकारपक्षबाट गरिएको दमन र प्रतिरोधको विरुद्ध स्वतन्त्रता र मुक्तिका पक्षमा आवाज उठाउन यस चरणका कविताहरू सफल भएका छन् । यसका साथै कविले कठोर बन्दी जीवन बिताएको हुनाले त्यसबाट मुक्ति र स्वतन्त्रताको चाहना **बन्दी र चन्द्रागिरि** खण्डकाव्यमार्फत् व्यक्त गरेका छन् ।

युद्धका क्रममा देखापरेका वीरता, त्याग, बलिदान आदि पक्षहरूलाई समेट्दै विशिष्ट भूभागहरूको यथार्थ चित्रण गर्न यस चरणका कविताले महत्त्वपूर्ण भूमिका खेलेका छन् । इच्छुकले यस चरणमा विशेष गरी युद्ध, दमन, प्रतिरोध र मुक्ति, त्याग, वीरता, बन्दी जीवनको सन्दर्भ, उत्पीडित वर्ग र क्षेत्रका वेदना, नारी शोषण र विद्रोह, बाल बच्चा, जनयुद्ध र भोलिको नयाँ नेपाल आदिलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । यस चरणमा पहिलो र दोस्रो चरणमा लेखिएका र यसै चरणमा लेखिएका कविताहरूलाई समावेश गरी **इतिहासको यस घडीमा** (२०५६) शीर्षकको कविता सङ्ग्रह प्रकाशित गरिएको छ जसलाई **इच्छुक रचनावली भाग २** (२०६५) मा अन्य कविता सङ्ग्रहसहित प्रकाशित गरिएको छ । यसै चरणमा प्रकाशित **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह र **बन्दी र चन्द्रागिरि** (२०५७) लामो कवितात्मक खण्डकाव्यकृतिबाहेक विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूको सूची यसप्रकार छ :

| क्र.सं. | कविता शीर्षक | प्रकाशनकाल | प्रकाशन स्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | सेतु जैसीको घर | २०५३ | कलम ४:११ | |
| २. | पुर्खे सुनारकी आमा | २०५३ | जनादेश ५:३४ | |
| ३. | घोमपाल | २०५३ | वेदना | |
| ४. | यक्ष प्रश्न | २०५४ | कलम ४:१३-१४ | |
| ५. | सलाम जेलबाङ | २०५४ | कलम ५:१७ | |
| ६. | गोचाली | २०५५ | संश्लेषण १:१ | |
| ७. | सिम्ठारो धान | २०५५ | जनमत १५:५-६ | |
| ८. | बन्दी छोराको पत्र | २०५५ | योजना १६:३८ | |
| ९. | प्रतिबन्ध | २०५६ | जनादेश ८:१३ | |
| १०. | मेरी छोरी | २०५६ | जनादेश ९:२ | |
| ११. | कैदी | २०५७ | सङ्गीन १६:३ | |
| १२. | कारागारको छतमाथि चढेर | २०५७ | महिमा १७:२७ | |
| १३. | अस्वीकार | २०५७ | जनादेश ९:२६ | |

| | | | | |
|---|---|---|---|---|
| १४. | पिपलको बोट | २०५७ | - | |
| १५. | पोखरी र कारागार | २०५७ | जनएकता ५:५६ | |
| १६. | तिम्रो र हाम्रो संसार | २०५७ | जनादेश ९:४३ | |
| १७. | कमैया दु:खीरामलाई प्रश्न | २०५७ | मूल्याङ्कन १८:८० | |
| १८. | बालबन्दी मिर्ची | २०५७ | जनादेश ९:५० | |
| १९. | एउटा गाउँलेको डायरी | २०५७ | जनादेश १०:३ | |
| २०. | जेरुसेलम | २०५७ | जनएकता ६:१४ | |
| २१. | चिनीयाँ कवि चङ् च्हूप्रति | २०५७ | जनादेश १०:११ | |
| २२. | प्यारो मधेशप्रति | २०५७ | जनादेश १०:१८ | |
| २३. | आदिवासी दिवस र भिखारीदास सदा | २०५६/०५७ | कलम ८:२६-२७ | |
| २४. | दिदी शान्तालाई | २०५७ | जनआह्वान ४:१६ | |
| २५. | सक्छौ भने समयलाई रोक | २०५८ | साहित्य सन्ध्या १:६ | |
| २६. | सिंहदरबारअघि नारा लाइरहेकी फूलमती | २०५८ | जनएकता ६:२९ | |
| २७. | लालमटियाको सम्झना | २०५८ | नवकविता ५२ | |
| २८. | अजम्बरी सपना | २०५८ | कलम ९:३० | |
| २९. | म कहिले निराश छैन | २०५८ | जनएकता ७:२४ | |
| ३०. | यात्रामा हिँड्दाहिँड्दै | २०५८ | जनएकता ७:३० | |
| ३१. | आङ सान सु की | २०५८ | मूल्याङ्कन २०:९४ | |
| ३२. | शहीद | २०५८ | जनधारणा १०:३४ | |
| ३३. | कसरी भनूँ ! | २०५८ | जनधारणा १०:३४ | |
| ३४. | भविष्य | २०५९ | पूर्वेली धुन १:१ | |
| ३५. | उत्तरतिर | २०५९ | वेदना २९:६५ | |
| ३६. | रोगी देश | २०५९ | वेदना २९:६६ | |

यस चरणमा कृष्ण सेन इच्छुकका तीन दर्जन फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् जसमध्ये केही कवितालाई **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत गरिएको छ । यस चरणमा **बन्दी र चन्द्रागिरि** लामो कवितात्मक खण्डकाव्य प्रकाशन भएको छ । यस चरणका फुटकर रचनाहरू र खण्डकाव्यले कवि इच्छुकभित्र रहेको प्रगतिवादी विचारधारालाई अभिव्यक्त गरेका छन् । यो अवधि राजनीतिक घटनाक्रमको रूपबाट हेर्दा अत्यन्त उथल पुथलको समय हो । त्यही उथल-पुथलको कारणले मनमा उब्जिएका अनेकौँ भावनाहरूलाई कलात्मक तरिकाले पोख्ने काम यस चरणका कविताकृतिमा गरिएको छ । बहुदलीय शासन व्यवस्थाबाट उत्पन्न समस्या र त्यसबाट समाजमा देखापरेको असर, सशस्त्र जनयुद्धको आरम्भ र यसले समाजमा पारेको प्रभावलाई यस चरणका काव्यकृति र फुटकर कविताहरूले प्रतिबिम्बित गरेका छन् । आफ्नो विचार, आस्था र विश्वासलाई कलात्मक तरिकाले

प्रस्तुत गर्दै श्रमिक र उत्पीडित समुदायका पक्षमा वर्गीय वकालत गरेका छन् । साथै क्रान्तिकारी र विद्रोही चेतना, मार्क्सवादी सौन्दर्यशास्त्र तथा प्रतिबद्ध राजनीतिक आस्था र चिन्तनलाई यस चरणका कविताहरूमा अभिव्यक्त गरिएको छ । यसप्रकार कविता यात्राको तेस्रो चरणमा इच्छुकले सङ्ख्यात्मक रूपमा धेरै कविताहरूको रचना गरेका छन् भने गुणात्मक रूपमा पनि ती उत्कृष्ट रहेका छन् ।

## ३.२ निष्कर्ष

इच्छुकले २०३२ सालबाट कविता यात्रा आरम्भ गरेका हुन् । २०३२ सालमा 'भोलिप्रति' शीर्षकको कविता **मातृभूमि** साप्ताहिकमा प्रकाशित भएपछि उनको औपचारिक रूपमा लेखन आरम्भ भएको हो । फुटकर रूपमा कथा र निबन्ध लेखे पनि उनको प्रमुख साहित्यिक विधा भनेको कविता विधा नै हो । उनको समग्र कविता यात्रालाई २०३२ देखि २०४६ सम्म पहिलो चरण (पञ्चायतकाल), २०४७ देखि २०५२ माघसम्म दोस्रो चरण (प्रजातन्त्रकाल) र २०५२ फागुनदेखि २०५९ सम्म तेस्रो चरण (जनयुद्धकाल) गरी तीन चरणमा विभाजन गरिएको छ । पुग नपुग तीन दशक लामो कविता यात्रामा उनले **शोकाञ्जली** (२०४८) शोककाव्य **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह र **बन्दी र चन्द्रागिरि** (२०५७) लामो कवितात्मक खण्डकाव्य प्रकाशन गरेका छन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानले २०६५ मा **इच्छुक रचनावली भाग २** कृति प्रकाशनमा ल्याएको छ जसमा उनका फुटकर कविताहरूलाई सम्पादन गरी **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** शीर्षकमा समावेश गरिएको छ । उनका पुस्तकाकार कृति तथा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूले तत्कालीन समाजमा देखापरेको आर्थिक, सामाजिक र राजनीतिक विकृति विसङ्गतिप्रति चोटिलो प्रहार गरेका छन् । जनयुद्धको क्रममा भए गरेका क्रियाकलापको चित्रण र प्रजातान्त्रिक सरकारबाट गरिएको दमन, अन्याय, अत्याचार आदिको विरोध उनका कवितामा गरिएको छ । अन्तर्राष्ट्रिय घटना र पात्र पनि उनका कविताका विषय बनेका छन् । तत्कालीन समय र समाजका विषयवस्तुलाई लिएर लेखिएका उनका कविताहरू ज्यादै चोटिला र महत्त्वपूर्ण छन् ।

# चौथो परिच्छेद

# इच्छुकका फुटकर कविताको विश्लेषण

## ४.१ विषयप्रवेश

वि.सं. २०३२ सालदेखि औपचारिक रूपमा कविता लेखन आरम्भ गरेका कृष्ण सेन इच्छुक प्रगतिवादी कवि हुन् । उनका **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) गरी दुईवटा खण्डकाव्य प्रकाशित भएका छन् । उनका विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित फुटकर कविताहरूको सङ्ग्रह **इतिहासको यस घडीमा** २०५६ सालमा प्रकाशन भएको छ । उनको मृत्युपश्चात् इच्छुक सांस्कृतिक प्रतिष्ठानले २०६५ सालमा **इतिहासको यस घडीमा** कविता सङ्ग्रह समेतलाई समेटी अन्य फुटकर कविताहरूका सङ्ग्रह **बन्दी आवाज** र **आरम्भिक कविता**लाई **इच्छुक रचनावली भाग २** मा प्रकाशन गरेको छ । इच्छुकका फुटकर कविताहरूको विश्लेषण गरिएको यस शोधपत्रमा उनका **इच्छुक रचनावली भाग २** मा प्रकाशित **इतिहासको यस घडीमा**, **बन्दी आवाज**, र **आरम्भिक कविता** कविता सङ्ग्रहको परिचय र यी सङ्ग्रहभित्र सङ्गृहीत फुटकर कविताहरूको विषयवस्तुगत गहनता, आयामगत विविधता, बिम्ब-प्रतीक, अलङ्कार र भाषाशैलीगत सघनताका आधारमा प्रतिनिधिमूलक रूपमा विश्लेषण गरिएको छ ।

### ४.१.१ 'इतिहासको यस घडीमा' कविता सङ्ग्रहका कविताको विश्लेषण

**इतिहासको यस घडीमा** शीर्षकको यो कविता सङ्ग्रह इच्छुकका प्रकाशित पुस्तकाकार कृतिहरूमध्ये दोस्रो र कविता सङ्ग्रहमध्ये प्रथम प्रकाशित कृति हो । २०५६ सालमा प्रकाशित यस सङ्ग्रहमा २०३८ सालदेखि २०५५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित ३१ वटा कविताहरू सङ्गृहीत छन् । यसलाई प्रगतिवादी कविता सङ्ग्रहहरूको महत्त्वपूर्ण दस्तावेजका रूपमा लिइन्छ । यसभित्रका कविताहरू नेपाली जनजीवनका वास्तविकतासँग सम्बन्धित छन् । प्रगतिवादी कवितालाई व्यवस्थित ढङ्गले अध्ययन गर्न चाहनेहरूका लागि यो महत्त्वपूर्ण कृति हो । यसभित्र सङ्कलित अधिकांश कविताहरू जनयुद्धका क्रममा भएका घटनालाई सङ्केत गरेर लेखिएका छन् । जसमध्ये 'दार्बोटको जङ्गलमा', 'सेतु जैसीको घर', 'तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध', 'पुर्खे सुनारकी आमा', 'सलाम जेलबाङ', 'बन्दी छोराको पत्र', 'प्रतिबन्ध' आदि महत्त्वपूर्ण छन् (पोखरेल, २०६४ : १०२) । यस सङ्ग्रहभित्र सङ्कलित 'तिमी र तिम्रो पसिना', 'काठमाडौँ मेरो देशको राजधानी' र 'इतिहासको यस घडीमा' बाहेक अन्य सबै कविताहरू वि.सं. २०३८ सालदेखि २०५५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका छन् । यी कविताहरूले तत्कालीन समयको विविध परिवेश, विषयवस्तु र अनुभूति झल्काएका छन् । यो सङ्ग्रह प्रकाशनका समयमा कवि इच्छुक भद्रगोल जेलमा बन्दी जीवन बिताइरहेका थिए । प्रस्तुत कविता सङ्ग्रहले श्रम र सौन्दर्यका पक्षमा वर्गीय चिन्तन र वैचारिक उत्कर्ष पहिल्याउने कोसिस गरेको छ ।

समाजका शोषक, सामन्तवर्गहरूले निमुखा, गरिब, निहत्था सोझा जनतामाथि गरेको अन्याय, अत्याचार र शोषणका विरुद्धमा यस सङ्ग्रहभित्रका कविताहरूले क्रान्तिकारी स्वर बुलन्द गरेका छन् जसले गर्दा क्रान्तिकारी परिवर्तन भएको देख्न नचाहने प्रतिगामी राज्यसत्ता सदैव उनका विरुद्धमा उभिएको देखिन्छ । पञ्चायती निरङ्कुश शासनसत्ता प्रजातन्त्र पुनःस्थापना भएपछि पनि जनआकाङ्क्षा विपरीत चल्ने भ्रष्ट सरकार र जनयुद्धको थालनीपछि योद्धाको पराक्रम, वीरता र सरकारी दमनको विरोध यी तीनै चरणका फरक-फरक विषय बोकेका कविता यस सङ्ग्रहमा छन् । यस सङ्ग्रह भित्रका कविताहरूले जनयुद्ध, राष्ट्रियता, विश्वबन्धुत्व, नारीशोषण, बालबालिका, दलित, कमैया, लाहुरे, शोषित वर्गका पीडाका मर्म आदिका पक्षमा क्रान्तिकारी आवाज उद्घाटन गरेका छन् । यस सङ्ग्रहभित्र आएका समग्र कवितामा भावगत हिसाबले प्रगतिवादी विचारको ओजपूर्ण प्रस्तुति छ । क्रान्ति र विद्रोहलाई कविताको मूल ध्येय बनाउँदै आमूल परिवर्तनको मूलमन्त्र कविताका अन्तर्लयमा खिपिएको छ । जनयुद्धका कथा-व्यथा, क्रान्तिकारी विश्वआशावादी स्वर, वर्गसङ्घर्ष, सर्वहारा अन्तर्राष्ट्रियतावाद, साम्राज्यवादी र विस्तारवादी नीतिविरोधी स्वर, महिला हिंसा र शोषणको विरोध, वर्गीय पक्षधरता, श्रममाथि अगाध श्रद्धा, ग्रामीण परिवेशको प्रस्तुति, नेपाली समाजको स्थितिबोध आदि विषयलाई यस सङ्ग्रहभित्रका कविताले प्रस्तुत गरेका छन् (त्रिपाठी, २०६५ : ९९-११२) । **इतिहासको यस घडीमा**भित्र निम्न कविताहरू रहेका छन् : (१) 'त्यो प्यारो प्यारो पहाडी गाउँको नाम थवाङ हो', (२) 'आइती', ३ 'प्रिय कामरेड', (४) 'त्यो घाम पनि रापिएर तातो तातो छ आज' (५) 'लाहुरे', (६) 'प्यालेस्टिनी मित्रहरूका नाममा', (७) 'तिमी र तिम्रो पसिना', (८) 'जनताको ढाल या बैरीको अचानो' (९) 'बेन्जामिन मोलाइसको सम्झनामा', (१०) 'झुल्के घामका राता किरणहरू' (११) 'कविसँग', (१२) 'काठमाडौँ, मेरो देशको राजधानी', (१३) 'कान्छी, भट्टी र देश', (१४) 'इतिहासको यस घडीमा', (१५) 'जेल', (१६) 'भाउजू', (१७) 'बन्दी सुगा र उन्मुक्तिको चाहना', (१८) 'बहिनीको सम्झनामा', (१९) 'हात लाग्यो शून्य', (२०) 'बर्मझिया', (२१) 'दार्बोटको जङ्गलमा', (२२) 'घोमपाल', (२३) 'सेतु जैसीको घर', (२४) 'तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध', (२५) 'पुर्खे सुनारकी आमा', (२६) 'यक्ष-प्रश्न', (२७) 'सलाम जेलबाङ', (२८) 'गोचाली', (२९) 'सिम्ठारो धान', (३०) 'बन्दी छोराको पत्र' र (३१) 'प्रतिबन्ध' ।

उल्लिखित सम्पूर्ण कविताहरू एकै आयामका नभई लघु, मध्यम र दीर्घ आयाममा संरचित छन् । २५ पङ्तिदेखि ९४ पङ्तिसम्मको आयाममा विविध क्रान्तिचेत सहितका विषयवस्तु समेटिएका कविता यस सङ्ग्रहमा छन् । इच्छुकको **इतिहासको यस घडीमा** पढिसकेपछि हामी गर्वका साथ भन्न सक्छौं प्रगतिवादी नेपाली कविता जनताको वर्गयुद्धबाट उर्जा लिएर वर्गयुद्धलाई उर्जा प्रदान गर्न सक्दछ (बराल, २०६५ : २०७) । उनका सम्पूर्ण कविताहरू गद्यलयमा लेखिएका छन् । आदि, मध्य र अन्त्यानुप्रासको पूर्ण तथा आंशिक प्रयोगले कवितामा अन्तर्लयको समुधुर झङ्कार उत्पन्न गराएको छ । बिम्ब, प्रतीक र अलङ्कार तथा शिल्पगत आयामका आधारमा पनि कवितामा खोट लगाउन सकिने ठाउँ छैन । धेरैजसो कविता लक्षणाधर्मी व्यञ्जनाको स्वर बोकेका छन् । प्रथम पुरुष म र हामी, द्वितीय पुरुष तिमी सर्वनामको दृष्टिविन्दुमा कविले आफ्ना भावना

अभिव्यक्त गरेका छन् । ग्रामीण र सहरिया जनजीवनका विविध परिवेशमा कविता लेखिएका छन् । माथि प्रस्तुत गरिएका सम्पूर्ण कविताहरूमध्येबाट विषयवस्तुगत गहनता आयामगत विविधता, बिम्ब, प्रतीक, अलङ्कार तथा भाषाशैलीगत प्रयोगका आधारमा प्रतिनिधमूलक रूपले निम्न लिखित आठवटा कविताको छनोट गरी विश्लेषण गरिएको छ : (१) 'यो प्यारो प्यारो पहाडी गाउँको नाम थवाङ हो', (२) 'प्रिय कामरेड', (३) 'प्यालेस्टिनी मित्रहरूका नाममा', (४) 'इतिहासको यस घडीमा', (५) 'भाउजू', (६) 'दार्बोटको जङ्गलमा', (७) 'पुर्खे सुनारकी आमा' र (८) 'प्रतिबन्ध' ।

### ४.१.१.१ 'त्यो प्यारो प्यारो पहाडी गाउँको नाम थवाङ हो' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये पहिलो क्रममा रहेको छ । पञ्चायती एकदलीय निरङ्कुश सरकारले अपराधी र उग्रवादी केन्द्रका रूपमा लिएको रोल्पाको थवाङ गाउँको वर्णन गरेर प्रस्तुत कविता रचेको हुनाले मुख्य विषयवस्तु र शीर्षकका बीच तादात्म्य देखिएकोले शीर्षक सार्थक बन्न पुगेको छ । तत्कालीन निरङ्कुश पञ्चायती सरकारले उग्रवादी वा अपराधी केन्द्र घोषणा गरेको थवाङ गाउँलाई कविले सङ्घर्ष र वर्गीय चेतनाको केन्द्रका रूपमा चिनाएका छन् । कविले थवाङलाई ऐतिहासिक चिङ्काङ्सान पहाडजस्तै गौरवको हाँसो हाँसिरहेको प्यारो बस्तीका रूपमा चिनाएका छन् । यही थवाङबाट आस्थाको दृढता व्यक्त गरेका सेनले यस गाउँलाई वर्गसङ्घर्षको केन्द्रका रूपमा वर्णन गरेका छन् । महान् आस्थाको व्यवहारिक र जुझारु गाउँको वर्गसङ्घर्षलाई कवितामा कविले यसरी प्रस्तुत गर्दछन् :

थवाङ्ग जो आज पनि
उत्तरतिर टल्कने निर्मल स्फटिक हिमालजस्तै
मीठो मुस्कान मुस्काइरहेछ
थवाङ्ग जो आज पनि
त्यही हिमालपल्तिर ऐतिहासिक चिङ्काङ्सान पहाडजस्तै
गौरवको हाँसो हाँसिरहेछ ।

(**इच्छुक रचनावली भाग २**, पृ. २०)

प्रस्तुत कवितांशमा नेपाली नयाँ जनवादी क्रान्तिका इतिहासमा विशिष्ट भूमिका बोकेको रोल्या जिल्लाको थवाङलाई एकातिर उच्चता एवम् निर्मलताको प्रतीक बनेको हिमाल र अर्कोतिर चिनिया जनवादी क्रान्तिमा आधार इलाकाको निर्माण गरिएको चिङ्काङ्सान पर्वतको रूपमा उल्लेख गरेका छन् ।

यस कवितामा 'म' पात्र वक्ता, प्रेषक तथा सम्बोधकका रूपमा आएको छ भने त्यसकै केन्द्रीयतामा साथी, थवाङ गाउँका बासिन्दा, मानिस, गरिब, बैरी, पापी, दुष्ट, सैनिक, जनता, क्रान्तिदूत सहिद आदि पात्रहरू उपस्थित भएका छन् । 'म' पात्र क्रान्तिकारी, परिवर्तनकामी तथा अटल आस्था र विश्वास बोकेको महान् योद्धाका रूपमा आएको छ । ऊ गतिशील, अनुकूल तथा प्रतिनिधि पात्रका रूपमा देखापरेको छ । तत्कालीन निरङ्कुश पञ्चायती सरकारको अन्याय, अत्याचार, दमन, शोषण र वर्गविभेदका विरुद्धमा उत्रिएका थवाङ गाउँका बासिन्दा क्रान्तिको राँको बालेर उठेका गरिब जनता, दुःख, कष्ट र अनेक सास्ती सहेर गुजारा चलाइरहेको थवाङ गाउँको

आक्रोशपूर्ण तथा दुःखदपूर्ण परिवेशको चित्रण यस कवितामा गरिएको छ । यसैगरी निष्पट्ट अँध्यारो रातमा सुनसान र शान्त वातावरणमा रहेको त्यो गाउँमा सङ्गीनधारी सैनिकद्वारा चौतर्फी घेराबन्दी गरिएको र निहत्था जनताका घर उजाड पारिएको कारुणिक ग्रामीण परिवेशको चित्रण यस कवितामा गरिएको छ । यति भएर पनि ती दुश्मन, दुराचारी, अत्याचारी सङ्गीनका विरुद्ध धवलागिरि र जलजलाका बीच निडर भएर अडिग रूपमा गौरव र विजयको हाँसो हाँसिरहेको थवाङको जीवन्त, उल्लास र उत्साहपूर्ण परिवेशको चित्रण कवितामा गरिएको छ ।

१५, १६, १२, १२, १६, १७ का पङ्तिक्रममा रहेका ६ अनुच्छेद र ८८ पङ्तिमा संरचित यस कवितामा तृतीय पुरुष दृष्टिविन्दुको आधिक्य रहेको छ । सरल, सहज तथा स्वभाविक भाषाको प्रयोग गरिएको छ । यस कवितामा आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाको राम्रो संयोजन छ । 'चिङ्काङ्सान पहाडजस्तै' र 'उत्तरतिर ढल्कने निर्मल स्फटिक हिमालजस्तै' भएर 'गौरवको हाँसो हाँसिरहेको छ' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ । साथै यस अभिव्यक्तिमा मानवीकृत बिम्बको पनि निर्माण भएको छ । यसबाहेक स्वभावोक्ति, रूपक, दृष्टान्त, अतिशयोक्ति आदि अर्थालङ्कारहरू पनि कवितामा प्रयोग भएका छन् । लयात्मक मुक्त छन्दको प्रयोग भएको यस कवितामा 'थवाङ' समष्टि बिम्बको प्रयोग पनि गरिएको छ । यसले खासगरी क्रान्ति, विद्रोह र अटल आस्थालाई प्रतिबिम्बित गर्दछ । यसरी सन्तुलित संरचनाको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता बन्न पुगेको छ ।

### ४.१.१.२ 'प्रिय कामरेड' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये तेस्रो क्रममा रहेको कविता हो । 'प्रिय' र 'कामरेड' जस्ता दुई पदले युक्त सम्बोधनात्मक ढाँचामा रहेको प्रस्तुत कविताको शीर्षक पदावलीयुक्त रहेको छ । 'म' पात्रले कामरेडहरूलाई उज्यालो, हँसिलो र प्यारो अनुहार भएका योद्धाका रूपमा चिनाउँदै अन्धाहरूका आँखामा ज्योति बाल्दै हिँड्ने, सुधाहरूका मुटुमा राँको सल्काउँदै हिँड्ने, अबुझहरूका बीचमा चेतना जगाउँदै हिँड्ने व्यक्तिका रूपमा सम्बोधन गरेको छ । समाजलाई रूपान्तरण गर्न सक्ने क्षमता भएका कामरेडहरू सबैका प्यारा नै हुन्छन् भन्ने मूल कथ्यविषय र शीर्षकका बीच तादात्म्य सम्बन्ध देखिएको हुनाले शीर्षक सार्थक बनेको छ । जनतासँग प्रत्यक्ष सहभागी भएर शिक्षा, चेतना, जागरण र मुक्तिको बाटोमा अघि बढाउन सहयोग पुऱ्याउने प्रिय कामरेडहरूको कार्यको स्मरण गर्नु, उनीहरूलाई चेतनामा परिवर्तन ल्याउन सिकाउने र सही विचार चिनाउँदै हिँड्ने सन्देशवाहक दूतका रूपमा चिनाउनु यस कविताको मुख्य उद्देश्य रहेको छ । उनीहरूप्रतिको आस्था र सम्मानभाव कविले यसरी व्यक्त गर्दछन् :

तिमी हामीजस्तै अन्धाहरूका आँखामा
ज्योति बाल्दै हिँड्दा रहेछौ
तिमी हामीजस्तै सुधाहरूका मुटुमा
राँको सल्काउँदै हिँड्दा रहेछौ
तिमी हामीजस्तै अबुझहरूका बीचमा
चेतना जगाउँदै हिँड्दा रहेछौ
(**इच्छुक रचनावली भाग २**, पृ. २५)

प्रस्तुत कवितांशमा नेपाली जनतालाई वर्गचेतनाको भावधाराले जागृत, सङ्गठित र आन्दोलित तुल्याउने कामरेड अर्थात् कम्युनिष्ट योद्धाहरूको भूमिकाको ओज र गरिमालाई राम्रोसँग उजागर गरिएको छ ।

यस कवितामा 'म' र 'तिमी' (कामरेड) गरी दुईजना पात्रहरूको प्रयोग गरिएको छ । 'म' पात्र प्रेषक र सम्बोधककर्ताका रूपमा देखिएको छ भने 'तिमी' पात्र सम्बोधित पात्रका रूपमा आएको छ । 'म' पात्रले 'तिमी' पात्रलाई परिवर्तनकारी र क्रान्तिकारी पात्रका रूपमा चित्रण गरेको छ । 'तिमी' पात्र पहाड, जङ्घार, भङ्गाला र छालहरू पार गर्दै हिँड्ने शत्रुका घेरा पहरा, गोली र जालहरूलाई निर्भीकतापूर्वक तोड्दै र छिचोल्दै हिँड्ने गतिशील, अनुकूल र परिवर्तनकामी पात्रका रूपमा देखापरेको छ । यहाँ 'तिमी' पात्र कुनै व्यक्ति विशेष पात्र नभई वर्गीय पात्र हो । कुनै निश्चित परिवेशको चित्रण नगरिएको प्रस्तुत कवितामा तत्कालीन, अशिक्षित, अज्ञानी, गलत विचारधारामा हिँडेका एवम् वर्गीय भेदभाव सहेका जनतालाई कामरेडहरूले सही बाटोमा हिँडाउन चेतना छरेको परिवर्तनकामी विश्व परिवेशको झझल्को पाइन्छ ।

८, ८, ८, ९, ९, ११ का पङ्क्तिक्रममा रहेका ६ अनुच्छेद र त्रिपन्न पङ्क्तिमा संरचित यस कवितामा गद्य लयको प्रयोग गरिएको छ । प्रथम र द्वितीय दृष्टिविन्दुको प्रयोग गरिएको यो कविता नाटकीय ढङ्गमा अगाडि बढेको छ । मुस्कुराउन थाल्नु, हँसिलो मुस्कान छर्नु, बोल्न खोज्नुजस्ता अभिनयात्मक शब्दहरूको प्रयोगले गर्दा यो कविता अभिनेय छ । यस कवितामा आद्यानुप्रास तथा अन्त्यानुप्रासको पूर्ण तथा आंशिक प्रयोग गरिएको छ । कामरेडहरूलाई पहाड, जङ्घार, भङ्गाला र छालहरू पार गर्दै हिँड्ने, शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई निर्भीकतापूर्वक तोड्दै र छल्दै हिँड्नेजस्ता असम्भव कार्यहरू गर्न सक्ने योद्धाका रूपमा प्रस्तुत गरिएकोले यस कवितामा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । यसका साथै रूपक, उपमा, स्मरण, दृश्टान्त, सन्देह आदि अर्थालङ्कारहरूको प्रतीकात्मक प्रयोग भएको देखिन्छ । कामरेडहरूलाई उज्यालो, हँसिलो र प्यारो अनुहार भएको, मान्छे समाज तथा देश चिनाउँदै हिँड्ने असल र सुयोग्य शिक्षक, अन्धाहरूका आँखामा ज्योति बाल्दै हिँड्ने, सुधाहरूका मुटुमा राँको सल्काउँदै हिँड्ने, अबुझहरूका बीचमा चेतना जगाउँदै हिँड्ने एवम् जनतालाई गोलबन्ध गर्ने सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारीका प्रतीकका रूपमा चित्रण गरिएको छ । यसका साथै पहाड, जङ्घार, भङ्गाला पार गरेर हिँड्ने, शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई निर्भीकतापूर्वक तोड्दै र छिचोल्दै हिँड्ने प्रतीकका रूपमा उनीहरूलाई चिनाइएको छ । बिम्ब, प्रतीक र अलङ्कार प्रयोगका दृष्टिले यो कविता सफल रहेको छ । छोटा छरिता, सुकोमल, सुललीत शब्दहरूको प्रयोग वैदर्भी रीति र माधुर्य गुणको रमणीय प्रयोग एवम् सरल, सहज एवम् स्वाभाविक भाषाशैलीको प्रयोगले कविता उत्कृष्ट र सफल बन्न पुगेको छ । यसरी इच्छुकको यो कविता पनि प्रगतिवादी भावधाराको महत्त्वपूर्ण कविता बनेको छ ।

### ४.१.१.३ 'प्यालेस्टिनी मित्रहरूका नाममा' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये छैठौँ क्रममा रहेको यस सङ्ग्रहभित्रको सबैभन्दा लामो कविता हो । यो कविता इच्छुकले दाङको घोराही

कारागारमा २०३९ सालमा बन्दी जीवन बिताउँदा लेखेका हुन् । सम्बोधनात्मक रूपमा प्रस्तुत भएको यस कवितामा वर्गयुद्धको विश्वव्यापी यात्रामा प्यालेस्टिनी भूमिमा भएको युद्धलाई केन्द्र बनाइएको छ । रक्तपात र बर्बर आक्रमणको निन्दा गर्दै निर्णायक युद्ध लड्ने प्यालिस्टिनी जनताप्रति सम्बोधन गरी यो कविता लेखिएको छ । प्यालेस्टिनी जनताहरूको साहसपूर्ण क्रान्तिलाई प्रमुख रूपमा प्रस्तुत गरिएको हुनाले मुख्य विषयवस्तु र शीर्षकबीच तादात्म्य सम्बन्ध देखिएकोले शीर्षक सार्थक बन्न पुगेको छ । तत्कालीन प्यालेस्टिनी सरकारले त्यहाँका जनतामाथि गरेको बर्बरतापूर्ण दमन र जनताको विद्रोहलाई केन्द्रीय विषयवस्तु बनाइएको छ । प्यालेस्टिनी जनताप्रति कविले यसरी सम्बोधन गर्दछन् :

प्यारा-प्यारा मित्रहरू
हजारौँ पर्वत र लाखौँ गज परबाट
तिमीहरूसँग युद्धको भूमिमा
बन्दुक बोकेर सामेल हुन नसके पनि
पापीलाई माफी दिनै नसकिने
यो भीषण नरसंहार र
जघन्य रक्तपातका विरुद्धमा
पाँचै औंलाले दह्रो मुठ्ठी कसेर
आहत तर क्षुब्ध मनले
चुनौतीभरि बैरीलाई अफालेर
र म एउटा हात
तिम्रो समर्थनमा माथि-माथि उठाइरहेछु
र म अर्को हात
शान्तिका लागि
नीलो ध्वजा बाँधेर हावामा लहराइरहेछु ।

(**इच्छुक रचनावली भाग २**, पृ. ३३)

शान्तिको चाहना र मानवजातिको विजयको घोषणालाई प्रस्तुत गरिएको यस कवितांशमा नयाँ संसार निर्माणको लक्ष्य बोक्नेहरूले विश्वको जुनसुकै कुनामा भएको घटना भए पनि त्यसलाई नजिकैबाट नियाल्ने गर्नुपर्दछ र शोषक वर्गका विरुद्धमा गरिएका लडाइँप्रति समर्थन गर्नुपर्छ भन्ने क्रान्तिकारी भाव प्रस्तुत गरिएको छ । कविले यस कवितामा अन्तर्राष्ट्रिय न्यायपूर्ण सङ्घर्षप्रति समर्थन जनाएका छन् । भीषण नरसंहार र जघन्य रक्तपातका विरुद्धमा विश्वका सबै जनता एकजुट भएर बैरीको चुनौतीलाई सामना गर्नुपर्दछ भन्ने उद्घोष गरिएको छ । आफ्नो एउटा हात क्रान्ति र अर्को हात शान्तिको लागि उठाउने अभिव्यक्ति राख्दै कविले क्रान्तिविना शान्ति नहुने बताएका छन् ।

प्रस्तुत कवितामा 'म', 'तिमीहरू', 'हामी' आदि पात्रहरू आएका छन् । 'म' पात्र कथावाचकको रूपमा प्रस्तुत भएर प्यालेस्टिनी मित्रहरूलाई सम्बोधन गरेको छ । 'तिमीहरू' सम्बोधित पात्रका रूपमा आएका छन् । 'म' पात्रले देशको र 'तिमी' पात्रले विश्वका मुक्तिकामी जनताको प्रतिनिधित्व गरेका छन् । नेपालमा पञ्चायत विरोधी आन्दोलन चर्केको र प्यालिस्टिनी जनताले पनि मुक्तिको आन्दोलन गरेको तत्कालीन विश्व परिवेशको चित्रण कवितामा गरिएको छ ।

४१, १७, १५, २१ का पङ्तिक्रममा रहेका चार अनुच्छेद र ९४ पङ्तिमा आबद्ध यो लामो आयाम भएको कविता हो । प्रथम, द्वितीय र तृतीय पुरुष गरी तीनवटै दृष्टिविन्दुहरूको प्रयोग भए पनि प्यालेस्टिनीहरूप्रति सम्बोधन गर्दै लेखिएको यस कवितामा विशेष गरी द्वितीय पुरुष दृष्टिविन्दुको आधिक्य रहेको छ । संसारका शोषक वर्गले निरीह जनतालाई गरेको दमन, अन्याय एवम् अत्याचारलाई बिम्बका रूपमा प्रस्तुत गरिएको छ भने प्यालेस्टिनी जनताहरूलाई क्रान्तिका प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । सरल, सहज एवम् स्वाभाविक भाषाको प्रयोग गरिएको यस कवितामा आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजनाको संयोजन गरिएको छ । ‘रातो रातो आलो रगत’ र ‘मध्यपूर्वीय तातो हावा ब्रह्माण्डभरि बगिरहेछ’ भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । ‘बमको विस्फोट, तोपको गर्जन र बारुदको धूवाँले सारा बेरुत शहर खण्डहर जस्तै कुरुप र निर्जन हुँदै गइरहेको छ’ भन्ने अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ । यसका साथै स्वभावोक्ति, दृष्टान्त, रूपक, सन्देह आदि अर्थाङ्लकारहरूको पनि प्रयोग गरिएको छ । विविध बिम्ब, प्रतीक एवम् अलङ्कारहरूको यथोचित प्रयोग गरी शान्ति र मानवताको विजयको पक्षमा लेखिएको यो कविता प्रगतिवादी भावधाराको स्तरीय रचना बन्न पुगेको छ ।

### ४.१.१.४ ‘इतिहासको यस घडीमा’ कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये चौधौं क्रममा रहेको छ । यही शीर्षकलाई नै आधार मानेर यस सङ्ग्रहको नामकरण गरिएको हुनाले यो प्रतिनिधि कविताका रूपमा देखापरेको छ । पञ्चायती व्यवस्थाको पतन र बहुदलीय प्रजातन्त्रको स्थापनाको सङ्क्रमणकालीन अवस्थामा नयाँ मूल्य मान्यताहरू स्थापित हुनुको साटो पुरानै मूल्य मान्यता हावी भएको तत्कालीन जर्जरपूर्ण अवस्थाको चित्रण गरिएको विषयवस्तु र शीर्षकबीच तादात्म्य सम्बन्ध देखिएकोले शीर्षक सार्थक बनेको छ । जनताका हक अधिकारहरूको स्थापना गर्ने आन्दोलन उत्कर्षमा पुगेको बेलामा नेतृत्व वर्गबाट गरिएको सम्झौताले जनता निराशा भोग्न बाध्य भएको स्थितिलाई कविले यस कवितामा मुख्य विषयवस्तु बनाएका छन् । इतिहासको सङ्क्रमणकालीन अवस्थालाई मुख्य विषयवस्तु बनाइएको प्रस्तुत कवितामा देशमा देखिएका शोषण, दमन, हत्या, हिंसा, पीडा, व्यथा आदिलाई अन्त्य गर्नका लागि आँधीबेहरीमय क्रान्तिलाई रोक्नु हुन्न, अझै जनताका अधिकार स्थापित भएका छैनन्, यो धोकापूर्ण सम्झौता हो भन्दै कविले क्रान्तिवीरलाई यसरी सम्बोधन गर्दछन् :

इतिहासको यस सङ्क्रमणशील घडीमा
भोको पेटका उर्जस्वी चेतनाहरूलाई
निधारबाट रगतका बाछिटाहरू पुछेर
दयालु मुद्रामा विषालु खाजा पस्किरहेछ, भद्रपुरुष
तिमी भने झुक्किनु हुन्न
कहाँ फुलेको छ र डाँडाको फेँदीमा रातै लालीगुराँस
तिमी भने यो फेँदीमै अल्मलिनु हुन्न ।

(**इच्छुक रचनावली भाग २**, पृ. ५४)

यस कवितांशमा क्रान्तिकारी योद्धाहरूलाई आन्दोलनको आँधीबेहरीमय यात्रा नरोक्नका लागि कविले अनुरोध गरेका छन् । यहाँ 'रातै फुलेको लालीगुरासँ' लाई क्रान्तिको प्रतीकका रूपमा लिइएको छ र 'कहाँ फुलेको छ र डाँडाको फेदीमा रातै लाली गुराँस' भनेर क्रान्ति अझै सफल नभइसकेको कुरालाई सङ्केत गरिएको छ । धोकापूर्ण सम्झौताले जनतालाई भुलाएकोमा कविले आक्रोश व्यक्त गरेका छन् ।

'म' पात्र प्रेषक तथा सम्बोधकका रूपमा उपस्थित भएको यस कवितामा त्यसकै केन्द्रीयतामा 'तिमी' पात्र सम्बोधितका रूपमा आएको छ । 'म' पात्र अटल आस्था, विश्वास, युग परिवर्तनकारीको संवाहक, क्रान्तिकारी चेत भएको, गतिशील, अनुकूल पात्रका रूपमा देखापरेको छ । युगको तरुण नायक भनी सम्बोधन गरिएको 'म' पात्रको उल्लेखनीय भूमिका नभए पनि क्रान्तिवीर पात्र यही हो । पञ्चायतकालको अन्तिम अवस्था र बहुदलीय प्रजातन्त्रको आरम्भको अवस्थामा देखिएको सङ्क्रमणकालीन स्थितिप्रति क्रान्तिकारी आवाज बुलन्द गरिएको २०४६ सालको द्वन्द्वपूर्ण परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

१२, १३ का पङ्तिक्रममा रहेका २ अनुच्छेद, २५ पङ्तिमा आबद्ध यो कविता लघु आयामको कविता हो । यस कवितामा प्रथम तथा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'इतिहासको यस घडीमा' भन्ने वाक्यात्मक शीर्षक २०४६ सालको बिम्बका रूपमा आएको छ भने 'म' पात्र अटल आस्था, विश्वास, युग परिवर्तनकारी क्रान्तिकारी योद्धाको प्रतीकका रूपमा कवितामा आएको छ । कविताको आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएको छ । 'केही निस्तेज शिरहरू झुकेर अभिषेक चढाइरहेको', 'दुर्बल मुट्ठीहरू फुकेर जुम्लीहात जोडिरहेको', 'थकित पाइलाहरू गलेर बिसौनीमा बास मागिरहेको' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । साथै यस कथनमा स्वभावोक्ति अलङ्कार पनि एकसाथ आएको छ ।

समाजको आमूल परिवर्तनका लागि भएको जनआन्दोलन सम्झौतामा टुङ्गिएपछि जनता निराश बन्नुपरेको यथार्थलाई कथ्यविषय बनाइएको यो कविता गद्यलयमा रचना गरिएको छ । कविले स्वप्नद्रष्टा चेतना अन्तिम गन्तव्यको अभीप्सालाई गम्भीर शैली, अर्थ गौरवता, सघनत्व र प्रगाढताको शैलीमा प्रस्तुत गरेका छन् । सहज र स्वाभाविक भाषा एवम् बिम्ब, प्रतीक, अलङ्कारको सन्तुलित प्रयोगले कविता स्तरीय बन्न पुगेको छ । प्रगतिवादी क्रान्तिकारी भावधारालाई केन्द्रमा राखी लेखिएको यो कविता जनताका आशा, भरोसा र अधिकार प्राप्तिको महान् यात्रामा सम्झौताले लगाएको बारप्रति आक्रोशित छ ।

### ४.१.१.५ 'भाउजू' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये सोह्रौं क्रममा रहेको नारीवादी कविता हो । यस कवितामा कवि इच्छुकले नारीका विविध रूपलाई स्पष्ट पारेका छन् । नारीलाई पारिवारिक, सामाजिक शोषणको जाँतोमा पिँधिएको देखाइएको प्रस्तुत कवितामा मुख्य कथ्यविषय र शीर्षकका बीच समन्वयात्मक सम्बन्ध रहेकोले शीर्षक सार्थक बन्न

पुगेको छ । भाउजूलाई नेपाली नारी जातिहरूको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरिएको छ । यस कवितामा नारीका विविध समस्यालाई प्रमुख कथ्यवस्तु बनाइएको छ । भाउजू पुरुषको दासताबाट मुक्त हुन नसकेको, चूह्लाचौकाबाट बाहिर निस्कन नसकेको, पुरुषको खटनपटनमा सीमित बनाइएको, रिस पोख्ने भाँडो बनाइएको, सौताको गाँसमा बाँच्न विवश बनाइएको, कमारा-कमारीको रूपमा चिनाउँदै पुरुष सामाजिक मूल्य र नारी सामाजिक मूल्यका बीचमा रहेको भेदभावपूर्ण स्थितिलाई प्रस्तुत गरिएको छ । यस कवितामा समाजमा देखापरेको नारी उत्पीडनको अवस्था र यसले उत्पन्न हुन पुगेको बेथितिलाई प्रमुख विषयवस्तु बनाइएको छ । भाउजूमाथि गरिएको विविध उत्पीडन र त्यसबाट मुक्ति प्राप्तिको स्वरलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

आफ्नै अपराधबोधले ग्रस्त दाजु
समयका पदचापहरूले त्रस्त भएर
मनको तापमा जल्दै छट्पटिन्छन्
नारीलाई जड-बन्धनका सिक्रीहरूले बाँधिराख्न
..................................................
तपाईंको उजेलो मुस्कानमा यसरी ग्रहण लागेर अँधेरो पोतिन्छ ।
(**इच्छुक रचनावली भाग २**, पृ. ५८)

नारी उत्पीडन र त्यसबाट मुक्तिको स्वर अभिव्यक्त भएको प्रस्तुत कवितांशमा पुरुषरूपी दाजुले नारीरूपी भाउजूलाई जड बन्धनका सिक्रीहरूले बाँधिराख्न विविध उपायहरू रचिरहन्छन् भने भाउजूरूपी नारीहरू त्यसको सामना गर्दै पतिभक्तिका रूपमा देखापरेको भावलाई प्रस्तुत गरिएको छ । यसका साथै नारीहरूले हाँस्न नहुने र हाँसे भने वेश्या मानिन्छन् भन्ने भानुभक्तीय मान्यताप्रति कडा व्यङ्ग्य गर्दै सङ्घर्ष र क्रान्तिमा अघि बढ्न आग्रह गरिएको छ ।

प्रस्तुत कवितामा 'म' पात्र कथावाचकका रूपमा देखापरेको छ भने उसकै केन्द्रीयतामा भाउजू, दाजुजस्ता पात्र पनि देखापरेका छन् । 'म' पात्र नारीलाई अत्यन्तै सम्मान गर्ने नारीवादी, उदार हृदय, नारी पुरुष एकै हुन्, लोग्नेहरूको अत्याचारको विरुद्ध नारीहरूले क्रान्तिकारी आवाज उठाउनुपर्छ भन्ने विचार व्यक्त गर्ने गतिशील, अनुकूल एवम् प्रगतिवादी पात्रको रूपमा देखापरेको छ । भाउजू लोग्नेरूपी पुरुषबाट दमित, शोषित एवम् पीडित हुन पुगेकी वर्गीय पात्र हो । 'ऊ' लोग्ने मानिसको दासी, नोकर्नी, खेलौना आदिका रूपमा देखापर्दै त्यसबाट मुक्ति खोजिरहेकी पात्रका रूपमा देखापरेकी छ । दाजु नारीहरूलाई आफ्नो अधीनमा राखेर खेलौना बनाएर नचाउने कुरूप, गतिहीन, प्रतिकूल एवम् शोषक पात्रको रूपमा देखापरेको छ । समाजमा विद्यमान नारीको कारुणिक एवम् दयनीय अवस्थालाई यस कवितामा परिवेशका रूपमा चित्रण गरिएको छ ।

१४, ८, ९, १४, १४ को पङ्तिक्रममा रहेका पाँच अनुच्छेद र ५९ पङ्तिमा आबद्ध प्रस्तुत कवितामा प्रथम एवम् द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । मझौला आयाममा संरचित प्रस्तुत कवितामा सामाजिक नारी उत्पीडनको विषयलाई अभिव्यक्त गरिएको छ । सरल, सहज एवम् स्वाभाविक भाषाको प्रयोग गरिएको यस कवितामा समाजमा महिलामाथि पुरुषवर्गले गर्ने हैकमवादी प्रवृत्ति मुख्य बिम्बका रूपमा प्रस्तुत भएको छ । 'भाउजू' अवला, सृष्टिकी जननी, अदना, पुरुषको रिस पोख्ने भाँडो, दुई कौडीको भाँडो, पुरुषकी हेलाकी कमारी, चरणकी दासी,

विलासकी पुतली, प्रताडनाकी भागी आदि प्रतीकका रूपमा आएकी छ । दाजु नारीहरूलाई उत्पीडन गर्ने प्रतीकका रूपमा देखापरेको छ । आदि, मध्य र अन्त्यमा पूर्ण र आंशिक अनुप्रास सिर्जनाको संयोजन प्रस्तुत कवितामा भएको छ । नारीलाई अवला, सृष्टिकी जननी, रिस पोख्ने भाँडो, विलासकी पुतली आदिसँग अभेद सम्बन्ध देखाइएकोले रूपक अलङ्कारको प्रयोग भएको छ । 'नारीको ओठबाट एकादशीको जूनजस्तै', 'हर्षका कोपिलाहरू फक्रिन थाले', 'आँखामा करुणा, वेदना टल्पलाइरहेझैँ देखिन्छ', 'मुहारमा यातनाको धमिलो छाया चल्मलाई रहेझैँ देखिन्छ' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

प्रगतिवादी धारामा नारीवादी स्वरलाई प्रमुख रूपमा उजागर गरिएको यस कवितामा नारीका विविध समस्या उठाइएको छ । पुरुषप्रधान समाजमा व्याप्त नारी दमन, शोषण, अन्याय, अत्याचार आदिलाई मूल विषय बनाएर लेखिएको प्रस्तुत कवितामा नारीलाई पुरुषसरह व्यवहार गर्नुपर्दछ भन्ने विचार अभिव्यक्त भएको छ ।

### ४.१.१.६ 'दार्बोटको जङ्गलमा' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कवितामध्ये एक्काइसौँ क्रममा रहेको उल्लेखनीय कविता हो । यस कवितामा तत्कालीन काङ्ग्रेसी सरकारले रोल्पा जिल्लाको दार्बोट भन्ने जङ्गलमा माओवादी छापामार विरुद्ध भीषण आक्रमण गरेको थियो । त्यस क्रममा के कस्ता घटनाहरू के कसरी घटे भन्ने कुरालाई कवितामा उल्लेख गरिएको छ । यही मूल विषय र शीर्षकका बीच तादात्म्य सम्बन्ध देखाइएको हुनाले शीर्षक सार्थक बन्न पुगेको छ । जनयुद्धका क्रममा सत्तापक्षद्वारा रोल्पाको दार्बोट जङ्गलमा गरिएको भीषण आक्रमण बर्बर हत्या र दमन गरिए पनि अन्त्यमा सैनिकहरूले पिठ्यूँ फर्काउनु परेको यथार्थ यस कविताको मूल कथ्यविषय हो । आक्रमणमा अटल आस्था र निष्ठा बोकेका क्रान्तिकारी योद्धाले जीतेको प्रसङ्गलाई कविले यसरी व्यक्त गरेका छन् :

योद्धाजस्तै अग्ला वृक्षहरू
मोर्चा कसेझैँ अविचल उभिरहे
एकताको हातेमालो बाँधेर
लहराहरूले दृढताको मुठ्ठी कसिरहे
सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर
बन्दुकहरू लाचार भएर गए
(**इच्छुक रचनावली भाग २**, पृ. ७२)

प्रकृतिको मानवीकरण गरिएको प्रस्तुत कवितांशमा दार्बोटको जङ्गल र त्यहाँका वृक्ष तथा लहराहरूलाई जनयोद्धाका रूपमा प्रस्तुत गरिएको छ । क्रान्तिकारीहरूको साहसपूर्ण अवस्था देखेर दमनकारी सैनिकहरू लाचार भएर फर्कनु परेको तीतो यथार्थलाई यस कवितामा अत्यन्तै कलात्मक तरिकाले प्रस्तुत गरिएको छ ।

७, ५, ५, ८ का पङ्क्तिक्रममा रहेका चार अनुच्छेदका २५ पङ्तिमा संरचित यो कविता लघु आयामको छ । यस कवितामा कथावाचकको केन्द्रीयतामा सैनिकहरूलाई उभ्याइएको छ भने रुख वृक्षहरूलाई पनि मानवीकरण गरेर पात्रको रूपमा चर्चा गरिएको छ । सैनिक पात्रहरू अत्यन्तै

क्रूर, दमनकारी, अत्याचारी एवम् तत्कालीन आदेशलाई आत्मसात गर्ने गतिहीन, प्रतिकूल पात्रको रूपमा देखापरेका छन् । २०५० सालमा तत्कालीन काङ्ग्रेसी सरकारको आदेशमा सैनिकहरूले दार्बोटको जङ्गलमा क्रूरतापूर्वक छापामारी क्रान्तिवीरहरूलाई तहस-नहस पारेको परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको प्रस्तुत कवितामा सरल, सहज एवम् स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । यस कविताले २०५० सालको जनयुद्ध र त्यसबाट प्राप्त नकारात्मक परिणामलाई बिम्बका रूपमा ग्रहण गरेको छ । अन्त्यानुप्रासको आंशिक प्रयोग गरिएको हुनाले प्रस्तुत कविता गद्यमा रचिएको भए पनि लयात्मक, गेयात्मक तथा श्रुतिरम्य बन्न पुगेको छ । दार्बोटको जङ्गलमा सैनिकहरूले आक्रमण गरेको अवस्थालाई वर्णन गरिएको हुनाले स्वाभावोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । 'मरुभूमिबाट उडेर आउने भोका सलहका दलले जस्तै सैनिकहरूले सारा रूखपात एक-एक गरी चाहारेर गए' भन्ने अभिव्यक्तिमा उपमा तथा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । 'योद्धाजस्तै अग्ला वृक्षहरू' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

२०४६ सालको जनआन्दोलनपछि सत्तामा बसेको बहुदलवादी सरकारद्वारा जनताले गरेको वर्गसङ्घर्षको आन्दोलनमाथि भीषण आक्रमण र दमन गरिए पनि आन्दोलन सशक्त रूपमा अघि बढेको यथार्थ चित्रण गरी प्रगतिवादी भावधारामा लेखिएको कवि इच्छुकको यो कविता उल्लेखनीय कविता हो ।

### ४.१.१.७ 'पुर्खे सुनारकी आमा' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये पच्चीसौँ क्रममा रहेको कविता हो । अगाध पुत्रममताको उद्घोष भएको यस कवितामा एकलास रानीवनमा सैनिकको घेरामा परेर मारिएको छोरो पुर्खे सुनारको सम्झनामा उसकी आमा बिर्खु सुनार्नी शोक र क्रोधले बघिनीजस्तै आक्रोशित भएकी छे । समग्र कविताभरि नै पुर्खे सुनारकी आमाको आक्रोशपूर्ण छट्पटाहटलाई प्रस्तुत गरिएकोले प्रमुख कथ्यविषय र शीर्षकका बीच तादात्म्य सम्बन्ध देखिन्छ जसले गर्दा शीर्षक सार्थक बन्न पुगेको छ । प्रस्तुत कविताको विषयवस्तु दुश्मनको राज्य आतङ्क र जनहत्या प्रक्रियामा आफ्नो न्यानो काखमा रहेको निर्दोष छोरालाई एकलास वनमा लगेर मारेपछि शोक, क्रोध र आक्रोशको द्वन्द्वमा रुमलिएकी एउटी आमाको मनस्थिति के कस्तो हुन्छ भन्ने रहेको छ । कविले आक्रोशित आमालाई यस कवितामा उग्रचण्डी, क्रूद्ध लाल भैरवीजस्ता शब्दले सम्बोधन गरेका छन् । छोराको हत्याप्रतिको आक्रोशलाई बिर्खु सुनार्नी यसरी व्यक्त गर्छिन् :

यतिबेला देशै ज्यानमाराहरूको बिर्ता भएको देखेर
जिन्दगी नै सहिदहरूका नाममा वकसपत्र लेखेर हिँडिरहेकी
म त क्रूद्ध लाल भैरवी हुँ
म बिर्खु सुनार्नी
नयाँ जनसमरकी नयाँ जनगाथा
मेरो थप परिचय भन्नु केही छैन

(**इच्छुक रचनावली भाग २**, पृ. ८५)

आफ्नो छोराको हत्याप्रति अत्यन्त क्रूद्ध र आक्रोशपूर्ण भाव अभिव्यक्त गरिएको यस कवितांशमा बिर्खु सुनार्नीले सारा देश ज्यानमाराहरूको बिर्ता भएको देखेर आफ्नो जिन्दगी नै सहिदहरूका नाममा वकसपत्र लेखेर हिँडेको अभिव्यक्ति दिएकी छन् । छोराको हत्याको क्रोधले छट्पटाउँदा पनि स्पात बनेर दृढतासाथ दुश्मनहरूसँग जुध्ने प्रण गरेकी छिन् । यो बिर्खु सुनार्नीको प्रतिशोधको हुङ्कार हो ।

प्रस्तुत कवितामा 'म' (बिर्खु सुनार्नी) प्रमुख पात्रका रूपमा उपस्थित भएकी छ । उसकै केन्द्रीयतामा छोरो पुर्खे सुनार, शत्रु, बैरी आदि पात्रहरू पनि उपस्थित भएका छन् । 'म' अर्थात् बिर्खु सुनार्नी आफ्नो छोराहरूको हत्यामा छट्पटाइरहेका आमाहरूकी प्रतीकका रूपमा देखापरेकी छ । ऊ अत्यन्त विव्हल, आक्रोशित, सङ्घर्षशील, उग्र रणचण्डी, क्रूद्ध लाल भैरवीका रूपमा देखापरेकी छ । अन्याय, अत्याचार, दमन र शोषणलाई देख्न नसहने ऊ परिवर्तनकामी, आशावादी, प्रेरक, गतिशील, अनुकूल तथा क्रान्तिकारी नारी पात्र हो । पुर्खे सुनार सहिदको प्रतीक हो । क्रान्तिकारी तर निरपराधी हुँदाहुँदै पनि शत्रुको पञ्जामा परेर जबर्जस्त मृत्युको मुखमा धकेलिन पुगेको, निरीह, मूकदर्शक तथा अन्य क्रान्तिकारी योद्धाहरूको लागि प्रेरणाको द्योतक पात्रको रूपमा पुर्खे सुनार देखापरेको छ । यस कवितामा जनताका हक अधिकार स्थापना गर्न क्रान्तिमा लागेका योद्धा र सरकारद्वारा दमन, शोषण गरिएको २०५३ सालको द्वन्द्वपूर्ण अवस्थाको परिवेश चित्रण गरिएको छ । सैनिकको घेरामा परेर मृत्युको मुखमा धकेलिन पर्ने बाध्यता भोगेका नेपाली जनता र त्यसबाट आक्रोशित आमाहरूको परिवेशगत चित्रण कवितामा छ ।

३, ८, १३, १९, २३ का पङ्तिक्रममा रहेका पाँच अनुच्छेद र ६६ पङ्तिमा संरचित प्रस्तुत कवितामा प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरिएको छ । सरल, सहज र स्वभाविक भाषाको प्रयोग गरिएको यो कविता गद्यलयको मझौला आयाममा आबद्ध छ । २०५२ सालबाट आरम्भ भएको जनयुद्ध र त्यसबाट उत्पन्न क्रान्तिकारी भावनालाई प्रमुख बिम्बका रूपमा प्रयोग गरिएको छ । बिर्खु सुनार्नीलाई सारा सहिदकी आमाका प्रतीकका रूपमा चित्रण गरिएको छ । उनी सारा आमाहरूकी व्यग्र घाइते बघिनी, उग्र रणचण्डी, क्रूद्ध लाल भैरवी र क्रान्तिकारी योद्धाकी प्रतीक हुन् । बिर्खु सुनार्नीलाई व्यग्र घाइते बघिनी, उग्र रणचण्डी र क्रूद्ध लालभैरवी आदिसँग अभेद आरोप लगाइएको हुनाले रूपक तथा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको देखिन्छ । यसका साथै 'शोक र आक्रोशले डाँडाको बतासजस्तै दिनरात छट्पटाइरहेकी', 'निरीह परेवामाथि निर्दयी बाजहरूले झम्टा मारिरहेजस्तो', 'भोको अजिङ्गरका मुखमा अदना भ्यागुतोझैँ भएर' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ ।

क्रान्तिकारी एवम् प्रगतिवादी भावधारामा लेखिएको र नारीवादी स्वरलाई प्रस्तुत गरिएको यस कवितामा अपराधीहरूको पञ्जामा परेर मृत्युको मुखमा धकेलिन विवश छोरा र त्यसको प्रतिशोधमा जलेकी आमाको आक्रोशलाई देखाइएको छ । सन्तुलित कवितात्मक संरचनायुक्त इच्छुकको यो कविता स्तरीय र महत्त्वपूर्ण छ ।

### ४.१.१.८ 'प्रतिबन्ध' कविताको विश्लेषण

प्रस्तुत कविता **इतिहासको यस घडीमा** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अन्त्यमा रहेको कविता हो । एउटा क्रान्तिकारी योद्धाले जे गर्न चाहन्छ त्यसलाई शासक वा सत्ता वर्गले प्रतिबन्ध लगाएको र शासक वा सत्ता वर्गले जे नगर्न आदेश दिन्छ क्रान्तिकारी योद्धाले यस्तो आदेशलाई नमानी सारा प्रतिबन्धलाई हटाएर अगाडि बढ्ने आफ्नो दृढतालाई कवितामा प्रस्तुत गरिएको छ । त्यसर्थ प्रमुख कथ्यविषय र शीर्षकबीच द्वन्द्वात्मक सम्बन्ध रहेकोले शीर्षक सार्थक बन्न पुगेको छ । क्रान्तिकारी कवि, लेखक, गायक तथा योद्धाहरूलाई यो लेख, यो नलेख, यो गाऊ, यो नगाऊ, यो बाटो हिँड, यो बाटो नहिँड भन्दै उनीहरूका विचारमा प्रतिबन्ध, हातमा हत्कडी र ओठहरूमा ताल्चा भुण्डाउने आदेशका विरुद्ध लाग्ने क्रान्तिकारी योद्धाहरूको साहसपूर्ण प्रगतिवादी विचारलाई यस कविताको मुख्य विषयवस्तु बनाइएको छ । निरङ्कुश आदेशहरूलाई अस्वीकार गरेर तानाशाही बर्बर स्वेच्छाचारीका विरुद्ध निरन्तर आवाज उठाउन नछोड्ने कविको अठोटपूर्ण दृढ अभिव्यक्ति यसरी प्रस्तुत भएको छ :

उठाइरहन्छौँ हामी तिम्राविरुद्ध सङ्घर्षका हातहरू
कसिरहन्छौँ हामी तिम्राविरुद्ध विद्रोहका मुठ्ठीहरू
ओ, अत्याचारका पहरेदारहरू
अन्तिम जीत हाम्रै हो
तिम्रो हारमाथि विजयको भण्डा गाड्दै
हामी भने अथक र अविचल
अन्तिम युद्ध लडिरहन्छौँ ।
(**इच्छुक रचनावली भाग २**, पृ. १०१)

प्रस्तुत कवितांशमा जनयुद्धद्वारा उद्घाटित यथार्थलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । प्रतिगमनकारी शासन सत्ताद्वारा जारी गरिएको दमनको आदेश र प्रतिबन्धका विरुद्ध क्रान्तिकारी तथा परिवर्तनकारी जनसमुदायद्वारा गरिएको साहसपूर्ण प्रतिरोध र स्वतन्त्रता तथा मुक्तिको भावधारा प्रबल रूपमा प्रतिध्वनित भएको छ ।

'हामी' र 'तिमी' गरी दुईजना पात्रहरूको प्रयोग भएको यस कवितामा 'हामी' पात्र अत्यन्त क्रान्तिकारी, परिवर्तनकामी, साहसी, प्रगतिशील, गतिशील तथा अनुकूल पात्रका रूपमा उपस्थित भएको छ । 'तिमी' पात्र अत्यन्त दमनकारी, क्रूद्ध, शोषक, अत्याचारी, गतिहीन तथा प्रतिकूल र परिवर्तनको विरोधी पात्रका रूपमा देखापरेको छ । जनाधिकारका लागि क्रान्ति गर्न उठेका जनसमुदाय र तिनीहरूका विरुद्ध तत्कालीन बहुदलवादी सरकारद्वारा गरिएको दमन र प्रतिबन्धको २०५५ सालको यथार्थ परिवेशको चित्रण कवितामा गरिएको छ ।

५, ५, १५, ७ का पङ्तिक्रममा रहेका चार अनुच्छेद र ३२ पङ्तिमा संरचित यो कविता लघु आयामको छ । प्रथम एवम् द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस कवितामा सरल, सहज एवम् स्वभाविक तर प्रतीकात्मक भाषाको प्रयोग गरिएको छ । तत्कालीन सरकारको आदेश विपरीत योद्धाहरूले गीत लेखिरहेको, गीत गाइरहेको, बाटो हिँडिरहेको, मुठ्ठी कसिरहेको, निरन्तर आवाज उठाइरहेको आदि बिम्बहरूको प्रयोग भएको छ । 'हामी' अर्थात् परिवर्तनकामी योद्धाहरू क्रान्तिका प्रतीकका रूपमा देखापरेका छन् भने 'तिमी' अर्थात् दमनकारी सरकारको क्रूरता र स्वेच्छाचारिता र परिवर्तनका बाधकका प्रतीकका रूपमा आएको छ । आदि, मध्य तथा अन्त्यानुप्रासको पूर्ण तथा आंशिक प्रयोग गरिएको यो कविता गद्यात्मक भए पनि लयात्मक,

गेयात्मक र श्रुतिरम्य बन्न पुगेको छ । सरकारको आदेश विपरीत योद्धाले गीत लेखिरहेको, गीत गाइरहेको, सङ्घर्षका हात र मुठ्ठीहरू उठाइरहेको वर्णनमा विरोधाभाष अलङ्कारको प्रयोग भएको छ । यसका साथै ओठहरूमा ताल्चा भुण्ड्याउनुजस्तो असम्भव कुराको वर्णनमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

दमनकारीहरूले असल कार्यमाथि जतिसुकै प्रतिबन्ध लगाए पनि अन्तिम जीत परिवर्तनकारी, न्यायप्रेमी, सुन्दर भविष्यद्रष्टा जनताहरूको नै हुन्छ भन्ने आशावादी स्वर प्रकट भएको इच्छुकको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता बन्न पुगेको छ ।

### ४.१.२ 'बन्दी आवाज' कविता सङ्ग्रहका कविताको विश्लेषण

**बन्दी आवाज** शीर्षकको यो कविता सङ्ग्रह **इच्छुक रचनावली भाग २** (२०६५) मा प्रकाशित गरिएको छ । २०४७ सालदेखि २०५९ सालसम्म लेखिएका र विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भइसकेका कविताहरूलाई इच्छुक सांस्कृतिक प्रतिष्ठानले सङ्ग्रहका रूपमा २०६५ सालमा **बन्दी आवाज** शीर्षकमा प्रकाशन गरेको हो । यस सङ्ग्रहमा जम्मा ३८ वटा कविताहरू सङ्गृहीत छन् । प्रगतिवादी क्रान्तिकारी भावधारामा रचना गरिएका कविताहरूको यो सङ्ग्रह उत्कृष्ट र स्तरीय कविताहरूको सङ्ग्रह हो । बहुदलीय प्रजातन्त्रको स्थापना भएदेखि जनयुद्धको चरम उत्कर्षको बेलासम्म रचना गरिएका यस सङ्ग्रहका कविताहरू जनयुद्धका अनुभव र अनुभूति समेटेर लेखिएका छन् । बहुदलीय प्रजातन्त्रको स्थापना भएपछि पनि सरकार पञ्चायती ढाँचामा चलेको आक्रोश एवम् जनता निराश हुनु परेको यथार्थको चित्रण उनका केही कवितामा गरिएको छ । आफू कारागारभित्र बन्दी जीवन बिताइरहेका समयमा रचना गरिएका कतिपय कवितामा आत्मानुभूतिको सघन प्रस्तुति छ । जेलमा हुने चरम यातना, पीडा र सास्तीलाई कारुणिक व्यथाको रूपमा सचित्र उतारेका छन् । उनको कविता यात्राको दोस्रो र तेस्रो चरणका कविताहरू यस सङ्ग्रहमा आएका छन् ।

निरङ्कुश पञ्चायतकालीन अवस्था हटाएर बहुदलीय प्रजातन्त्रको स्थापना भए पनि त्यसबाट केही प्राप्ति हुन नसकेको विषय 'माछो-माछो भ्यागुतो' कवितामा छ । ने.क.पा. माओवादीद्वारा २०५२ सालमा सशस्त्र जनयुद्धको घोषणा गरेपछि इच्छुक पनि त्यसमा प्रत्यक्षतः संलग्न भएको देखिन्छ । जनयुद्धमा भएका घटनालाई उनले विषय बनाई कविता लेखेका छन् । राष्ट्र र राष्ट्रियता, समाज, शोषित, पीडित, अति निम्न वर्ग आदिलाई कवितामा समेटेका छन् । जेलमा बस्दाका पीडा र यातनालाई सचित्र वर्णन गरेका छन् । 'यस क्षण' कवितामा जेलका कष्टमय पीडालाई उतारेका छन् । जनयुद्ध र मार्क्सवादलाई जसले जे जस्ता आलोचना गरे पनि आफू विचलित नहुने घोषणा 'म अहिले निराश छैन' कवितामार्फत् गरेका छन् । अन्याय, अत्याचार, दमन, शोषणको समूल नष्ट गर्नका लागि यो जनयुद्ध छेडिएको घोषणा गर्दै हरेक उत्पीडित वर्गलाई युद्धमा होमिन उत्प्रेरित गर्ने खालका कविता यस सङ्ग्रहमा छन् । वर्गीय चिन्तन र मार्क्सवादी विचारधारा उनका कवितामा सलल बगेको छ । प्रचण्डपथीय सौन्दर्यशास्त्रमा आधारित भएर उनले कविता लेखेका छन् । 'एउटा गाउँलेको डायरी', 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमती' जस्ता कवितामा तीव्र क्रान्तिकारी चेत प्रकट भएको छ । साम्राज्यवाद, सामन्तवाद, सामाजिक कुसंस्कारजस्ता प्रवृत्तिको विरोध 'नवजात छोरीसँग', 'काले', 'आदिवासी दिवस र भिखारीदास सदा', 'प्यारो मधेसप्रति', 'मेरो देशको शिशु प्रजातन्त्र' जस्ता कवितामार्फत् गरिएको छ । 'पोखरी र कारागार', 'कारागारको छतमाथि चढेर', 'पिपलको बोट', 'यस क्षण' जस्ता कवितामा बन्दी जीवनको सन्दर्भ र उन्मुक्तिको चाहनालाई प्रस्तुत गरेका छन् । 'अजम्बरी सपना', 'म अहिले निराश छैन', 'यात्रामा हिँड्दाहिँड्दै' जस्ता कवितामा मुक्तिको महान आदर्श र क्रान्तिकारी दृढता व्यक्त गरेका छन् । क्रान्तिकारी आशावादले ओतप्रोत भएका, जनयुद्धको गाथा गाइएका कविता एवम् शोषित पीडित निम्न वर्ग र उन्मुक्तिको चाहनाका कविता यस सङ्ग्रहका कविताका विषयगत विशेषता हुन् । धेरैजसो कविता जेलभित्र रचना गरिएकोले बन्दी जीवनका पीडा र व्यथालाई कवितामा उल्लेख गरिएको छ ।

जनयुद्धका एक सिपाहीद्वारा लेखिएका कविताले जनयुद्धको मर्मलाई बोकेका छन् । समाजका सामन्त वर्गद्वारा निम्न वर्गका निमुखा जनतामाथि गरिएको अन्याय, अत्याचार, शोषण, दमनको विरोध

उनका यस सङ्ग्रहमा सङ्गृहीत कवितामा गरिएको छ । समाजको आमूल परिवर्तन एवम् जनमुखी शासन व्यवस्थाको पक्षमा उनका कविता बोलेका छन् । सहयोद्धाका वीरता, साहस, आशावादिता एवम् स्वर्णिम प्रभातको सपना आदिलाई कवितामा उनिएको छ । वर्गदुश्मनका दमन र आक्रमणको प्रतिकारका लागि जनतालाई आह्वान् गरेका छन् । दोस्रो र तेस्रो चरणका कविताहरू यसमा समेटिएकोले सोही खालका प्रवृत्तिगत विशेषता यस सङ्ग्रहका कवितामा पाइन्छ । यस सङ्ग्रहका कविताहरूले जनयुद्ध, राष्ट्रियता, देशप्रेम, क्रान्तिकारिता, नारी शोषण, उपेक्षित अपहेलित र निमुखा वर्गको वर्गीय मुक्ति आदिमा क्रान्तिकारी स्वर बुलन्द गरेका छन् ।

जनयुद्ध, राष्ट्र, राष्ट्रियता, ग्रामीण एवम् सहरी यथार्थ स्थितिको चित्रण आदि विषयलाई यस सङ्ग्रहका कविताले प्रस्तुत गरेको पाइन्छ । **बन्दी आवाज**भित्र निम्न कविताहरू रहेका छन् : (१) 'माछो-माछो भ्यागुतो', (२) 'नवजात छोरीसँग', (३) 'काले', (४) 'बालबन्दी मिर्ची', (५) 'प्यारो मधेसप्रति', (६) 'तिम्रो र हाम्रो संसार', (७) 'एउटा गाउँलेको डायरी', (८) 'पोखरी र कारागार', (९) 'जेरुसेलम', (१०) 'यात्रामा हिँड्दाहिँड्दै', (११) 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमति', (१२) 'पिपलको बोट', (१३) 'कारागारको छतमाथि चढेर', (१४) 'अजम्बरी सपना', (१५) 'मेरी छोरी', (१६) 'कैदी', (१७) 'दिदी शान्तालाई', (१८) 'कारागारको छतमाथि चढेर', (१९) 'कमैया दुःखीरामलाई प्रश्न', (२०) 'अस्वीकार', (२१) 'एउटा गाउँलेको डायरी', (२२) 'चिनियाँ कवि चेङ च्छूप्रति', (२३) 'जेरुसेलम', (२४) 'आदिवासी दिवस र भिखारीदास सदा', (२५) 'कोशी टप्पु', (२६) 'अजम्बरी सपना', (२७) 'आङ् सान सु की', (२८) 'यात्रामा हिँड्दाहिँड्दै', (२९) 'म अहिले निराश छैन', (३०) 'मेरो देशको शिशु प्रजातन्त्र', (३१) 'भविष्य', (३२) 'रोगी देश', (३३) 'उत्तरतिर', (३४) 'यस क्षण', (३५) 'लालमटियाको सम्झना', (३६) 'प्यूठान, म पनि तिमीसँगै छु', (३७) 'कसरी भनूँ' र (३८) 'शहीद' ।

लघु, मध्यम र दीर्घ गरी तीनै आयाममा यस सङ्ग्रहका कविताहरू संरचित छन् । लघुमा ६ पङ्तिदेखि दीर्घमा १७६ पङ्तिसम्मका कविता यस सङ्ग्रहमा छन् । कतै वर्णनात्मक, कतै विवरणात्मक त कतै प्रश्नात्मक ढाँचाका कविता छन् । नाटकीय संवादात्मक शैलीका कविताहरू अभिनेयसमेत छन् । यस सङ्ग्रहका ३८ वटा कविताहरूमध्ये २० वटा कविता एउटै अनुच्छेदमा रचना गरिएका छन् । 'कारागारको छतमाथि चढेर', 'एउटा गाउँलेको डायरी', 'जेरुसेलम', 'अजम्बरी सपना' र 'यात्रामा हिँड्दाहिँड्दै' गरी ५ वटा कविताहरू केही हरफ बाहेक पूर्णरूपमा दोहोरिएर आएका छन् । कविताका शीर्षक 'काले', 'कैदी' जस्ता दुई अक्षरका शब्ददेखि लिएर 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमती' १९ अक्षरको पूर्ण वाक्यसम्मका रहेका छन् । यस सङ्ग्रहका अधिकांश कविता बन्दी अवस्थामा रहेको बेला लेखिएका र बन्दी जीवनका स्वरहरू कवितामा आएकोले यस सङ्ग्रहको नाम **बन्दी आवाज** दिइएको छ ।

कविका निजी अनुभूति कवितामा व्यक्त भएका छन् । कतै सम्बोधन गरिएका कविता पनि छन् । प्रथम पुरुष दृष्टिविन्दुको आधिक्य धेरै कवितामा छ भने दोस्रो र तेस्रो पुरुषका सर्वनाम शब्द तिनी, उनी, यिनीको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ । सबै कविता गद्य लयमा रचना गरिएका छन् तर आदि, मध्य र अन्तमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले कविताहरू लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेका छन् । जनवादी स्वर र सङ्गीतलाई

कवितामा पूर्ण रूपमा उतारिएको छ । यति हुँदा पनि उनका कविता विचार पक्ष र कलापक्षबाट पूर्ण रूपमा सन्तुलित छन् । विचारको चाप कतै छैन । बिम्ब र प्रतीकहरू पौराणिकदेखि समसामयिक र ग्रामीण एवम् सहरिया सबैतिरका प्रयोग भएका छन् । अलङ्कार योजना कवितालाई श्रुतिरम्य बनाउनको लागि राम्रोसँग संयोजन गरिएको छ । व्यङ्ग्यात्मक शैलीमा लाक्षणिकता एवम् व्यञ्जनात्मकता कवितामा आए पनि बोझिला बनेका छैनन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर प्रयोग गरिएको छ । सरल, सुकोमल भाषाशैलीमा शक्तिशाली भाव व्यक्त गर्न कवि सफल भएका छन् । तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक एवम् ग्रामीण र सहरिया परिवेशको चित्रण उनका यस सङ्ग्रहका कवितामा गरिएको छ ।

इच्छुकको यस कविता सङ्ग्रहका कविताहरूमध्येबाट विषयवस्तुगत गहनता आयामगत विविधता र बिम्ब, प्रतीक तथा अलङ्कार एवम् भाषाशैलीय विभिन्नताका आधारमा प्रतिनिधमूलक रूपले निम्नलिखित १० वटा कविताको छनोट गरी विश्लेषण गरिएको छ : (१) 'माछो-माछो भ्यागुतो', (२) 'प्यारो मधेसप्रति', (३) 'कारागारको छतमाथि चढेर', (४) 'अजम्बरी सपना', (५) 'आदिवासी दिवस र भिखारीदास सदा', (६) 'मेरो देशको शिशु प्रजातन्त्र', (७) 'रोगी देश', (८) 'यस क्षण', (९) 'कसरी भनूँ' र (१०) 'शहीद' ।

### ४.१.२.१ 'माछो-माछो भ्यागुतो' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये पहिलो क्रममा रहेको छ । २०४६ सालको जनआन्दोलनपश्चात् नेपाली जनताहरूले जुन कुराको अपेक्षा गरेका थिए, परिणाम त्यसको ठीक विपरीत हुन गयो । अधिकार प्राप्तिको लागि भएको आन्दोलन नाटकको रङ्गमञ्चजस्तै गरी टुङ्गियो । प्राप्तिको आशा अप्राप्तिजस्तो निराशामा परिणत भएको मुख्य कथ्यवस्तु र शीर्षकका बीच तादात्म्य सम्बन्ध देखिएको हुनाले शीर्षक सार्थक बन्न पुगेको छ । यस कवितामा २०४६ सालमा राजा, काङ्ग्रेस र वाममोर्चाबीच भएको त्रिपक्षीय साझा सम्झौताको तिखो विरोध, सतही रूपमा परिवर्तन र प्राप्तिका हल्ला मच्चाए पनि सारमा कुनै परिवर्तन नै नभएको जिकिर, मेच, नाटक र नायक उनै भएर पर्दा, दृश्य र अभिनय मात्रै फेरिएको, राजनीतिक रूपमा अझै पनि शक्तिशाली रहेको दाबी, पुराना मण्डले, बासी अनुहारको हाली-मुहाली आदि तत्कालीन यथार्थलाई मुख्य विषयवस्तु बनाइएको छ । प्रस्तुत कवितामा जनताका आशाहरू निराशामा परिणत भएको यथार्थलाई यसरी प्रस्तुत गरिएको छ :

मेच उही हो पर्दा फेरिएको छ
नाटक उही हो दृश्य फेरिएको छ
नायक उही हो अभिनय फेरिएको छ
गीत उही हो भाका फेरिएको छ
'डमडम' बाजाहरूको विषालु धुनमा
ताण्डव नृत्यको एकछिन ताल फेरियो भन्दैमा
तिमी ठान्छौ पुरानो नौटङ्की पटाक्षेप भयो ।

(**इच्छुक रचनावली भाग २**, पृ. १०७)

प्रस्तुत कविताांशमा देशमा आमूल परिवर्तनको लागि जनआन्दोलन भए पनि राजा, काङ्ग्रेस र वाममोर्चाबीच भएको त्रिपक्षीय सम्झौताले देशमा केवल पर्दा, अभिनय र दृश्य फेरिए पनि मेच, नाटक र नायक उही भएको व्यङ्ग्य गर्दै यो अवस्थालाई एउटा नाटकसँग तुलना गरिएको छ .

प्रस्तुत कवितामा अप्रत्यक्ष रूपमा 'म' पात्र देखापरेको छ जुन वक्ता पात्रका रूपमा उपस्थित भएको छ । यसकै केन्द्रीयतामा राजा, महान् प्रतापी नायक, पञ्चायती पक्षका हिमायती मण्डलेहरू र न्यायप्रेमी जनता आदि पात्रहरू देखापरेका छन् । 'म' पात्रले तत्कालीन देशको अवस्थालाई निराशावादी ढङ्गले वर्णन गरेको छ । 'म' पात्रले 'तिमी' पात्रलाई सम्बोधन गर्दै शासनशैलीमा परिवर्तन आएको भनिए पनि उनीहरूको सम्पूर्ण जीवन सुरक्षित नभइसकेको प्रति सचेत हुन आग्रह गरेको छ । यस्तो आग्रहबाट ऊ परिवर्तनकामी, गतिशील तथा क्रान्तिकारी पात्रका रूपमा देखापरेको छ । राजा, महान् प्रतापी नायक, पञ्चायती पक्षका हिमायती मण्डले खलनायकका रूपमा देखापरेका छन् । न्यायप्रेमी जनता अपेक्षित परिवर्तन नभएकोले निराश छन् । २०४६ सालको राजनीतिक परिवर्तनपछिको अवस्थामा पनि जनताले परिवर्तनको अनुभूति गर्न नपाएको बिसम परिस्थितिलाई प्रमुख परिवेश बनाइएको छ ।

७, १४, ८, १२ का पङ्तिक्रममा रहेका चार अनुच्छेद र ४१ पङ्तिमा संरचित प्रस्तुत कवितामा द्वितीय एवम् तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने कवि स्वयम् कथावाचकका रूपमा उपस्थित भएकोले प्रथम पुरुष दृष्टिविन्दुसमेत आएको छ । 'मेच उही हो पर्दा फेरिएको छ' भन्ने अभिव्यक्तिमा विरोधाभाष अलङ्कार, 'नेपथ्यबाट आइरहेको आर्तनादहरूको कोरस गीतमा नरमुण्डहरूको मादल ठोकेर नायक नाचिरहेछ र गाइरहेछ' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग र 'तिमी ठान्छौ यो कुनै कल्पनाशील महाकाव्यको मौलिक प्रस्तुति हो' भन्ने अभिव्यक्तिमा सन्देह तथा भ्रान्तिमान अलङ्कारको प्रयोग भएको देखिन्छ । यसबाहेक उत्प्रेक्षा, दृष्टान्त, अप्रस्तुत प्रशंसा, स्वभावोक्ति आदि अलङ्कारहरूको पनि प्रयोग गरिएको छ । यस कवितामा 'माछो' आशा वा प्राप्तिको प्रतीक र 'भ्यागुतो' अप्राप्ति र निराशाको प्रतीकका रूपमा देखापरेको छ । २०४६ सालपछिको नैराश्यपूर्ण अवस्था बिम्बका रूपमा आएको छ । आदि, मध्य र अन्त्यानुप्रासको पूर्ण तथा आंशिक संयोजनले गर्दा गद्यमा लेखिएको भए पनि लयात्मक, गेयात्मक र श्रुतिमोहक छ । सरल, सहज र स्वभाविक भाषाशैलीको प्रयोग गरिएको यो कविता बोधगम्य बनेको छ । यसरी प्रगतिवादी भावधाराको इच्छुकको यो कविता स्तरीय कविता हो । २०४६ सालपछिको राजनीतिक परिवर्तनपछि पनि जनताका आशाहरू निराशामा परिणत भएको कटु यथार्थलाई व्यङ्ग्यात्मक तथा प्रतीकात्मक रूपमा अभिव्यक्त गर्न यो कविता सफल भएको छ ।

### ४.१.२.२ 'प्यारो मधेसप्रति' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये पाँचौ क्रममा रहेको छ । देशमा चलेको जनयुद्धको मध्यावस्थातिर रचना गरिएको यस कवितामा मधेस र मधेसवासीप्रति पहाडी र हिमालीहरूको सम्बन्ध अत्यन्त निकट रहेको देखाउन खोजिएको छ । तीव्र समाजबोध भएका कवि इच्छुकले उत्पीडित वर्ग समुदायलाई सुम्सुम्याउने क्रममा निरङ्कुश शासकहरूले उपेक्षा गरी उत्पीडन थोपरेको मधेस र मधेसवासीप्रति उनले आत्मीय भाव प्रकट

गरेका छन् । जनयुद्धले पहाड र मधेसका बीच सम्बन्ध निकट भएको भन्दै कविले पहाड र मधेस दुवैको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्ने बताएका छन् । पहाडमा फुल्ने लालीगुराँस र तराईमा फुल्ने गुलाफ, पहाडको चिसो बतास र तराईको न्यानो घाम सबैले देशका लागि सुन्दरता प्रदान गरेका छन् । तराई र पहाड एउटै बगैँचाका भिन्न-भिन्न फूलजस्तै राष्ट्रका अभिन्न अङ्ग हुन् । वर्गीय मुक्तिविना अन्य अन्याय, अत्याचार, दमन, शोषणको उत्पीडनबाट मुक्त हुन सकिदैन । आफ्नो स्वार्थपूर्तिका लागि देशलाई टुक्राउने, साम्प्रदायिक सद्भाव खल्बलाउनेजस्ता कार्य हुन थालेकोले त्यसप्रति सचेत हुन कविले आग्रह गरेका छन् । जनयुद्ध मुक्तिको सही मार्ग भएकोले यसलाई अन्तिम निष्कर्षमा पुऱ्याउन र वर्गीय मुक्ति पाउनका लागि मधेस र पहाडवासीहरू काँधमा काँध मिलाउँदै अघि बढ्नु पर्ने भाव कविले व्यक्त गरेका छन् । मधेस र मधेसीका उत्पीडन र अधिकार प्राप्तिको लागि आन्दोलित हुन आग्रह गरिएकोले यस कविताको शीर्षक 'प्यारो मधेसप्रति' सार्थक बन्न पुगेको छ । अहिले विभिन्न दुराशयबाट मधेसलाई गिजोलिएको, नेपालकै भूभाग होइन भन्ने अर्थ लगाउने र देशै टुक्राउन लागेको प्रति उनी सचेत बनाउँदै भन्छन् :

आँखा खोलेर राम्ररी हेर
कताको आँप कताको हाम्रो झटारो
हामीलाई जुधाउन कसैले
उन्मादको आगोमा
आवेशको घ्यू थपेको हुन सक्छ
(**इच्छुक रचनावली भाग २**, पृ. ११९)

यहाँ कविले मधेसवासीलाई राम्रोसँग आँखा खोलेर हेर्न आग्रह गरेका छन् । तिमी र हामीलाई लडाएर आफ्नो स्वार्थपूर्ति गर्न चाहनेहरूले हामीलाई मिलाउनुको सट्टा दन्किएको आगोमा घ्यू थपेझैँ अझै बढी सम्बन्ध बिगार्ने प्रयास गरेको हुन सक्छ त्यसप्रति हामी सचेत बन्नुपर्छ भन्ने भाव अभिव्यक्त गरेका छन् ।

प्रस्तुत कवितामा 'म' पात्रको केन्द्रीयतामा 'तिमी' (मधेस र मधेसवासी) पात्र आएको छ । 'म' पहाडी हिमाली पात्र हो जसले मधेस र मधेसबासी 'तिमी' पात्रलाई क्रान्तिमा लाग्न आग्रह गरेको छ । 'तिमी' उत्पीडित, उपेक्षित र अपहेलित पात्र हो भने 'म' पात्र क्रान्तिकारी, वक्ता, प्रेषक, गतिशील पात्र हो ।

गद्यलयका १०, २१, १२, २०, ४ को पङ्तिक्रममा रहेका पाँच अनुच्छेद र ६७ पङ्तिमा आबद्ध प्रस्तुत कवितामा प्रथम र द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'सप्तरङ्गी इन्द्रेणीको सप्तरङ्गी मालाजस्तै' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार र 'म लाली गुराँस, तिमी रातो गुलाफ' आदि अभिव्यक्तिमा रूपक अलङ्कारको प्रयोग भएको छ । यसबाहेक अतिशयोक्ति अलङ्कारको पनि प्रयोग भएको छ । 'म' पहाडको प्रतीक, 'तिमी' मधेसको प्रतीक, लालुपाते, लालीगुराँस, शीतल बतास, बर्सात्, वसन्त आदि पहाडी प्रतीक र गुलमोहर, गुलाफ, न्यानो हावा, ग्रीष्म, शरद आदि मधेसी प्रतीकका रूपमा आएका छन् । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगमार्फत् भाषाशैलीलाई मिठासपूर्ण बनाइएको छ । सरल, सरस भाषाशैली र विभिन्न बिम्ब, प्रतीक र अलङ्कारका माध्यमबाट मधेसका पीडालाई आत्मसात् गर्नुका साथै यसबाट मुक्तिका

लागि पहाड र मधेसवासीहरू एक-आपसमा मिलेर अगाडि बढ्नुपर्ने प्रगतिवादी विचारधारा बोकेको यो कविता सन्तुलित संरचनाको स्तरीय कविता हो ।

### ४.१.२.३ 'कारागारको छतमाथि चढेर' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये १३ औँ क्रममा रहेको छ । २०५६ सालमा कारागारमा बन्दी जीवन बिताइरहेको बेला बन्दीहरूलाई मुक्ति दिलाउन आग्रह गर्दै बन्दीहरूको तीतो यथार्थ यस कवितामा प्रस्तुत गरिएको छ । जेलमुक्त हुन चाहने कैदीलाई कारागारको बन्द पर्खालले छेकेको छ तर पनि कारागारको छतमाथि चढेर कैदीहरू आफू मुक्त भएको अनुभव गरेका छन् । उन्मुक्तिको चाहना गर्दागर्दै पनि भित्रै बस्नुपर्ने बाध्यता खेपेका बन्दीहरूले स्वतन्त्रताको मीठो अनुभूतिले बाँचिरहेका छन् । जब बन्दीहरू कारागारको छतमाथि चढी क्षीतिजलाई अँगाल्न पुग्छन् तब तिनीहरूमा वास्तविक जीवनका पीडा अनुभूत हुन थाल्दछ । त्यही समयमा मुक्तिको वास्तविक अर्थ र स्वाधीन जीवनको सपना देखेका बन्दीहरूमा स्वतन्त्रताको मीठो अनुभूति फूलजस्तै फक्रन थालेको भाव कवितामा प्रस्तुत गरिएको छ । बन्दीहरूले कारागारको छतमाथि चढ्दा उन्मुक्त भएको ठान्ने कथ्यविषय र शीर्षकका बीच तादात्म्य सम्बन्ध रहेको हुँदा यस कविताको शीर्षक सार्थक बन्न पुगेको छ । बन्दी जीवनमा स्वतन्त्रता र उन्मुक्तिको चाहना कति तीव्र र उत्कट हुन्छ भन्ने भाव कविले यसरी व्यक्त गर्दछन् :

> कति प्यारो हुन्छ
> उन्मुक्तिको तीव्र चाहना
> कति सुन्दर लाग्छ
> स्वतन्त्रताको उत्कट भावना
> त्यो बन्दी भएर बाँच्नेले जान्दछ
> स्वतन्त्र उड्ने पंक्षीलाई
> सुनकै पिँजराभित्र थुने पनि
> त्यो उसका लागि बन्धन नै हुन्छ ।
>
> (**इच्छुक रचनावली भाग २**, पृ. १३८)

यस कवितांशमा बन्दीहरूको भौतिक र मानसिक दशालाई अत्यन्त प्रभावकारी ढङ्गले अङ्कन गरिएको छ । जतिसुकै सुख दिएर जति राम्रो जेलमा राखे पनि त्यो उनीहरूका लागि सुखको क्षण हुन सक्दैन, स्वतन्त्रता र उन्मुक्तिको तीव्रतम् इच्छा र चाहना बन्दीलाई मात्र थाहा हुन्छ भन्ने भावका साथ जेलको चित्रमय वर्णन गरिएको छ ।

प्रस्तुत कवितामा 'ऊ' पात्र केन्द्रीय पात्रका रूपमा देखापरेको छ । ऊ जेलमा परेको स्वतन्त्रता चाहने क्रान्तिकारी पात्र हो । उसले राखेको उन्मुक्तिको चाहनाले उसलाई गतिशील बनाएको छ । वक्ता तथा प्रेषक पात्रका रूपमा 'ऊ' आएको छ ।

९, १४, १८ का पङ्तिक्रममा रहेका ३ अनुच्छेद र ४१ पङ्तिमा यो कविता संरचित छ । तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको यस कवितामा आदि, मध्य र अन्त्यमा अनुप्रास योजना पूर्ण तथा आंशिक रूपमा मिलाइएको छ । 'कैदमुक्त भएभैँ', 'बीजजस्तै टुसाउन थाल्दछ', 'कलीजस्तै पलाउन थाल्दछ', 'फूलजस्तै फक्रन थाल्दछ' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ । पिँजरालाई कारागारको प्रतीक र पन्छीलाई स्वतन्त्रता चाहने बन्दीका रूपमा प्रयोग गरिएको छ । कारागारको छत स्वतन्त्रता र उन्मुक्तिको बिम्बका रूपमा आएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग एवम् सरल, सहज र स्वभाविक भाषाशैलीको प्रयोगले

कविता सम्प्रेष्य र बोधगम्य बनेको छ । गद्यमा लेखिए पनि कविता लयात्मक र गेयात्मक बनेको छ । यसरी समग्रमा हेर्दा कारागारमा बन्दी जीवन बिताउन विवश पात्रका पीडा, व्यथा र उन्मुक्तिका चाहना समेटिएको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता हो ।

### ४.१.२.४ 'अजम्बरी सपना' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये चौधौँ क्रममा रहेको कविता हो । यस कवितामा कविको महान् आदर्श र क्रान्तिकारी आशावादलाई व्यक्त गरिएको छ । वर्गदुश्मनका दमन, शोषण, अन्याय र अत्याचारका अभियानहरूलाई चुनौती दिँदै त्यसका विरुद्ध सङ्घर्ष गर्ने सशक्त क्रान्तिको दृढता व्यक्त भएको छ । मुक्तिको उद्दाम सपना, मुक्तिको अप्रतिरोध्य महान् आदर्श बोकेको यस कविताको मुख्य विषयवस्तु मानिसका अजम्बरी सपनाहरू जति नै बढी दमन गरेर, हत्या हिंसा गरेर, घेराबन्दी गरेर, गिरफ्तारी गरेर, गोली दागेर, जिउँदै आगोमा जलाएर खरानी बनाउन सकिदैन । अजम्बरी सपनाहरू हत्या, हिंसा र दमनलाई चिर्दै सङ्कल्पको महाअभियानमा सलल गतिशील भइरहन्छन् भन्ने रहेको छ । मुक्तिकामी जनताका स्वरलाई हतियार र गोलीको आडमा दबाउने कुचेष्टा गर्ने निरङ्कुश सरकारलाई यी बुलन्द स्वरलाई दबाएर साम्य पार्न चेतावनी दिँदै जस्तोसुकै हत्कण्डा प्रयोग गरे पनि क्रान्तिको अमर सपना नमर्ने विचार व्यक्त भएको यस कवितामा आदर्श र क्रान्तिकारी आशावादी दृढतालाई कविले यसरी व्यक्त गरेका छन् :

घर घेर, गोठ घेर
करेसा र आँगन घेर
गाउँ घेर जङ्गल घेर
..........................
कतै हावा पनि फरार होला
हावाका तेज झोंक्काहरूलाई घेर
तर पनि घेरिंदैन कहिल्यै
हाम्रो मुक्तिको उद्दाम सपना ।

(**इच्छुक रचनावली भाग २**, पृ. १४०)

यस कवितांशमा वर्गदुश्मनका दमन अभियानहरूलाई चुनौती दिँदै त्यसका विरुद्ध सङ्घर्ष गर्ने सशक्त प्रकारको क्रान्तिकारी दृढता अभिव्यक्त गरिएको छ । मुक्ति र सङ्घर्षको क्रान्तिकारी सपना कसै गरे पनि रोक्न नसक्ने चुनौती कविले दिएका छन् ।

प्रस्तुत कवितामा 'म' पात्र वक्ता, प्रेषक तथा सम्बोधकका रूपमा उपस्थित् भएको छ । उसकै केन्द्रीयतामा 'तिमी' पात्र प्रापक, सम्बोधित् पात्रका रूपमा आएको छ । 'म' पात्र भोलिको सुन्दर सपना देखेको क्रान्तिकारी, गतिशील र अनुकूल पात्र हो भने 'तिमी' पात्र दमनकारी, अत्याचारी, सरकारका प्रतीकका रूपमा आएको प्रतिकूल पात्र हो । जनयुद्धकालको सिराहा जेलको चित्रण गरिएको यस कवितामा सैनिक लगाएर जनताका हक अधिकार लुट्ने २०५७ सालको सरकारको गतिविधि परिवेशका रूपमा आएको छ । साथै घर, गोठ, आँगन, जङ्गल, देउराली, भञ्ज्याङ, ओढार आदि प्राकृतिक परिवेश पनि चित्रित छन् ।

१२, १७, १४ का पङ्तिक्रममा रहेका ४५ पङ्ति र तीन अनुच्छेदमा संरचित यो मझौला आयामको कविता हो । सरकारद्वारा गरिएका क्रूरतापूर्ण व्यवहारका बिम्ब झल्कने यस कवितामा 'सपना' सुनौलो भविष्य बोकेका मुक्तिकामी जनताको समष्टि बिम्बका रूपमा आएको छ । स्वतन्त्रता र मुक्तिको प्रतीकका रूपमा नहार्ने महान् सङ्कल्प आएको छ । 'हावाको तेज झोंक्काहरूलाई घेर', 'शुष्क हाडहरूको पहाड ठड्याऊ' जस्ता अभिव्यक्तिमा अतिशयोक्ति, नरसंहार, ताण्डव नृत्य, मृत्यु उत्सव आदि अभिव्यक्तिमा रूपक अलङ्कारको प्रयोग भएको छ । यस कवितामा अनुप्रासिक आवृत्तिमूलक भाषा, तुकबन्दीयुक्त ढाँचा, एकल नभई युगल ढाँचा, सामान्य भाषिक रूपभन्दा पृथक ढाँचा, रूप र आयाम लिएर संयोजित गरिएको छ । आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रासको योजना मिलाइएको यो कविता गद्यमा रचना गरिए पनि लयात्मक, गेयात्मक, श्रुतिरम्य र ओजपूर्ण बन्न पुगेको छ । सरल, सम्प्रेष्य यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता हो ।

### ४.१.२.५ 'आदिवासी दिवस र भिखारीदास सदा' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये चौबीसौँ क्रममा रहेको छ । यस कवितामा यो देशका धर्तीपुत्र आदिवासी जनजातिका तड्पन, अभाव, पहाड र मधेसका दुःख र दर्दलाई विषयवस्तु बनाइएको छ । आदिवासी दिवसको सन्दर्भ पारेर कविले उनीहरूका उत्पीडन र वेदनालाई सदा-सर्वदा एउटा भोको पेट पाल्न मधेसी भूमिमा सङ्घर्षरत भिखारी दास सदाको माध्यमबाट उजागर गरेका छन् । कृषिप्रधान देश नेपालमा श्रम र श्रमिकको उचित मूल्य निर्धारण गरिएको छैन । श्रम गर्ने श्रमिक पेट भर्न नपाई मर्छ, उत्पादित अन्न मालिकले स्याहार्छ । समाजमा हुनेखाने सामन्तीवर्गको अन्त्य नभई सर्वहारा वर्गको मुक्ति हुँदैन । जसको जोत उसको पोत हुनुपर्छ भन्ने क्रान्तिकारी विचार कविले व्यक्त गरेका छन् । भूमिपति र भूमिहीन बीचको खाडलको चित्रण गरिएको यस कवितामा अपहेलित, उत्पीडित आदिवासीहरूको वेदना सम्बोधन गरिएकोले शीर्षक र विषयबीच तादात्म्य सम्बन्ध देखिन्छ जसको कारण शीर्षक सार्थक बन्न पुगेको छ । कविले पहाडी र मधेसीका पीडा समान भएको भन्दै सँगै मिलेर सङ्घर्ष गर्नु पर्ने भाव व्यक्त गर्छन् । जस्तै :

पहाडजस्तै गरिब रहेछ मधेस
मधेसजस्तै दुःखी रहेछ पहाड
उस्तै-उस्तै रहेछ तिनको कथा
कालापार जाने पहाडजस्तै
मधेस पनि जाँदो रहेछ परदेश ।

(**इच्छुक रचनावली भाग २**, पृ. १६४)

प्रस्तुत कवितांशमा पहाड र मधेसका कथा-व्यथालाई उस्तै-उस्तै भनेर तुलना गरिएको छ। यसले पहाडी र मधेसी जनसमुदायलाई मीठो वर्गीय प्रेममा आबद्ध गरेको छ। पहाड र मधेसमा बस्ने जनसमुदायका बीच साम्प्रदायिक विद्वेष फैलाउन चाहनेहरूका लागि एउटा गतिलो झापड हो ।

यस कवितामा 'म' पात्र वक्ता र सम्बोधकका रूपमा आएको छ । यस कविताको नायक भिखारीदास सदा सम्बोधित पात्रका रूपमा आएको छ । साथै पहाड मधेसका जनजाति, आदिवासी, किसान, मजदुर आदि पात्रहरू पनि कवितामा छन् । 'म' पात्र क्रान्तिकारी, परिवर्तनकामी र अटल

विश्वास बोकेको महान् योद्धा, अनुकूल तथा गतिशील पात्र हो । भिखारीदास सदा पीडित, उपेक्षित, श्रमजीवी पात्र हो । यस कवितामा मधेस, तराई, पहाड, परदेश, चौतारो, गाउँ, दिल्ली, पञ्जाब आदि परिवेशको चित्रण छ । सामाजिक रूपमा उपेक्षित समुदाय र राजनीतिक रूपमा अपहेलित मधेसी जनजातिको परिवेशको चित्रण राम्रोसँग गरिएको छ ।

प्रस्तुत कविता एक अनुच्छेद र ८५ पङ्तिमा आबद्ध छ । मझौला आयाममा संरचित यस कवितामा प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'तराईको शस्य-श्यामल भूमि' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार, 'हिमचुलीजस्तो अग्लो', 'पहाडजस्तै गरिब', 'कुम्हालेको चक्रझैँ घुमेर' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कार प्रयोग भएको देखिन्छ । 'औरही दरबार र खिडौना दरबारको तामझाम उस्तै छ बेलाहा दरबार' भन्ने अभिव्यक्तिमा मानवीकृत बिम्ब प्रस्तुत भएको छ । भिखारीदास उत्पीडित जनजातिको प्रतीकका रूपमा आएको छ । गद्यमा लेखिए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले यो कविता लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोगले कविता सम्प्रेष्य बनेको छ । यसरी सन्तुलित संरचनामा आबद्ध प्रगतिवादी भावधाराको यो कविता स्तरीय बन्न पुगेको छ ।

### ४.१.२.६ 'मेरो देशको शिशु प्रजातन्त्र' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये तीसौँ क्रममा रहेको छ । २०४६ सालको जनआन्दोलनपश्चात् प्रजातन्त्रको पुनर्स्थापना भए पनि यसलाई हुर्काउने जोगाउने नाममा सङ्कटकाल लगाएर क्रूर, हिंस्रक र दर्दनीय अवस्था निम्त्याएको विषय यस कवितामा उल्लेख गरिएको छ । प्रजातन्त्र स्थापना भए पनि जनताका स्वतन्त्रता समानता आदि हक अधिकार स्थापना हुन सकेनन् । जनवादी व्यवस्था कायम गर्न देशमा जनयुद्धको थालनी भयो । सरकारले प्रजातन्त्रमाथि आक्रमण भएको भन्दै प्रजातन्त्रकै खिल्ली उडाउँदै प्रजातान्त्रिक मूल्य-मान्यता विपरीत दमन, अत्याचार, हिंसा र बर्बर आतङ्क मच्चायो । प्रजातन्त्रको कोखबाटै हिंस्रक सङ्कटकालको जन्म भयो । नेपाली जनताको बलिदानीबाट प्राप्त प्रजातन्त्र शिशु अवस्थामै लुटियो । कविले यस कवितामा व्यङ्ग्यात्मक शैलीमा हाम्रो हाँसो फुल्ने बेलामा यो शिशुतन्त्रको पनि अन्त्य हुने घोषणा गरेका छन् । सरकारको यस्तो बर्बर र क्रूरतापूर्ण व्यवहार तथा जनताको स्वतन्त्रताको चाहनाप्रति औँला ठड्याई आदि दुस्साहसपूर्ण कार्यप्रति कविको सहानुभूति छ । कठैबरा विचरा यो शिशुतन्त्र भन्दै व्यङ्ग्यात्मक पाराले सङ्कटकालका विविध क्रियाकलापको उजागर गरिएको यस कविताको शीर्षक र विषयवस्तुबीच प्रतीकात्मक सम्बन्ध रहेको छ जसको कारण शीर्षक सार्थक बन्न पुगेको छ । नेपालको शिशु प्रजातन्त्रमाथि गरिएको जघन्य अपराधलाई कविले यसरी व्यक्त गर्दछन् :

बन्दी आमाको सुन्दर सपना विपरीत
जन्मियो रगतपच्छे गर्भबाट

फेरि एउटा कुरूप र क्रूर बालक
मेरो देशको शिशु प्रजातन्त्र
जन्मँदै हिंस्रक बाघको खुनी दाह्रा र
भालुको नङ्ग्रा लिएर आएको यो सुकुमार शिशु
गाउँ र बस्तीमा क्रूरताको सिकार खेलिरहेछ

(**इच्छुक रचनावली भाग २**, पृ. १७८)

प्रस्तुत कवितांशमा नेपालमा प्रजातन्त्र ल्याउन अनेक सपुतले ज्यानको बली दिनु पऱ्यो । सुन्दर, शान्त भविष्यको नेपाल आमाको सपना विपरीत प्रजातन्त्र जन्मँदै हिंस्रक बाघ भालुजस्तो भयो । सरकारले सङ्कटकाल लगाई जनताका हक अधिकारमाथि आक्रमण गऱ्यो र भर्खर जन्मेको शिशु प्रजातन्त्रमाथि आक्रमण गरियो । सङ्कटकाललाई प्रजातन्त्र भनी उल्लेख गरेका कविले यस्तो प्रजातन्त्रले गाउँ, बस्तीमा क्रूरताको सिकार गरेको भाव व्यक्त गरेका छन् ।

प्रस्तुत कवितामा 'म' पात्र वक्ता तथा सम्बोधकका रूपमा आएको छ । उसकै केन्द्रीयतामा शिशु, आमा, अगस्तिजस्ता पात्रहरू पनि आएका छन् । 'म' पात्र क्रान्तिकारी, परिवर्तनकामी र अटल विश्वास बोकेको महान् योद्धा हो । नेपालमा प्रजातन्त्र स्थापनापछि सरकारले सङ्कटकाल लगाएर जनतामाथि दमन, अन्याय, अत्याचार गरेको र सरकारको यस्तो जघन्य अपराधप्रतिको आक्रोशपूर्ण परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

एक अनुच्छेद र ५४ हरफमा आबद्ध यो मझौला आयामको कविता हो । 'म' पात्रको आधिक्य रहेको यस कवितामा प्रथम एवम् तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । 'बेचैन बर्सातको घामजस्तै', 'कैले भोको अघोरीले लासहरूजस्तै', 'कैले प्यासो अगस्तिले विशाल समुद्रजस्तै', 'सानो कलीझैँ बर्बर कुल्चिएर', 'अधम पिताको नराधम पुत्रझैँ' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कार, 'भलभली बगेको रगतको तातो प्याला पिइरहेछ' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार प्रयोग भएको छ । यसका साथै रूपक, विषम, आदि अलङ्कार पनि प्रयोग भएका छन् । भालुका नङ्ग्रा, कालोबादल आदि जनयुद्धको बेला प्रजातान्त्रिक सरकारले गरेको दमनका बिम्बका रूपमा आएका छन् । शिशु प्रजातन्त्र सङ्कटकालको बिम्ब हो । आमा नेपाल राष्ट्रकी प्रतीक हुन् । शिशु प्रजातन्त्र हिंस्रक बाघको पञ्जामा परेकोप्रति कविको आक्रोश उनिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सहज र सम्प्रेष्य भाषाशैलीले कविता महत्त्वपूर्ण र स्तरीय बन्न पुगेको छ । आदि, मध्य र अन्त्यानुप्रासको सुन्दर संयोजनले कविता लयात्मक गेयात्मक र श्रुतिमोहक बनेको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कार र सुन्दर भाषाशैलीमा रचिएको यो कविता गहन र मार्मिक बन्न पुगेको छ । प्रगतिवादी भावधाराको यो कविता स्तरीय कविता हो ।

### ४.१.२.७ 'रोगी देश' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये तेत्तीसौँ क्रममा रहेको छ । यस कवितामा कविले आफू रोगले ग्रस्त भई अस्पतालको शैय्यामा मृत्युसँग लडिरहँदा आफ्नो रोगभन्दा पनि नेपाल आमा/देशप्रति चिन्तित भएर आफ्ना अनुभूतिलाई सजीव ढङ्गले प्रस्तुत गरेका छन् । आफ्नो रोगको पीडाभन्दा पनि देशको रोगको पीडाले घायल भई अन्तर्हृदय दुःखिरहेको कुरालाई उजागर गरेकोले शीर्षक र कविताको अन्तर्वस्तुबीच समन्वय देखिन्छ । देशलाई मानवीकृत गरी मानिसरूपी देशलाई लागेको चोट, रोग र घाउलाई सामान्य उपचारबाट

मात्र नभई भित्री रूपबाट शल्यक्रिया गरी युगान्तकारी परिवर्तन गर्नु पर्दछ भन्ने मुख्य विषयवस्तु यस कवितामा लिइएको छ । देशमा व्याप्त हत्या, हिंसा, अन्याय, अत्याचार, दमन, शोषण, कुरीति, कुसंस्कार, भ्रष्टाचार लगायतका रोगले मुलुक आक्रान्त बनेको छ । यो दीर्घरोगको पीडालाई उपचार नगरेसम्म रोगको समूल अन्त्य गर्न सकिँदैन, त्यस्तो रोगको उपचार भनेको कुनै मलमपट्टी र ट्याब्लेट होइन युगान्तकारी क्रान्तिकारी आन्दोलन हो जसमार्फत् देशका समस्या समाधान गर्न सकिन्छ र देश रोगमुक्त हुनसक्छ भन्ने विचार उनले व्यक्त गरेका छन् । देश रोगीबन्दा आफू पनि रोगी बनेको सचेत नागरिकको यथार्थ अभिव्यक्तिलाई कविले यसरी प्रस्तुत गरेका छन् :

म रोगी छु
मभन्दा बढ्ता मेरो देश रोगी छ
म पीडाग्रस्त छु
मभन्दा बढ्ता मेरो देश पीडाग्रस्त छ
यो बेला देशै निरोगी नभई
व्यक्ति स्वस्थ र तन्दुरुन्त हुनुको
कुनै अर्थ हुँदैन

(**इच्छुक रचनावली भाग २**, पृ. १८३)

प्रस्तुत कवितांशमा आफू रोगी र पीडाग्रस्त भएको र त्यो भन्दा पनि बढी देश रोगी र पीडाग्रस्त भएको अवस्थालाई मानवीकृत रूपमा चित्रण गरेका छन् । जबसम्म देश स्वस्थ अर्थात् शान्तिमय, समुन्नत र उच्च विकसित हुन सक्दैन तबसम्म व्यक्ति स्वस्थ र तन्दुरुस्त अर्थात् व्यक्तिमात्र सफल भएर केही अर्थ हुँदैन भन्ने कुरा व्यक्त गरेका छन् । यसमा आफू र देशलाई तुलना गरी समान पीडा भोग्ने व्यक्तिका रूपमा प्रस्तुत गरेका छन् ।

प्रस्तुत कवितामा कविले 'म' पात्रका माध्यमबाट देशप्रतिको चिन्तालाई उजागर गरेका छन् । 'म' पात्र वक्ता र सम्बोधक पात्र हो । म पात्रकै केन्द्रीयतामा रोगी, पीडित र अस्वस्थ देश पनि सम्बोधित र प्रापक मानवीकृत गरिएको पात्रका रूपमा देखापरेको छ । आफू बिरामी भएर वीर अस्पतालमा बसेको परिवेशमा सारा देश नै त्यस्तै अस्पतालको शैय्यामा रहेको काल्पनिक परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

गद्यलयका ५१ पङ्ति र एक अनुच्छेदमा संरचित यो मझौला आयामको कविता हो । रोगी कवि रोगी देशको प्रतीकका रूपमा आएको छ । 'रोग' देशमा व्याप्त अनेक खालका कुरीति र कुसंस्कारको समष्टि बिम्बका रूपमा प्रस्तुत भएको छ । 'अस्पताल', 'रोगी देश' र 'शल्यक्रिया' जस्ता प्रतीकले जनयुद्धलाई प्रतिनिधित्व गरेका छन् । 'ठूलो आँधीले ढाकेको बूढो वृक्षझैँ', 'मृत्युको गीतजस्तै', 'विदा भएर गएको शताब्दीजस्तो' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार एवम् 'मनभित्र चिन्ताका हिमतालहरू फुटिरहेछन्', 'मनको नीलो आकाशमा हेर' जस्ता अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस कवितामा आफ्नो रोगलाई देशको रोगसँग तुलना गरिएको छ । जनयुद्धको समयमा विरामी भई आफू अस्पताल बस्नु परेको अवस्थालाई देशसँग दाँजेका छन् । यस्तो रोग र पीडालाई मूल जरादेखि नै निर्मुल पार्नै पर्ने अठोट कविले गरेका छन् । सरल, सहज तथा स्वाभाविक भाषा तथा श्रुतिरम्य ललीत शैलीको प्रयोग गरिएको यस कवितामा आदि, मध्य र अन्त्यानुप्रासको पूर्ण तथा आंशिक योजना मिलाइएको छ जसले गर्दा

कविता लयात्मक, गेयात्मक बन्न पुगेको छ । यसरी प्रगतिवादी भावधारामा रचना गरिएको इच्छुकको यो कविता स्तरीय र उल्लेखनीय बन्न पुगेको छ ।

### ४.१.२.८ 'यस क्षण' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये चौतीसौँ क्रममा रहेको सबैभन्दा लामो कविता हो । २०५६ सालमा सिराहा कारागारमा बसेको बेला लेखिएको यस कवितामा तत्कालीन अवस्थामा कविले भोगेका यातनाको इतिवृति दिइएको छ । जनयुद्धको बेलामा जनताका आवाज बुलन्द गर्ने क्रममा सरकारका खुनी पञ्जाहरूबाट भएको चरम यातनाको कारुणिक अवस्थाको सचित्र वर्णन गर्दै कविले आफू अर्ध होस र अर्ध बेहोस अवस्थामा रहेको कुरा व्यक्त गरेका छन् । आफूमाथि दिइएको यातना र देशमाथिको बलत्कारलाई समानान्तर रूपमा वर्णन गरेका कविले यस्तो कष्टमय क्षणमा पनि सुनौलो भोलिको सपना देख्न छाडेका छैनन् । क्रूर दमन र असह्य यातना खेप्दै जेलभित्र बस्नु परेको पीडालाई कविले उल्लेख गर्दै अन्त्यमा आसुरी शक्तिमाथि दैवी शक्तिको जीत हुने कुरा व्यक्त गरेका छन् । जेलमा बस्दाका क्षणमा आफूले भोगेका यातनाको चित्रण र भोलिको सुन्दर सपना बोकेको मुख्य विषयवस्तुमा आधारित यस कविताको शीर्षक 'यस क्षण' सार्थक बन्न पुगेको छ । चरम यातना र पीडालाई अत्यन्त मार्मिक ढङ्गले प्रस्तुत गरेका कविले आफ्नो पीडालाई सहन नसकी हतास र तहसनहस भएर प्राकृतिक विपत्ति आइदिए पनि यी क्रूर, आततायी, खुनी जल्लादहरू ध्वस्त हुने थिए भन्ने भाव व्यक्त गरेका छन् । आफ्नो जेलभित्रको अवस्थालाई उनले यसरी व्यक्त गर्छन् :

कुनै जल्लादको एउटा सजीव खेलौना हुँ म
खेलाइँदैछु क्रूरताको कुनै क्रूर खेल
मजा मानी-मानी
सोच्छु - आकाश खसिदिए हुन्थ्यो
ज्वालामुखी फुटिदिए हुन्थ्यो
कसरी सहनु यो बर्बर यातना
बरु प्रलय भइदिए हुन्थ्यो
सोंच्छु - यसैगरी सधैंभरि
यो यातनाको कालो रात कति रहला ?
पूर्वमा रातो लालिमा छर्दै
के भोलि उज्यालो प्रातः नहोला
(**इच्छुक रचनावली भाग २**, पृ. १९१)

प्रस्तुत कवितांशमा जनयुद्धका क्रममा बन्दी भई कारागारभित्र रहेको बेला क्रूर दमनकारी व्यक्तिहरूबाट आफूले खेप्नु परेको चरम यातनाको वर्णन गरेका छन् । यो कविता कवि स्वयम्ले भोगेको पीडा हो । यसमा तत्कालीन शासक तथा यातना दिनेहरूलाई जल्लादको रूपमा चिनाउँदै आफू तिनीहरूको एक खेलौनाका रूपमा खेलाइएको कुरा व्यक्त गरेका छन् । यातनाको पीडालाई खप्न नसकी कविले बरु आकाश खसिदिए, ज्वालामुखी फुटिदिए, प्रलय भइदिए हुन्थ्यो भन्ने विचार अभिव्यक्त गरेका छन् । यस्तो यातनाको बीच पनि यो यातनाको रात धेरै दिन नटिक्ने र पूर्वबाट नयाँ लालीमा छर्दै नयाँ बिहानी आउने आशा राखेका छन् ।

यस कवितामा कविले आफैलाई 'म' पात्रका रूपमा उभ्याएका छन् । 'म' पात्र वक्ता, प्रेषक, सम्बोधक, पीडित, भोगक गतिशील र अनुकूल पात्र हो । चरम यातनाका बेला पनि उसले भोलिको सुनौलो बिहानको आशा राखेको छ । 'म' पात्रकै केन्द्रीयतामा उपस्थित अन्य पात्रहरू क्रूर, जल्लाद, खुनी, आततायी आदि प्रापक, सम्बोधित र प्रतिकूल पात्रका रूपमा आएका छन् । २०५६ सालको सिराहा कारागारभित्रको बन्दी अवस्थालाई यस कवितामा मुख्य परिवेश बनाइएको छ ।

१७६ पङ्क्ति र एक सिङ्गो अनुच्छेदमा संरचित यो कविता दीर्घ आयाममा आबद्ध छ । यसमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उसका यातना भोगाइलाई आत्मानुभूतिका माध्यमबाट यहाँ प्रस्तुत गरिएको छ । 'कविको यातना' समग्र जनताले भोगेको यातनाको बिम्ब र 'जेल' देशको बिम्बका रूपमा प्रयोग गरिएको छ । कवि जनताका प्रतीक हुन् भने जल्लाद दमनकारी सरकारका प्रतीकका रूपमा आएको छ । शुण्डमुशुण्डजस्ता राक्षसी पात्रको पौराणिक बिम्बले सरकारी दमनप्रति सङ्केत गरेको छ भने दैवी पात्रको पौराणिक बिम्बले क्रान्ति र शान्तिलाई सङ्केत गरेको छ । 'कुनै मायालु हातले जस्तै', 'फिरफिरेझैँ हावामा', 'रिल घुमेझैँ विस्मृतिको रजतपटमा', 'कोलमा तोरी पेलेझैँ पेलिँदैछु' भन्ने अभिव्यक्तिमा उपमा अलङ्कार, 'यातनाको कालो रात कति रहला र' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार, 'के भोलि उज्यालो प्रातः नहोला ?' भन्ने अभिव्यक्तिमा सन्देह अलङ्कारको प्रयोग भएको देखिन्छ । साथै यस कवितामा भ्रान्तिमान, संसृष्टि आदि अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रासको संयोजनले यो कविता लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्द एवम् सरल, सहज र स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको छ । वर्णनात्मक एवम् नाटकीय गद्यशैलीमा लेखिएको यो कविता प्रगतिवादी भावधाराको महत्त्वपूर्ण कविता बन्न पुगेको छ ।

### ४.१.२.९ 'कसरी भनूँ' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** शीर्षकको कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये सैँतीसौँ क्रममा रहेको सबैभन्दा छोटो कविता हो । यो कृष्ण सेन इच्छुकद्वारा लिखित कविताहरूमध्ये उनको जीवनकालको अन्तिम प्रकाशित कविता हो । कविले आफू देशभित्रै भएर पनि निर्वासितजस्तो जीवन बिताउनु परेको, घरभित्रै भएर पनि बन्दीको जस्तो जीवन बिताउनु परेको तीतो यथार्थलाई यस कवितामा प्रस्तुत गरेका छन् । आफू आफ्नै देशभित्र बसिरहेको बेला पनि कुनै सूचना प्राप्त गर्न नसकेको, जनताका हक अधिकारहरू शासकवर्गबाट लुटिएको उजाड र उदास देशको अवस्थालाई चित्रण गरेका छन् । खासगरी देशमा सरकारद्वारा सङ्कटकालको घोषणा गरिएपछि जनतामा आएको उदासीन स्थितिको एउटा क्रान्तिकारी योद्धाले व्यक्त गर्न नसकेको कुरालाई लिएर यस कविताको शीर्षक चयन गरिएकोले विषयवस्तु र शीर्षकबीच देखिएको तादात्म्य सम्बन्धका कारण शीर्षक सार्थक बन्न पुगेको छ । देश उजाड, उदास बन्न पुगेको र त्यस्तो प्रदेशलाई हरियाली प्रदेशका रूपमा चित्रण गर्न नसकिने कुरा कविले यसरी व्यक्त गर्दछन् :

> खडेरीले खाएको छ गाउँ बस्तीका हरियालीहरू
> यो उजाड बस्तीलाई गुलजार प्रदेश कसरी भनूँ म ?

(**इच्छुक रचनावली भाग २**, पृ. १९९)

प्रस्तुत कवितांशमा कविले तत्कालीन सरकारद्वारा घोषणा गरिएको सङ्कटकाललाई खडेरी भन्दै गाउँ बस्तीको हरियाली त्यही सङ्कटकालले खाएको र यस्तो उजाड गाउँ बस्तीलाई हरियाली प्रदेश कसरी भन्ने भनेर प्रतिप्रश्न गरेका छन् ।

यस कवितामा 'म' पात्र वक्ता, सम्बोधक र प्रेषक पात्रका रूपमा आएको छ । 'म' पात्र निर्वासित र बन्दी पात्र हो । देशभित्र बसेर पनि जनताका मौलिक हक अधिकार क्रूर शासनसत्ताद्वारा लुटिएपछि उदास बनेको पात्रको रूपमा 'म' पात्र उपस्थित भएको छ । २०५८ सालमा सरकारद्वारा सङ्कटकाल लगाएपछि उत्पन्न अवस्था, हतास, निराश र उजाड ग्रामीण परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको यो कविता मुक्तक जस्तो छ । एक अनुच्छेद र छ पङ्तिमा संरचित यो लघु कविता हो । यसमा 'खडेरी' लाई बिम्बको रूपमा स्थापित गर्दै गाउँमा रहेको शून्य अवस्थालाई 'उजाड' प्रतीकले सङ्केत गरिएको छ । 'देशभित्रै भएर पनि निर्वासितजस्तै छु म', 'घरभित्रै भएर पनि बन्दीजस्तै छु' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ । गद्यमा रचना गरिएको भए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले यो कविता लयात्मक, गेयात्मक र श्रुतिरम्य बन्न पुगेको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सरस एवम् स्वाभाविक भाषाशैलीको प्रयोग गरिएको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता हो ।

### ४.१.२.१० 'शहीद' कविताको विश्लेषण

प्रस्तुत कविता **बन्दी आवाज** शीर्षकको कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अन्तिम क्रममा रहेको कविता हो । यस कवितामा महान् सहिदहरूको अर्चना गरिएको छ । देश र जनताको मुक्तिका लागि आफ्नो ज्यानको आहुति दिएका सहिदहरूप्रति गरिएको सम्झना, श्रद्धाभाव र सम्मान नै यस कविताको मुख्य विषयवस्तु हो । आफ्नो जिउ ज्यानको कुनै प्रवाह नगरी राष्ट्र र जनताको मुक्तिका लागि ज्यान अर्पण गरेका व्यक्तिहरूको सम्झनामा लेखिएको यस कविताको शीर्षक 'शहीद' सार्थक बन्न पुगेको छ । सहिदले देखाएको बाटोमा लाग्नु पर्ने विचार व्यक्त गर्दै राष्ट्र र जनताको मुक्तिको महान् यात्रामा एक दुईजना योद्धाले बलिदान गर्न परे पनि विचलित हुन नहुने भाव अभिव्यक्त भएको छ । तारा झरे पनि, फूल ओइलिए पनि, ज्योति निभे पनि खास त्यस्तो फरक पर्दैन तर ती तिमी हौ भने अर्कै कुरा हो भन्दै सहिदप्रति यसरी सम्मान भाव राखेका छन् :

तिमी असङ्ख्य ताराहरूमध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ
तिमी असङ्ख्य फूलहरूमध्ये सुन्दर फूल लालीगुराँस हौ
तिमी असङ्ख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति महाज्योति हौ
प्रिय शहीद ! तिमी महान छौ/श्रद्धेय छौ/अमर छौ
र युगयुग सदासर्वदा अमर रहिरहने छौ ।

(**इच्छुक रचनावली भाग २**, पृ. २००)

प्रस्तुत कवितांशमा सहिदप्रति अत्यन्तै सम्मानभाव प्रकट गरिएको छ । सधैं अटल रहिरहने ध्रुवतारा, सुन्दर फूल लालीगुराँस, चम्किलो महाज्योति आदिसँग सहिदहरूलाई तुलना गर्दै उनीहरूलाई युग-युगसम्म बाँचिरहने भनी सम्मानभाव प्रस्तुत गरिएको छ । उनीहरू सदा महान् र श्रद्धेय बन्ने भन्दै सहिदको वीरगाथा गाइएको छ ।

यस कवितामा 'म' पात्र कवि स्वयम् सम्बोधक, वक्ता र प्रेषकका रूपमा आएका छन् । 'तिमी' पात्र सम्पूर्ण सहिदहरूको प्रतीक गतिहीन र शून्य पात्रका रूपमा उपस्थित छ । जनयुद्धमा सहादत प्राप्त गरेका आफ्ना सहयोद्धा प्यारा सहिदप्रति समर्पित यस कवितामा जनयुद्धकालीन परिवेशको चित्रण गरिएको छ ।

१४ हरफका एक अनुच्छेदमा संरचित यो कविता लघु आयामको छ । यस कवितामा 'शहीद' मुक्तिको बिम्बका रूपमा आएको छ । 'ध्रुवतारा' अटल आस्था र निष्ठाको प्रतीक, 'लालीगुराँस' क्रान्ति र सुन्दरताको प्रतीक एवम् 'महाज्योति' वीरता, साहस र सुनौलो भविष्यको प्रतीकका रूपमा प्रयोग भएका छन् । 'कीर्तिमय ध्रुवतारा', 'सुन्दर फूल लालीगुराँस', 'चम्किलो ज्योति महाज्योति' भन्ने अभिव्यक्तिमा रूपक, अतिशयोक्ति र दृष्टान्त अलङ्कारको एकैसाथ प्रयोग भएको छ ।

द्वितीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको यो कविता गद्य भए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सरस एवम् स्वाभाविक भाषाशैलीको प्रयोग यस कवितामा गरिएको छ । यसरी सहिदप्रति सम्मानभाव प्रकट गरिएको यो कविता क्रान्तिकारी प्रगतिवादी भावधाराको स्तरीय कविता बन्न पुगेको छ ।

### ४.१.३ 'आरम्भिक कविता' कविता सङ्ग्रहका कविताको विश्लेषण

इच्छुकले उनको कविता लेखनको प्रारम्भिक अवस्थामा लेखेका कविताहरूलाई समेटेर **इच्छुक रचनावली भाग–२** (२०६५) मा **आरम्भिक कविता** शीर्षकको यो कविता सङ्ग्रह प्रकाशित गरिएको छ । २०३२ सालदेखि २०४५ सालसम्म विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका तर उनको पहिलो कविता सङ्ग्रह **इतिहासको यस घडीमा** (२०५६) मा नपरेका १० कविता यस सङ्ग्रहमा सङ्गृहीत छन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानले उनका फुटकर कवितालाई खोजेर उनको कविता यात्राको प्रथम चरणमा लेखिएका यी कविताहरूलाई सङ्ग्रहको रूपमा प्रस्तुत गरेको हो । यस सङ्ग्रहका कविताहरू सम्पूर्ण रूपमा परिपक्व छैनन् । तानाशाही पञ्चायती व्यवस्था विरुद्ध उनका कविताहरू कोरिएका छन् । उनको प्रथम प्रकाशित कविता 'भोलिप्रति' देखि उनको औपचारिक कविता यात्राको थालनी भएको मानिन्छ । 'भोलिप्रति' कविता यसै सङ्ग्रहमा सङ्गृहीत छ । बन्दी अवस्थामा लेखिएका 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' र 'बेन्जामिन मोलाइसको फाँसीमा' गरी दुई कविता छन् भने अन्य ८ वटा कविता खुला जीवनमै रचना गरिएका छन् ।

यस कवितामा तानाशाही पञ्चायती निरङ्कुश व्यवस्थाको घोर विरोध गर्दै भोलिको सुन्दर जीवनको आशा व्यक्त गरिएको छ । गरिब, निम्न वर्गीय जनताका वेदना र सुस्केरालाई कवितामा उठाएका छन् । सबै कवितामा भोलिको आशा झल्केको छ भने तानाशाही पञ्चायती व्यवस्थाको विरोध गरिएको छ । सहयोद्धालाई अझ वीरता साहस प्रदर्शन गर्दै अघि बढ्न आग्रह गरेका छन् भने अन्तर्राष्ट्रिय वर्गीय पात्र बेन्जामिनसम्म पनि कवि पुग्न भ्याएका छन् । वर्गसङ्घर्ष यस सङ्ग्रहका कविताको प्रमुख स्वर हो । सहयोद्धाप्रति सम्मान र श्रद्धाभाव प्रकट गरेका केही कवितामा अन्याय, अत्याचार, दमन, शोषणका विरुद्ध आन्दोलनमा उत्रन न्यायप्रेमी जनतालाई आग्रह गरेका छन् । उपेक्षित र उत्पीडित जनता नतातेसम्म सुन्दर बिहानी नआउने भाव कविले व्यक्त गरेका छन् ।

समाजमा व्याप्त कुप्रथा, कुसंस्कार एवम् विभेदकारी नीतिको जाँतोमा जनता पिँधिएको, सामन्तवर्गको खुनी पञ्जामा निमुखा जनता परेको प्रति कविले आक्रोश पोखेका छन् र विद्रोह गर्न आग्रह गरेका छन् । राजनीतिक एवम् सामाजिक विकृति विसङ्गति, अन्याय-अत्याचार, शोषण-दमन, नारी हकहीत, अन्तर्राष्ट्रिय परिवेश आदिलाई यस सङ्ग्रहका कविताहरूको विषयवस्तु बनाइएको छ । यस सङ्ग्रहभित्र निम्नानुसारका कविता रहेका छन् : (१) 'भोलिप्रति', (२) 'एउटा लाहुरेको घर फर्कने अठोट' (३) 'नयाँ साल समयको हस्ताक्षर', (४) 'शुभकामना', (५) 'मेरा पश्चातापपछिका केही सुस्केराहरू', (६) 'हामी विश्वस्त छौं', (७) 'बाध्यता', (८) 'तिमी', (९) 'बेन्जामिन मोलाइसको फाँसीमा' र (१०) 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' ।

उपर्युक्त सबै कविताहरू एकै आयामका छैनन् । 'बाध्यता' ६ पङ्तिदेखि 'पर्खाल भित्रबाट तिमीलाई सम्झँदा' ५४ पङ्तिसम्मका कविता समेटिएकोले लघु र मझौला आयामका कविता यस सङ्ग्रहमा सङ्गृहीत छन् । दीर्घ आयामका कविता यसमा छैनन् । शब्ददेखि पूर्णवाक्यसम्मको शीर्षक राखिएको छ भने 'भोलिप्रति', 'बेन्जामिन मोलाइसको फाँसीमा' र 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' बाहेक अरू कविताहरू एकै अनुच्छेदमा लेखिएका छन् । सम्बोधनात्मक, विवरणात्मक र वर्णनात्मक शैलीको प्रयोग भएका कविताहरूमा प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहका सबै कविताहरू मुक्त छन्दमा रचना गरिएको छ । बिम्ब, प्रतीक र अलङ्कारको सुन्दर प्रयोगले विचार र भावका बीच समन्वय गरेको छ । लक्षणा र व्यञ्जना शब्दशक्तिको प्रयोग गरिएका कविताले विकृति र विसङ्गतिप्रति चर्को व्यङ्ग्य गरेका छन् । पञ्चायतकालीन राजनीतिक परिवेशमा रचना गरिएका उनका यस सङ्ग्रहका कविता सरल र सुबोध्य छन् ।

इच्छुकको यस कविता सङ्ग्रहका कविताहरूमध्येबाट प्रतिनिधिमूलक रूपले उनको प्रथम प्रकाशित कविता 'भोलिप्रति' र यस सङ्ग्रहको लामो कविता 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' को विश्लेषण यसप्रकार गरिएको छ :

### ४.१.३.१ 'भोलिप्रति' कविताको विश्लेषण

प्रस्तुत कविता **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये पहिलो क्रममा रहेको छ । २०३२ सालमा प्रकाशित यो कविता इच्छुकको पहिलो प्रकाशित कविता हो । यस कवितामा भविष्यको सुनौलो आशा र भरोसालाई मुख्य विषयवस्तु बनाइएको छ । भोलिप्रति आश्वस्त हुँदै संसार विजय गर्ने शक्तिका रूपमा क्रान्ति र विद्रोहलाई लिइएको छ । तत्कालीन पञ्चायती निरङ्कुश सरकारले जनताका मौलिक हक अधिकारहरू खोसिदिएको अवस्थामा सबै जनता एकजुट भएर लाग्ने हो भने यस्ता काला कानुन फेर्न सकिन्छ भन्दै अन्याय, अत्याचार, दमन र शोषणका विरुद्ध लड्न आह्वान गरिएको छ । भोलिको उज्यालो जीवनको आशा गरेर लेखिएको यस कविताको शीर्षक सार्थक बन्न पुगेको छ । कविले समाजका सचेत वर्गलाई भोलिका निम्ति केही गर्नका लागि कवितामा यसरी आह्वान गरेका छन् :

हामी निर्माण-गीत हौं भोलिका

हामीले आफूलाई पहिले चिनिदिनुपर्छ
'म', 'तिमी', 'यिनी' बनौँ समस्तका एक रूप हामी
यहाँ जिउँदो भएर बाँचिदिनुपर्छ
आँधी र तुफानले हुङ्कारिरहेको जिन्दगीको सङ्ग्राममा
कदम-कदम अघि बढाउँदै लगी हाँसिदिनुपर्छ ।
(**इच्छुक रचनावली भाग २**, पृ. २०६)

प्रस्तुत कवितांशमा भोलि आइपर्ने कार्यका लागि पहिले आफैले आफैलाई चिनेर समाजका सबै व्यक्ति अमर रूपमा बाच्नु पर्ने अवस्थालाई देखाएका छन् । जीवनलाई सङ्ग्रामका रूपमा लिँदै आँधी, तूफान आदिलाई छिचोल्दै आफ्ना पाइला अगाडि बढाउँदै हाँस्नुपर्छ भन्ने भावना व्यक्त गरेका छन् । यसमा आफू एक्लो नभई समस्त रूपमा जिउँदो बन्नु पर्ने कुरा स्पष्ट गरेका छन् ।

प्रस्तुत कवितामा भोलिको आशा बोकेको 'म' पात्र वक्ता, प्रेषक र सम्बोधक प्रमुख पात्रका रूपमा उपस्थित भएको छ । उसकै केन्द्रीयतामा 'तिमी' 'यिनी' जस्ता पात्र पनि गौण पात्रका रूपमा आएका छन् भने 'हामी' सम्बोधित र सहायक पात्रका रूपमा आएका छन् । 'म' पात्र भोलिको निम्ति लड्ने गतिशील, अनुकूल र क्रान्तिकारी पात्र हो । २०३२ सालको पञ्चायतकालीन राजनीतिक अवस्था र सुनौलो भविष्यप्रतिको आशावाद प्रमुख परिवेशका रूपमा यस कवितामा चित्रण गरिएको छ ।

१०, १७ का पङ्तिक्रममा रहेका दुई अनुच्छेद र २७ पङ्तिमा संरचित यो मझौला खालको कविता हो । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ । 'नगाएकै गीतले मलाई किन यति सारै लट्ठ पार्छ' जस्ता अभिव्यक्तिमा विरोधाभाष, 'यही हो पत्थरका चट्टान हामी बनिदिनुपर्छ' भन्ने अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ । यसबाहेक अप्रस्तुत प्रशंसा अलङ्कारको पनि प्रयोग भएको छ । 'भोलि' आशा, भरोसा, विश्वास र परिवर्तनको प्रतीकका रूपमा आएको छ । साथै म, तिमी, यिनी, हामी क्रान्तिकारी र परिवर्तनकामी योद्धाका प्रतीकका रूपमा आएका छन् । मुक्त छन्दमा रचना गरिए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास मिलाइएकोले यो कविता लयात्मक, गेयात्मक र श्रुतिमोहक बन्न पुगेको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सरस र स्वाभाविक भाषाशैलीको प्रयोगले यो कविता सम्प्रेष्य बनेको छ । यसरी सन्तुलित संरचनामा रचना गरिएको यो कविता प्रगतिवादी भावधाराको स्तरीय कविता हो ।

### ४.१.३.२ 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' कविताको विश्लेषण

प्रस्तुत कविता **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्ये अन्तिम क्रममा रहेको छ । २०४३ सालमा घोराही कारागारभित्र बन्दी जीवन बिताउँदा लेखिएको यस कवितामा कारागारको बन्द पर्खालभित्रबाट अविचलित रूपमा अघि बढिरहेको मुक्ति योद्धालाई सम्झना गरिएको छ । आँधी, हुरी र बेहरीका बावजुद पनि विविध चुनौतीका पर्खाल नाघ्दै मुक्ति मार्गमा अघि बढिरहेको सहयोद्धाप्रति उसको वीरता, साहस र स्वाभिमानको प्रशंसा एवम् आफू पञ्चायती निरङ्कुश एकदलीय व्यवस्थाको विरुद्ध आवाज उठाउँदा र बहुदलीय व्यवस्थाका पक्षमा बोल्दा बन्दी जीवन बिताउनु परे पनि सहयोद्धाबाट मुक्तिको सपना साकार हुने अपेक्षा यस

कविताको मुख्य विषयवस्तु हो । बन्दी अवस्थामा सहयोद्धाका वीरता, साहस, क्रान्तिकारिता र स्वाभिमानको सम्झना गरी लेखिएको यस कविताको शीर्षक 'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' सार्थक बन्न पुगेको छ । 'तिमी' अर्थात् मुक्तिको सुनौलो आशा बोकेर क्रान्तिमा लागेका सहयोद्धालाई सम्बोधन गरी लेखिएको कविताले आफ्नो आत्मविश्वासलाई अर्थपूर्ण गौरवपूर्ण र आशामा टिकाएको कुरा कविले प्रस्तुत कवितामा उल्लेख गरेका छन् । कविले सहयोद्धाका वीरतापूर्ण कार्यमा आफूलाई यसरी समर्पित गरेका छन् :

पर्खालभित्रबाट तिमीलाई सम्झँदा
मैले आफूभित्र नौलो र निर्भीक मान्छे भेट्टाएको छु
तिम्रा आँखाको भरभराउँदो आगोको तातो लप्का
मैले मेरा आँखामा सार्टिदै गएको अनुभव गरेको छु
(**इच्छुक रचनावली भाग २**, पृ. २१८)

प्रस्तुत कवितांशमा तत्कालीन शासकहरूले आफूलाई बन्दी बनाएर कारागारको बन्द पर्खालभित्र राखे पनि सहयोद्धाका आस्था, विश्वास र आशालाई बन्द गर्न नसकेको, सहयोद्धाहरूका सम्पूर्ण आस्था, विश्वास, आशा र हरेक अनुभव आफूमा सार्टिदै गएको र आफू झन् नौलो र निर्भीक मान्छे बन्दै गएको कुरा व्यक्त गरेका छन् ।

प्रस्तुत कवितामा 'म' पात्र प्रेषक, वक्ता र सम्बोधक पात्रका रूपमा उपस्थित भएको छ । त्यसकै केन्द्रीयतामा 'तिमी' पात्र सम्बोधित, क्रान्तिकारी, वीर र मुक्तिकामी पात्रका रूपमा उपस्थित भएको छ । 'म' पात्र बन्दपर्खालभित्र रहे पनि अविचलित, निडर र आशावादी पात्र हो भने 'तिमी' पात्र मुक्तियात्रामा लागेको गतिशील पात्र हो । कारागारको बन्द पर्खाल एवम् २०४३ सालको पञ्चायती राजनीतिक परिवेशको चित्रण यस कवितामा गरिएको छ ।

२९, ११, १४ का पङ्तिक्रममा रहेका ३ अनुच्छेद र ५४ पङ्तिमा संरचित यो मझौला आयामको कविता हो । प्रथम एवम् द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको यस कवितामा आत्मानुभूतिको सघन प्रस्तुति छ । छिट्टै मुक्तिको दिन आउने आशामा आस्थाका शिशुहरू बचाइराखेको अभिव्यक्ति कविले दिएका छन् । क्रान्ति नै बिम्बका रूपमा आएको यस कवितामा 'तिमी' लाई मुक्तिको प्रतीकका रूपमा प्रयोग गरिएको छ । 'आँखाभित्र आगो बलिरहेको देख्छु', 'आँखाको भर्भराउँदो आगोको तातो लप्का' जस्ता अभिव्यक्तिमा अतिशयोक्ति अलङ्कार, 'एउटा स्निग्ध बिहान मेरै अघि झुल्किरहेझैँ लाग्छ', 'एउटा गतिमान नदी मेरै अघि बगिरहेझैँ लाग्छ' जस्ता अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ । साथै यसबाहेक रूपक, सन्देह आदि अलङ्कारले पनि कवितालाई सुसज्जित पारेका छन् । आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएको यो कविता गद्यमा लेखिए पनि लयात्मक, गेयात्मक र श्रुतिरम्य बन्न पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दको सुन्दर संयोजन तथा सरल, सरस र स्वाभाविक भाषाशैलीको प्रयोगले यो कविता सम्प्रेष्य बनेको छ । यसरी सन्तुलित संरचना र प्रगतिवादी भावधाराको इच्छुकको यो कविता स्तरीय बन्न पुगेको छ ।

### ४.१.४ निष्कर्ष

**इच्छुक रचनावली भाग २** मा सङ्कलित **इतिहासको यस घडीमा**, **बन्दी आवाज** र **आरम्भिक कविता** कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूलाई अध्ययन, विश्लेषण गरिसकेपछि निष्कर्षमा यी सङ्ग्रहहरू भित्रका कविता धेरै लामा वा धेरै छोटा नभएर मझौला आयाममा आबद्ध छन् । उनका कविता लामोमा १७६ पङ्तिदेखि छोटामा ६ पङ्तिसम्म फैलिएका छन् र १ पङ्तिपुञ्ज वा अनुच्छेददेखि १२ अनुच्छेदसम्म फैलिएका छन् । यी कविताहरू दृश्य र प्रसङ्गमा पनि विभाजित भएका छन् ।

उनका कविताको सङ्गठनको व्यवस्थापनमा आदि, मध्य र अन्त्यको राम्रो समन्वय भएको छ । उनका कविताहरू सुरुमा चिनारी, मध्यमा समस्या र अन्त्यमा निष्कर्षका रूपमा आएका छन् । कविताको अध्ययन गर्दै जाँदा स्थान, घटना आदि देखापर्दै जान्छन् ।

उनका कविताका मूल भावका रूपमा वर्गसङ्घर्ष, क्रान्तिचेत जनयुद्ध र भोलिप्रतिको आशावादी स्वर आएको छ । यसका साथै सामन्तवादी सोच र राजनीतिक खिचातानीले आएको द्वन्द्वात्मक अस्थिरता, अति निम्न वर्गीय जनताले भोग्नु परेका पीडा, छटपटी, अन्याय, अत्याचार, दमन, शोषण, सामाजिक विकृति विसङ्गति, अशिक्षा, गरिबी, आर्थिक पछौटेपन, देशभक्त नागरिकहरूको हत्या, हजारौँ नागरिकहरू घरबारविहीन हुनुपर्ने बाध्यता, तानाशाही सरकारको अतिशय दमन, नारी शोषण, निरङ्कुश सरकार र निरीह जनता आदिलाई मूल विषयवस्तु बनाई त्यसको समाधान गर्ने उपायसँगै सुनौलो भविष्यका लागि निर्भीक भएर सङ्घर्षमा जुट्न आह्वान गरेका छन् । उनले समाजका सबैखाले विकृतिको अन्त्य हुनुपर्छ भन्ने क्रान्तिकारी भावनालाई अघि सारेका छन् । राजनीतिक क्षेत्रमा देखिएका असमान परिस्थिति एवम् अन्यायी राज्य व्यवस्थाको समूल अन्त्य गर्नु पर्ने भाव व्यक्त गरेका छन् । दमनको प्रतिकार गर्दै सफल हुने आशावादी स्वर उनका हरेक कवितामा व्यक्त भएको छ ।

उनका कवितामा राजनीतिक, सामाजिक, अभाव, गरिबी, अशिक्षा, हत्याहिंसा, दमन-शोषण जनताको दूरावस्था आदिलाई मुख्य परिवेश बनाएका छन् । स्थान, समय र घटनालाई पनि परिवेशका रूपमा चित्रण गरिएको छ । कारागार, यातना एवम् जनयुद्धका विविध परिघटना परिवेशका रूपमा चित्रित छन् । दुःखद परिवेशमा निराश हुनुपर्ने बाध्यतालाई चित्रण गर्दै अन्याय, अत्याचार, दमन, शोषणका विरुद्ध भीषण क्रान्ति गरी समतामूलक राज्य र समाजको निर्माण गर्नु पर्ने क्रान्तिकारी प्रगतिवादी विचार व्यक्त भएको छ ।

उनका धेरैजसो कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने कतै द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग पनि भएको देखिन्छ । समाजमा व्याप्त विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषण, असमानता आदिको अन्त्य गरी समतामूलक राज्य र समाजको निर्माण गर्नु उनका कविताको मूल उद्देश्य रहेको छ । तत्सम्, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन तथा सरल, सहज र स्वाभाविक भाषाशैलीले सुसज्जित उनका कविता स्तरीय बन्न पुगेका छन् ।

# पाँचौं परिच्छेद

# इच्छुकका कवितागत प्रवृत्तिहरू

नेपाली वामपन्थी आन्दोलनका चर्चित व्यक्तिहरूमध्ये प्रमुख व्यक्तित्वका रूपमा ख्याति कमाएका कृष्ण सेन 'इच्छुक' नेपाली कविताका क्षेत्रमा 'इच्छुक' उपनामले सुपरिचित छन् । २०३२ सालबाट औपचारिक रूपमा कविता लेखन आरम्भ गरेका 'इच्छुक' ले मार्क्सवादी कलासौन्दर्य र प्रचण्डपथीय सौन्दर्यशास्त्रबाट प्रभावित भएर कविता रचना गरेका छन् । नेपाली प्रगतिवादी साहित्यका फाँटमा कवि इच्छुकले दुईवटा खण्डकाव्यात्मक कृति : **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि** (२०५७) रचना गरेका छन् भने २०५९ सालमा उनको हत्या हुनुपूर्व **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह प्रकाशित भएको छ । उनको हत्यापश्चात् इच्छुक सांस्कृतिक प्रतिष्ठानले २०६५ सालमा **इच्छुक रचनावली भाग २** अन्तर्गत पूर्व प्रकाशित कविता सङ्ग्रह **इतिहासको यस घडीमा** र विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर रचनालाई समेत समेटी **बन्दी आवाज** र **आरम्भिक कविता** शीर्षकमा पुनः प्रकाशित गरेको छ। यस परिच्छेदमा उनका यिनै कविता-कृतिमा देखापरेका कवितागत प्रवृत्तिलाई केलाइएको छ।

## ५.१ क्रान्तिचेतना

क्रान्तिचेतना इच्छुकका कविताहरूमा पाइने पहिलो र महत्त्वपूर्ण प्रवृत्ति हो । उनका पुस्तकाकार कृतिहरू र समग्र फुटकर कविताहरूमा कुनै न कुनै रूपमा क्रान्तिकारी चेतना अभिव्यक्त भएको पाइन्छ । समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन आदिलाई जरैदेखि उखेलेर समूल नष्ट पार्नका लागि इच्छुकले आफ्ना कविताहरूमार्फत् क्रान्तिकारी स्वर अभिव्यक्त गरेका छन् । समाजमा विद्यमान रहेको शोषण, दमन, अन्याय र अत्याचारको प्रमुख कारक तत्त्व सामाजिक पूँजीवादी व्यवस्था हो भन्ने विचार प्रकट गर्ने इच्छुकले यस व्यवस्थालाई हटाउन र न्यायप्रेमी, शासन व्यवस्था स्थापना गर्न क्रान्ति आवश्यक भएको कुरा आफ्ना कवितामा व्यक्त गरेका छन् । क्रान्तिबाट नै सर्वहारा वर्गले मुक्ति पाउन सक्ने विचार कविको छ । समाजमा जरा गाडेर बसेको रूढिवादी प्रथा तथा अन्यायपूर्ण परम्पराको अन्त्य गर्न क्रान्तिले मात्र सम्भव छ र यसैबाट सामाजिक तथा वर्गीय मुक्ति पाउन सकिन्छ भन्ने विश्वास उनका कवितामा प्रकट भएको छ। उनका समग्र कविता क्रान्तिचेतबाट प्रभावित छन् । 'बन्दी र चन्द्रागिरि', 'इतिहासको यस घडीमा', 'प्रतिबन्ध', 'बन्दी छोराको पत्र', 'झुल्के घामका राता किरणहरू', 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'जनताको ढाल या बैरीको अचानो', 'कविसँग', 'जेल', 'बन्दी सुगा र उन्मुक्तिको चाहना', 'दार्बोटको जङ्गलमा', 'तिम्रा युद्ध र बन्दुकहरूका विरुद्ध', 'सेतु जैसीको घर', 'पुर्खे सुनारकी आमा', 'सलाम जेलबाङ', 'गोचाली', 'अजम्बरी सपना', 'दिदी शान्तालाई', 'अस्वीकार', 'म अहिले निराश छैन', 'मेरो देशको शिशु प्रजातन्त्र', 'भविष्य', 'उत्तरतिर', 'यस क्षण', 'प्यूठान, म पनि तिमीसँगै छु', 'भोलिप्रति', 'शुभकामना', 'हामी विश्वस्त छौँ',

'पर्खालभित्रबाट तिमीलाई सम्झँदा' जस्ता कविताहरूमा क्रान्तिकारी चेत प्रखर रूपमा अभिव्यक्त भएको छ। उदाहरणका लागि यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

नरोऊ तिमी मुस्कुराउँदै उठ
नरोऊ तिमी जुर्मुराउँदै उठ
पीडाका आरनहरूमा पाइन चढेर
तिमी तेजिलो धार बन्दै उठ
दु:खका आगो ओकल्ने भट्टीहरूमा
तिमी इस्पाती तरबार बन्दै उठ
('झुल्के घामका राता किरणहरू', **इच्छुक रचनावली भाग २**, पृ. ४३-४४)

यसरी भविष्यका कर्णधार साना-साना बालकलाई मिर्मिरे पछिका सुनौला बिहानीसँग तुलना गरिएको यस कवितांशमा जस्तोसुकै पीडा आइपर्दा पनि मुस्कुराउँदै, जुर्मुराउँदै, तेजिलो धार र स्पाती तरबार भएर क्रान्तिका लागि उठ्नुपर्छ भन्ने क्रान्तिकारी विचार अभिव्यक्त गरिएको छ।

## ५.२ सहिदप्रति सम्मान

इच्छुकका कवितामा सहिदप्रति सम्मान र श्रद्धाभाव व्यक्त गरिएको छ। यो उनको प्रमुख प्रवृत्ति हो भन्ने कुरा सहृदयी मित्र मित्रमणि आचार्यको सम्झनामा **शोकाञ्जली** शीर्षकको खण्डकाव्य लेखेबाट पनि स्पष्ट हुन्छ । यसका साथै **बन्दी र चन्द्रागिरि** खण्डकाव्यात्मक लामो कविता पनि उनको सहिदप्रति श्रद्धाभाव व्यक्त गरिएको कृति हो । वर्गीय आस्था, वर्गीय प्रेम, वर्गसङ्घर्ष र वर्गीय मुक्तिप्रति कविको भित्री चासो र चिन्ता छ अनि सहिदलाई सम्मान गर्ने उत्कट चाहना छ । उनका कवितामा शोकलाई निरूपाय आँसुका रूपमा प्रस्तुत नगरेर सहिदप्रति अटल आस्था, गहिरो सम्मान र बलिदानी गाथासमेत प्रकट गरिएको हुन्छ । राष्ट्र निर्माणमा आफूलाई उत्सर्ग गर्ने योद्धाहरूको पथप्रदर्शनप्रति सम्मान तथा उनीहरूको सपना साकार पार्ने अभिव्यक्ति उनका कवितामा व्यक्त भएको छ । निरन्तर वर्गसङ्घर्ष वा सघन वर्गयुद्धमा सहयोद्धाको क्षति भए पनि विरह वेदनामा डुबेर नबसी शोकलाई शक्तिमा बदली मुक्तिका लागि अगाडि बढ्नुपर्छ भन्ने विचार उनका कवितामा पाइन्छ । उनले देशभित्रका योद्धाको मात्र नभई विश्वव्यापी रूपमा वर्गसङ्घर्षमा उत्रिएका योद्धा र सहिदप्रति सम्मान अर्पण गरेका छन् । प्रियजनको यादमा आँसु बगाउनुभन्दा आँसुलाई आगो र सुस्केरालाई धूँवामा परिवर्तन गरी जनसमरको महायात्रा अर्थात् मुक्ति युद्धको महान् अभियानलाई अगाडि बढाउने कामना कविले गरेका छन् (भण्डारी, २०६५ : ७४) । उनका 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'शहीद', 'बेन्जामिन मोलाइसको सम्झनामा', 'प्यालेस्टिनी मित्रहरूको नाममा', 'बर्मझिया', 'सेतु जैसीको घर', 'सलाम जेलबाङ', 'एउटा गाउँलेको डायरी', 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमती' आदि कवितामा सहिदप्रति सम्मान व्यक्त गरिएको छ। दृष्टान्तका रूपमा यो कवितांश लिन सकिन्छ :

तिमी असङ्ख्य ताराहरूमध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ
तिमी असङ्ख्य फूलहरूमध्ये सुन्दर फूल 'लालीगुराँस' हौ
तिमी असङ्ख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति 'महाज्योति' हौ
प्रिय शहीद ! तिमी महान् छौ/श्रद्धेय छौ/अमर छौ
र युगयुग सदासर्वदा अमर रहिरहनेछौ ।
('शहीद', **इच्छुक रचनावली भाग २**, पृ. २००)

सहिदप्रति अत्यन्तै सम्मान प्रकट गरिएको प्रस्तुत कवितांशमा सहिदहरूलाई सधैं अटल रहने ध्रुवतारा, सुन्दर फूल लालीगुरास, चम्किलो ज्योति महाज्योतिसँग तुलना गर्दै सहिदलाई युगयुगसम्म अमर, महान् र श्रद्धेय रहने सम्मानपूर्ण भाव अभिव्यक्त भएको छ ।

## ५.३ सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोध

इच्छुकले आफ्ना कवितामा प्रगतिवादी स्वरलाई महत्त्वपूर्ण स्थान दिएका छन् । उनका धेरैजसो कविताहरूले सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोधको स्वर उरालेका छन् । प्रगतिवादी कविहरूले सामन्त वर्ग र अभिजात वर्गको उत्पीडनका स्वरूपलाई कवितामा चित्रण गर्दै सामन्तवादी सामाजिक व्यवस्थाको तीव्र विरोध गरेका हुन्छन् (भण्डारी, २०५३ : १६३) । कवि इच्छुकका कवितामा सामन्तवादी शोषकीय संरचनालाई ध्वस्त पार्नु पर्ने आकाङ्क्षाको प्रकट, सामन्तवादी पूँजीवादी शक्तिको विरोध गरिएको छ । देशमा स्थापित राजनीतिक व्यवस्थाले उत्पीडित वर्गलाई मुक्ति दिन नसकेको र सामन्तवादी शैलीमा चलेकोमा कविले तीव्र आक्रोश कवितामा व्यक्त गरेका छन् । कविले धार्मिक, जातीय, लिङ्गीय, क्षेत्रीय आदि सबैखाले उत्पीडन तथा शोषण, भेदभाव, निरङ्कुशता, अन्यायपूर्ण युद्ध तथा वैचारिक विविधताका विरुद्ध जनआवाज उजागर गरेका छन् । उनले जनवाद, देशभक्ति, न्यायपूर्ण युद्ध, जनताको वर्गीय मुक्ति एवम् सर्वहारावर्गको पक्षमा वकालत गरेका छन् । यस क्रममा उनले ग्रामीण परिवेशलाई आधार बनाएर तत्कालीन समयमा देखिएका क्रियाकलापको उठान गरेका छन् । उनका अधिकांश कविताहरू ग्रामीण भूगोल, त्यहाँ देखिएको वर्गसङ्घर्ष, वीरतापूर्ण शहादत र दुश्मनको जङ्गली दमनसँग सम्बन्धित कुकृतिहरूलाई यी कविताहरूमार्फत् स्पष्ट पारिएको छ । उदाहरणका निम्ति यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

ठूला-ठूला घरहरू छन्
गगनचुम्बी महलहरू छन्
आँखाहरू चिप्लेटी खेल्ने
काला र चिप्ला सडकहरू छन्
धर्तीको सारा ऐश्वर्य बिछ्याएर
सुखका स्वर्गीय सर्जामहरू जोड्ने
बजार, होटेल र पसलहरू छन्
काठमाडौं, मेरो देशको राजधानी

('काठमाडौं, मेरो देशको राजधानी', **इच्छुक रचनावली भाग २**, पृ. ४७)

काठमाडौं केन्द्रित शासन प्रणाली र त्यसले गरिब गाउँलेलाई नहेरेको प्रति सङ्केत गर्दै कविले सारा सम्पत्तिमा मोजमस्ती मात्र गर्ने, सुखसयल भोग्नेहरूप्रति व्यङ्ग्य विरोध गरेका छन् । राजधानी सामन्तवर्गको पञ्जामा रहेको र यसले सधैं ग्रामीण बस्तीमाथि शोषण गरेको कुरा कविले प्रस्तुत कवितामा व्यक्त गरेका छन् । यस्ता प्रवृत्तिका उनका अन्य कविताहरू 'जेल', 'तिम्रा युद्ध र बन्दूकका विरुद्ध', 'सिम्ठारो धान', 'माछो-माछो भ्यागुतो', 'नवजात छोरीसँग', 'काले', 'आदिवासी दिवस र भिखारीदास सदा', 'बाध्यता' आदि रहेका छन् ।

## ५.४ राष्ट्रियता र देशभक्ति

राष्ट्रवादी स्वर व्यक्त गर्नु र देशप्रेमको भावना प्रस्तुत गर्नु इच्छुकको महत्त्वपूर्ण प्रवृत्ति हो । उनले आफ्ना कवितामार्फत् राष्ट्रियता, राष्ट्रप्रतिको प्रेम, राष्ट्रभक्ति, अन्तर्राष्ट्रिय युग चेतनाको भाव अभिव्यक्त गरेका छन् । उनले राष्ट्रवादी स्वरलाई हिमाली, पहाडी सौन्दर्यका माध्यमबाट व्यक्त गरेका छन् । देशभित्र घटेका राष्ट्रविरोधी घटनाहरूलाई प्रस्तुत गर्दै राष्ट्रमा भएको युद्ध, विद्रोह, कुसंस्कारप्रति कवि चिन्तित र दुःखित भएका छन् । विदेशी शक्तिले आफ्नो राष्ट्रमाथि स्वामित्व जमाउन खोजेको दुष्प्रयासप्रति कविले चिन्ता व्यक्त गरेका छन् । राष्ट्रियता र देशभक्तिका दृष्टिले ओतप्रोत भएका क्रान्तिकारी कविताहरू इच्छुकले सजीव र सशक्त रूपमा रचेका छन् । देशको सीमा साँघुरिँदै गएको देखेर चिन्तित कवि राष्ट्रिय स्वाभिमानलाई अँध्यारोमा मिल्काएकोमा शासकवर्गप्रति आक्रोश पोख्दछन् र त्यसका विरुद्ध युद्ध नै गर्नु पर्ने अभिव्यक्ति दिएका छन् । राष्ट्रियता खतरामा पर्नु र देशभक्ति कमजोर हुनुको एउटै कारण राष्ट्रका घीनलाग्दा कसिङ्गरहरू नै हुन् भन्ने निष्कर्ष कविले निकालेका छन् । राष्ट्र र राष्ट्रियता जीवनभन्दा प्यारो हुन्छ भन्दै असमान सन्धि-सम्झौताको अन्त्य गरी राष्ट्रको गरिमालाई उचो राख्नुपर्छ भन्नेप्रति कविको जोड छ । कवि इच्छुकले राष्ट्रियता र देशभक्तिकै युद्धका रूपमा जनयुद्धलाई जोड्दै देशलाई स्वतन्त्र बनाउन, राष्ट्रिय मुक्ति प्राप्त गर्न र जनताको क्रान्ति सम्पन्न गर्न सदैब लाग्नु पर्ने राष्ट्रियता र देशभक्तिको सन्देश दिएका छन् (भट्टराई, २०६५ : १२८) । राष्ट्रवादी स्वरका दृष्टिले उनको **बन्दी चन्द्रागिरि** खण्डकाव्य महत्त्वपूर्ण छ । जहाँ मरे पनि देशकै निम्ति मर्ने हो भन्ने उच्च राष्ट्रवादी विचार राख्ने कविले राजधानीमाथि विदेशीहरूद्वारा भएको हस्तक्षेपप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनका कवितामा अभिव्यक्त राष्ट्रवादी स्वरलाई यसरी लिन सकिन्छ :

> ती जो लाहुर गएर
> अर्कैको मुलुकमा पसिना बगाउने गर्छन्
> तिनको पसिनाले खडेरीमा
> आफ्नै घरको एकबित्ता बारी भिजे कति हुन्छ
> ती जो अर्कैका लागि
> नाहकमै लडेर व्यर्थैमा मर्ने गर्छन्
> तिनको रगतले आफ्नै देशका
> बन्जर, मरु र टार रातै पारी सिंचे कति हुन्छ
> पराइको लाखमा घिनले बाँच्नुभन्दा
> आमाको काखमा हाँसी-हाँसी मर्न सिके कति हुन्छ ।
> (‘आइती’, **इच्छुक रचनावली भाग २**, पृ. २३)

प्रस्तुत कवितांशमा अर्कैको मुलुकमा लाहुरेले पसिना बगाउनुभन्दा आफ्नै देशमा श्रम गरी घरबारी भिजाएर हातमुख जोर्ने उपाय खोज्नु उपयुक्त हुन्छ । अरूको फाइदाको लागि भन्दा आफ्नो देश र राष्ट्रको हीतका लागि लड्नुपर्छ भन्ने राष्ट्रवादी स्वर प्रस्तुत भएको छ । राष्ट्रवादी स्वर भएका एवम् देशप्रेमको भावनाले ओतप्रोत भएका कविताहरूमध्ये ‘काठमाडौँ, मेरो देशको राजधानी’, ‘बन्दी छोराको पत्र’, ‘लाहुरे’, ‘आइती’, ‘प्यारो मधेशप्रति’, ‘रोगी देश’, ‘प्यूठान, म पनि तिमीसँगै छु’, ‘बर्मझिया’ आदि महत्त्वपूर्ण छन् ।

## ५.५ नारीजातिको शोषणको चित्रण र त्यसको विरोध

नारीजातिको शोषणको चित्रण र विरोध गर्नु इच्छुकको प्रमुख प्रवृत्ति हो । समाजमा हर्ताकर्ताका रूपमा स्थापित पुरुषवर्गले नारीवर्गलाई गरेको शोषण, पुरुषवर्गकै पक्षमा रहेका परम्परागत विधिविधान आदिको चित्रण र त्यसको विरोधमा प्रगतिवादी कविहरूले कविता सिर्जेका हुन्छन् (भट्टराई, २०६५ : १२८) । यसरी नै इच्छुकका कवितामा पनि नारीजातिको शोषणको चित्रण र त्यसको विरोध भएको पाइन्छ । इच्छुक नयाँ स्वस्थ समाजको निर्माणका लागि प्रयत्नशील व्यक्ति हुन् । समाजमा महिला मुक्तिविना परिवर्तनको सम्भावना छैन भन्ने विचार उनले व्यक्त गरेका छन् । हरेक वर्ग र समुदायका पीडाप्रति संवेदनशील हुने सेन महिलाका पीडाप्रति गहिरो संवेदना व्यक्त गर्छन् । मार्क्सवादले समाजमा हुने सबैखाले अन्याय, अत्याचारको पनि विरोध गर्छ । पुरातनपन्थी नेपाली समाजमा पुरुषहरू नै आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिक सबै अधिकार हातमा लिएर नारीलाई दमन गर्ने गर्दछन् । नारीहरू पुरुषवर्गबाट नै शोषित हुन्छन् । नारी सामाजिक, सांस्कृतिक अत्याचारको सिकार हुन्छे र यो समुदायगत हुन्छ । नारी वर्ग र समुदाय दुवै हुन् । ऊमाथि शोषण पनि दोहोरो नै हुन्छ । मार्क्सवादीहरू नारीको छुट्टै वर्गसङ्घर्षलाई बढावा नदिई आम मानवको मुक्तिसँगै उनीहरूको पनि मुक्ति हुन्छ भन्ने कुरालाई जोड दिन्छन् । कवि इच्छुकले आफ्ना कवितामा गरिब, शोषित, उत्पीडित महिलाका पक्षमा बुलन्द आवाज उठाउँदै त्यसको विरोध गरेका छन् । उदाहरणका लागि यो कवितांश लिन सकिन्छ :

भट्टीमा भात पाकिरहेछ
भातसँगसँगै कान्छीको लाज पाकिरहेछ
भट्टीमा मासु पाकिरहेछ
मासुसँगसँगै कान्छीको आँसु पाकिरहेछ ।
भट्टीमा रक्सी बिकिरहेछ
रक्सीसँगसँगै कान्छीको श्री बिकिरहेछ
('कान्छी, भट्टी र देश', **इच्छुक रचनावली भाग २**, पृ. ५१-५२)

नारीवादी स्वर व्यक्त भएको उल्लिखित कवितांशमा कान्छी, भट्टी र देशको चित्रणद्वारा नेपाली समाजमा देखापरेको नारी उत्पीडनको स्थितिलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । भट्टी थापेर बसेकी कान्छीलाई विदेशी कोठीमा बेचिएकी चेली र जीवन गुजार्न होटलमा भात बेच्ने नारीले आफ्नो अस्मिता बेच्नु पर्ने बाध्यतालाई प्रस्तुत गर्दै नारी अस्मिताको समस्यालाई निकै गम्भीर र मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । उनका 'कान्छी, भट्टी र देश', 'भाउजू', 'बहिनीको सम्झनामा', 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'पुर्खे सुनारकी आमा', 'आइती', 'नवजात छोरीसँग', 'मेरी छोरी', 'दिदी शान्तालाई', 'तिमी' जस्ता कवितामा नारीवादी स्वर, नारीप्रतिको शोषणको चित्रण र त्यसको विरोध गरिएको छ ।

## ५.६ श्रम तथा श्रमजीवी वर्गप्रति आस्था

श्रम तथा श्रमजीवी वर्गप्रति आस्था राख्नु इच्छुकको प्रमुख विशेषता हो । उनले आफ्ना कवितामा श्रम तथा श्रमजीवी वर्गहरूप्रति आशावादी स्वर प्रस्तुत गरेका छन् । श्रमिक तथा उत्पीडित वर्ग र जनसमुदायका दुःख, कष्ट र वेदनाका स्वर र भावनाको अभिव्यक्ति इच्छुकका कवितामा गरिएको छ (चैतन्य, २०६५ : १३३) । मजदुर, ज्यामी, कमैया, गोठाले तथा गरिब किसानहरू र तिनका बालबच्चाहरूलाई आधार मानी श्रमजीवीप्रति आस्था र पूँजीपति तथा जमिन्दारप्रति घृणाको भाव उनका कवितामा पाइन्छ । संसारमा श्रम नै सबैभन्दा ठूलो हो; यसबाटै विकास भएको हुन्छ भन्ने भाव अभिव्यक्त गर्दै श्रमजीवी वर्गलाई प्रोत्साहन गर्ने उनका कविताहरू सफल भएका छन् । शब्दले मात्र होइन कर्म र सम्पूर्ण जीवनशैलीले कम्युनिष्ट रहेका क्रान्तिकारी योद्धा इच्छुकका सम्पूर्ण कविता श्रमजीवीवर्गको मुक्तिका निम्ति लेखिएका छन् । नेपालमा श्रमजीवीवर्ग सबै शोषित

रहिआएको छ । तिनको मुक्तिविना स्वस्थ समाजको निर्माण हुन सक्दैन भन्ने निर्क्योल र सो वर्गको पक्षधरता नै सेनका कविताको सारसङ्क्षेप हो (त्रिपाठी, २०६५ : १०३-१०४) । उनले श्रमिकलाई सम्मानको भाव प्रकट गरेका छन् । उदाहरणका लागि यो कवितांशलाई प्रस्तुत गर्न सकिन्छ :

तिमीसँग पसिना छ र तिमी महान् छौ
तिमीसँग पसिना छ र तिमी श्रद्धेय छौ
तिमीसँग पसिना छ र तिमी सुन्दर छौ
संसार हँसाउने कर्मीहरू हो
तिमीविना घर । घर हुने थिएन
तिमीविना महल । महल हुने थिएन
तिमीले पसिना नपोखेको भए
आजजस्तै यो दुनियाँ झलमल्ल हुने थिएन
('तिमी र तिम्रो पसिना', **इच्छुक रचनावली भाग २**, पृ. ३५-३६)

श्रम र श्रमजीवी वर्गहरूप्रति सम्बोधन गरिएको यस कवितांशमा उनीहरूलाई श्रम गर्ने भएकै कारण महान् श्रद्धेय, सुन्दर र संसारलाई हँसाउने कुशल ज्यामीका रूपमा चिनाइएको छ । उनीहरूको श्रमविना यो सारा दुनियाँ अहिलेको जस्तो विकसित अवस्थामा आउने थिएन । त्यो केवल श्रमिकको कडा मेहनत र पसिनाको कारणले गर्दा भएको हो भन्ने भाव व्यक्त गरिएको छ । उनका 'सिम्ठारो धान', 'घोमपाल', 'आदिवासी दिवस र भिखारीदास सदा', 'तिमी र तिम्रो पसिना', 'यक्ष-प्रश्न', 'गोचाली', 'लाहुरे', 'कमैया दुःखीरामलाई प्रश्न', 'अस्वीकार' जस्ता कवितामा श्रम तथा श्रमजीवी वर्गप्रति अगाध आस्था प्रकट गरिएको छ ।

## ५.७ कमरेडहरूप्रति सम्मान भाव

कामरेड शब्द कम्युनिष्टहरूको लागि अत्यन्त लोकप्रिय शब्द हो । कवि स्वयम् कम्युनिष्ट भएका कारण उनका कवितामा कामरेड अर्थात् कम्युनिष्टप्रति निकै आदर, आस्था र सम्मानभाव व्यक्त गरेका छन् । इतिहासलाई आफ्नो हातमा लिएर लड्ने नेपाली सर्वहारावर्ग क्रान्तिका वीरयोद्धाहरू र उत्पीडित शोषित जनतालाई कविले आफ्ना सिर्जनामा युगनायकका रूपमा खडा गरेका छन् । क्रान्तिका लागि क्रान्तिको नेतृत्व गरी नेतृत्वकारी शक्तिको अनिवार्य आवश्यकतालाई आत्मसात गरेका छन् । नेपाली जनतालाई वर्गचेतनाको भावधाराले जागरित, सङ्गठित एवम् आन्दोलित तुल्याउने काममा कम्युनिष्ट योद्धाहरूको महत्त्वपूर्ण भूमिका देखाएका छन् । उदाहरणका लागि यो कवितांश प्रस्तुत गर्न सकिन्छ :

तिमी हामीजस्तै सुधाहरूका मुटुमा
राँको सल्काउँदै हिँड्दा रहेछौ
तिमी हामीजस्तै अबुझहरूका बीचमा
चेतना जगाउँदै हिँड्दा रहेछौ
अनि हामीले पहिलोपल्ट थाहा पायौँ
तिमी जनतालाई गोलबन्द गर्दै हिँड्ने
सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारी रहेछौ ।
('प्रिय कमरेड', **इच्छुक रचनावली भाग २**, पृ. २५)

कामरेडलाई सिपालु सङ्गठनकर्ता र भूमिगत क्रान्तिकारी योद्धाका रूपमा चिनाइएको माथिको कवितांशमा उनीहरूलाई अन्धाका आँखामा ज्योति बाल्दै हिँड्ने, सुधाहरूका मुटुमा राँको सल्काउँदै हिँड्ने

र अबुझहरूलाई चेतना जगाउँदै हिँड्ने परिवर्तनकारी योद्धाका रूपमा सम्मान भाव व्यक्त गरिएको छ। उनका 'प्रिय कामरेड', 'बर्मभिया', 'कैदी', 'यक्ष-प्रश्न' जस्ता कवितामा यस्तो प्रवृत्ति पाइन्छ।

## ५.८ विषयवस्तुगत प्रवृत्ति

कुनैपनि कृतिमा रहेको वस्तुले त्यस कृतिको सारभूत अंशलाई बुझाउँछ। कृतिमा विषयवस्तु सूक्ष्म वा वृहद् जुन पनि हुन सक्छ। वस्तु मूलतः विचार वा भावका रूपमा रचना प्रकट भएको हुन्छ। इच्छुकले आफ्ना कवितामा क्रान्तिचेत, देशभक्ति, राष्ट्रियता, सामन्ती संस्कारको विरोध, नारीवर्गप्रतिको शोषण, आफ्ना जीवनका बितेका पलहरूको सम्झना एवम् भौगोलिक विविधताको चित्रण गर्दै बन्दी जीवन र प्रकृतिको चित्रणजस्ता विषयवस्तु लिएका छन्। गरिबी, स्वतन्त्रता, समानता, तत्कालीन राजनीतिक अवस्था, जनयुद्धमा देखिएका विविध पक्षलाई संयोजन गर्दै कविताहरूको रचना गरेका छन्। उनका कवितामा वीरता, क्रान्तिकारिता, स्वतन्त्रता, समानता र युवाहरूको भूमिकाको चर्चा गर्दै तत्कालीन समाजमा देखिएका कुरीति र विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन्। उनका कविताले मानवता, राष्ट्रियता, निरङ्कुशता, दमन, शोषण, उत्पीडनजस्ता पक्षको उद्घाटन गरेका छन्। राष्ट्र र राष्ट्रियताको निम्ति क्रान्तिको बिगुल फुकेका योद्धाप्रति सरकारले गरेको दमनको विरोध उनका कवितामा पाइन्छ। उनका कवितामा विविध रूपबाट भए पनि क्रान्तिचेत आएको हुन्छ। उनका 'दार्बोटको जङ्गलमा', 'गोचाली', 'नवजात छोरीसँग', 'पिपलको बोट', 'घोमपाल', 'कोशी टप्पु', 'चिनीयाँ कवि चेङ् च्हूप्रति' आदि कविताहरूमा प्रकृतिको चित्रण पाइन्छ। आफ्ना बाल्यकालीन सम्झनाका तरङ्गहरूलाई 'बालबन्दी मिर्ची', 'मेरी छोरी', 'मेरा पश्चातापका केही सुस्केराहरू' आदि कवितामा स्पष्ट रूपमा प्रस्तुत गरेका छन्। हत्या, हिंसा, शोषण, दमन विरुद्ध स्वतन्त्रताको चाहना राख्दै 'कारागारको छतमाथि चढेर', 'आङ सान सु की', 'कसरी भनूँ', 'तिमी', 'अजम्बरी सपना' आदि कविता लेखेका छन्। देश र शोषित पीडित जनताको मुक्तिमा लागेको समयमा बन्दी जीवन बिताउनु पर्दाको क्षणलाई उनले 'बन्दी छोराको पत्र', 'पोखरी र कारागार', 'कारागारको छतमाथि चढेर', 'पिपलको बोट', 'प्रतिबन्ध' आदि कविताका माध्यमबाट उजागर गरेका छन्। नेपालमा देखिएको भौगोलिक विविधतामा आधारित रहेर विभिन्न स्थानको सम्झना गर्दै त्यहाँ देखिएका तत्कालीन अवस्थाको चित्रण गरेका छन्। यस खालका कविताहरू 'लालमटियाको सम्झना', 'त्यो प्यारो-प्यारो पहाडी गाउँको नाम थवाङ्ग हो', 'प्यूठान, म पनि तिमीसँगै छु' आदि रहेका छन्। नारीमाथि हुने अन्याय-अत्याचार, शोषण आदिलाई 'आइती', 'कान्छी, भट्टी र देश', 'भाउजू', 'बहिनीको सम्झनामा', 'पुर्खे सुनारकी आमा', 'नवजात छोरीसँग', 'सिंहदरबारअघि नारा लाइरहेकी फूलमती', 'मेरी छोरी', 'आङ सान सु की', 'दिदी शान्तालाई' आदि कवितामार्फत् उजागर गरेर त्यसको विरुद्धमा क्रान्तिकारी आवाज बुलन्द गरेका छन्। जनयुद्धको समय र भविष्यप्रति आशावादी रहँदै आफ्ना कविताहरूमा तत्कालीन युग सापेक्षतामा आधारित भोगाइलाई प्रस्तुत गरेका छन्। त्याग र बलिदानको गहन भाव र मूल्यको उजागर 'यो घाम पनि रापिएर तातो-तातो छ आज', 'बर्मभिया', 'बेन्जामिन मोलाइसको सम्झनामा', 'सलाम जेलबाङ' आदिमा गरिएको छ। 'हात लाग्यो शून्य', 'लाहुरे', 'गोचाली', 'सिम्ठारो धान', 'कान्छी, भट्टी र देश', 'तिमी र तिम्रो पसिना' आदि कवितामा कविले गरिबहरूको जीवनदशालाई स्पष्ट पारेका छन्।

कवि इच्छुकले क्रान्ति र विद्रोहलाई आफ्ना कविताको विषयवस्तु छानेका छन्। उनका कविता यथार्थ बोल्छन् :

योद्धाजस्तै अग्ला वृक्षहरू
मोर्चा कसेझैँ अविचल उभिरहे
एकताको हातेमालो बाँधेर
लहराहरूले दृढताको मुट्ठी कसिरहे
सङ्गीनले नझुक्ने साहसका गुराँसहरू देखेर
बन्दूकहरू लाचार भएर गए।
('दार्बोटको जङ्गलमा', **इच्छुक रचनावली भाग २**, पृ. ७२)

सरकारी क्रूर दमनको वावजुद जनता झुकेनन्। दमन अभियानका विरुद्ध एकढिक्का भएर प्रतिरोध गरे। प्रस्तुत कवितांशमा जनताद्वारा अघि बढाइएको प्रतिरोध अभियानलाई क्रान्तिकारी रोमान्सवादी ढङ्गले प्रकृतिको मानवीकरण गरिएको छ। उनका कविताहरूमा निरङ्कुशता, दमन, अत्याचार आदिको उद्घाटन गरी त्यसका विरुद्ध क्रान्तिकारी स्वर अभिव्यक्त भएको छ। उत्साहमा आधारित क्रान्तिकारी र आशावादी कविता रच्नु उनको वस्तुगत वैशिष्ठ्य हो। उनका सबैजसो कविताहरूले वैचारिक दर्शनलाई आधारित बनाएर यथार्थ अभिव्यक्ति दिएका छन्।

## ५.९ स्वरगत प्रवृत्ति

कवि कृष्ण सेन इच्छुक प्रगतिवादी एवम् क्रान्तिकारी भएकोले उनको निजी तथा प्रमुख स्वर भनेको प्रगतिशीलता हो। उनका प्रायः कविताले सङ्घर्ष र विद्रोहको स्वर अभिव्यक्त गरेका छन्। समाजमा देखापर्ने आर्थिक सामाजिक एवम् राजनीतिक विकृति

र विसङ्गतिप्रति प्रगतिवादी एवम् क्रान्तिकारी स्वर अभिव्यक्त गर्न उनका कविता सफल भएका छन् । समसामयिक घटना र अवस्थाबाट प्रभावित भएर सिर्जिएका उनका कविताहरूमा नयाँ सिर्जनाप्रतिको चासो र परिवर्तनको चाहना प्रकट भएको देखिन्छ । मानवीय अवमूल्यन, विसङ्गति, जनसंवेदनाको प्रस्तुतीकरण, आशावादी स्वर अभिव्यक्त गर्न उनले क्रान्तिकारी एवम् प्रगतिवादी स्वर बुलन्द गरेका छन् । सामाजिक बिम्ब झल्कने उनका कविताले राजनीतिक आस्था, निरङ्कुशता विरोधी जनचेतना, असमान सामाजिक संरचनाले निम्त्याएका विविध समस्या, मानवीय शोषण, आधुनिकताका नाममा मानवीय मूल्य मान्यताको समाप्तिजस्ता पक्षमा आवाज उठाएका छन् । इच्छुक मूलतः राजनीतिक आस्थाका कवि हुन् । उनले एकातिर आफ्ना कविताहरूमा क्रान्तिप्रति अगाध आस्था र आमूल परिवर्तनको चाहना प्रकट गरेका छन् भने अर्कातिर आफ्ना कवितामा निरङ्कुश, अन्यायी, अत्याचारी, दमनकारी एवम् भ्रष्ट सरकारका विरुद्ध तीव्र आक्रोश व्यक्त गर्दछन् । सुसंस्कृत समाजको निर्माण, जनपक्षीय शासन व्यवस्थाको स्थापना उनका कवितामा झल्कने स्वर हो । उनका कतिपय कविताले जनयुद्धको स्वर मुखरित गरेका छन् .

ए मेरो युगको तरुण नायक !
यसबेला मैले कविता लेखूँ-नलेखूँ केही फरक पर्दैन
तर तिम्रो आँधी बेहरीमय महायात्रा भने रोकिनुहुन्न
..................
कहाँ फुलेको छ र डाँडाको फैँदीमा रातै लालीगुराँस
तिमी भने यो फैँदीमै अल्मलिनुहुन्न ।
('इतिहासको यस घडीमा', **इच्छुक रचनावली भाग २**, पृ. ५३-५४)

परिवर्तनकारी स्वर अभिव्यक्त गरिएको प्रस्तुत कवितांशमा क्रान्तिकारीहरूलाई आन्दोलनको आँधीबेहरीमय यात्रा नरोक्न कविले आग्रह गरेका छन् । यहाँ 'रातै फुलेको लालीगुराँस' लाई क्रान्तिको प्रतीक र 'कहाँ फुलेको छ र रातै लालीगुराँस' लाई क्रान्ति अझै सफल नभएको प्रतीकका रूपमा दिइएको छ ।

## ५.१० लयगत प्रवृत्ति

लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई बुझाउँछ (लुइँटेल, २०६० : ३०२) । कृष्ण सेन इच्छुकका कविताहरू मुक्त लयमा आधारित छन् जसमा सहज लय, भाव र भाषाका बीचमा तादात्म्यता पाइन्छ । मुक्तलय भए पनि त्यसमा देखा पर्ने सुन्दर साङ्गीतिक झङ्कार र सरल भाषाको प्रयोगले उनका कविताहरू सुमधुर र गेयात्मक बनेका छन् । उनका कवितामा पूर्ण तथा आंशिक अनुप्रासको प्रयोग गरिएको छ जसले गर्दा कविताका भावगत स्तरमा तीव्र र गम्भीर बनाएको छ । उनका कविताहरू मुक्त छन्दमा रचिएका भए पनि गेयात्मक छन् । इच्छुकले आफ्ना कविताहरूमा आदि, मध्य र अन्त्यमा लयको प्रयोग गरेका छन्; जस्तै :

हाम्रा स्वरहरूमा प्रतिबन्ध लगाउँदै
हाम्रा ओठहरूमा ताल्चा झुण्ड्याउँदै
तिमी भन्छौ गाऊ न त गाऊ
तर यो गीत नगाऊ
हामी भने त्यही गीत गाइरहन्छौँ ।
('प्रतिबन्ध', **इच्छुक रचनावली भाग २**, पृ. १००)

निरङ्कुश सरकारको आदेश विपरीत आवाज उठाइएको प्रस्तुत कवितामा सुललीत पदावली र सङ्गठित शब्द संयोजनका साथै आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रसाको पूर्ण तथा आंशिक प्रयोग गरिएको छ जसले गर्दा कविता गीतिमय, लयात्मक, श्रुतिमाधुर्य बन्न पुगेको छ । कविताको भावले अपेक्षा गरे अनुरूप शब्द प्रयोग गरी भाव र भाषाका बीचमा अन्तर्सम्बन्ध स्थापित गरी कवि इच्छुकले कविताको लयमा अन्तर्साङ्गीतिकता बढाउने प्रयास गरेका छन् । उनका गद्य कविताका पङ्तिहरू समान र असमान गति र यतिमा लयबद्ध भई प्रस्तुत भएका कारण गद्यमा पनि पद्यात्मकताको आभाष पाइनु उनका कविताको प्रमुख लयगत विशेषता हो । एकातिर सरल, सरस, सुन्दर शब्द र ललीत लयको समन्वयबाट कवितामा मिठास भरेका छन् अर्कोतिर ओजपूर्ण तथा लयात्मक भाषाले गर्दा उनका कविताले पाठकको संवेदनालाई उद्दीप्त पारेका छन् । कविताको भावलाई केन्द्रमा राखेर अनुप्रास योजना मिलाइएकोले पाठकलाई यान्त्रिकताको बोझ थपेका छैनन् । त्यसैले उनका कविताहरू पाठकको मन छुन सफल भएका छन् ।

## ५.११ बिम्ब-प्रतीक तथा अलङ्कार योजनागत प्रवृत्ति

कुनै व्यक्ति वा वस्तुको आकृति र त्यससम्बन्धी अवधारणा, त्यसको पुनर्निर्माण, मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र वा प्रतिकृति तथा मानसिक विचार एवम् मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरू बिम्ब हुन् (लुइँटेल, २०६० : ३०२) । इच्छुकले आफ्ना कवितामा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, वर्गसङ्घर्ष, इतिहास, प्रकृति आदि

क्षेत्रबाट विविध बिम्ब र प्रतीकहरू प्रयोग गरेका छन् जसले गर्दा उनका कविताहरू सशक्त बन्न पुगेका छन् । यथार्थ तथा सम्भावनाको द्वन्द्वमा खेल्दै नयाँ बिम्बहरूको सृष्टि गर्न उनको कल्पना शक्ति निकै उर्बर देखिन्छ । नेपाली जीवन र जगतका विविध बिम्ब, प्रतीक, मिथक, दृश्य र विचारात्मक भाव सत्यलाई उनले कवितामा कलात्मक रूपले प्रस्तुत गरेका छन् । बिम्ब, प्रतीक तथा अलङ्कार प्रयोगका दृष्टिले उनी कति सफल छन् भन्ने कुरा निम्न कवितांशमा देखाउन सकिन्छ :

तिमी पहाड, जङ्घार, भङ्गाला र छालहरूलाई
दृढतापूर्वक पार गर्दै र तर्दै हिँड्दा रहेछौ
तिमी शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई
तिर्मीकतापूर्वक तोड्दै र छल्दै हिँड्दा रहेछौ
तिमी कष्टसाध्य कठोर क्रान्तिकारी जिन्दगी
स्वेच्छताले सगर्व लड्दै हिँड्दा रहेछौ
('प्रिय कामरेड', **इच्छुक रचनावली भाग २**, पृ. २५)

कामरेडहरूलाई सम्बोधन गर्दै प्रस्तुत गरिएको यस कवितांशमा कामरेडहरूलाई पहाड, जङ्घार, भङ्गाला र छालहरूलाई दृढतापूर्वक पार गर्दै र तर्दै हिँड्ने, शत्रुका घेरा, पहरा, गोली र जालहरूलाई निर्भीकतापूर्वक तोड्दै र छल्दै हिँड्ने क्रान्तिकारी र परिवर्तनकारी व्यक्तिको प्रतीकका रूपमा चिनाइएको छ । कामरेडलाई सम्बोधन गरिएको यस कवितांशमा उनीहरूको कार्यशैली र व्यवहारले माओवादी छापामारहरूको सङ्घर्षपूर्ण जीवनशैलीको बिम्ब वा छायाँलाई प्रस्तुत गरेको पाइन्छ । कामरेडहरूलाई पहाड, जङ्घार, भङ्गाला र छालहरू पार गर्दै हिँड्ने तथा शत्रुका घेरा, गोली, पहरा र जालहरूलाई तोड्दै र छल्दै हिँड्न सक्ने असम्भव कार्य गर्न सक्ने व्यक्तिका रूपमा लिइएकोले अतिशयोक्ति अलङ्कारको प्रयोग यस कवितांशमा देख्न सकिन्छ । यसका साथै दृष्टान्त, तुल्ययोगिता, स्मरण, उत्प्रेक्षा, रूपक, अपन्हुति, उपमा विरोधाभाष आदि अलङ्कारहरूको प्रयोग पनि उनले गरेको पाइन्छ । उनले उपमा र रूपक अलङ्कारको बहुल प्रयोग गरेका छन् । सन्देह, वक्रोक्ति, श्लेष, व्यतिरेक अलङ्कार पनि कतै-कतै प्रयोग भएका छन् ।

## ५.१२ भाषाशैलीगत प्रवृत्ति

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली अभिव्यक्तिको तरिका हो (लुइँटेल, २०६० : ३०२) । कवि इच्छुकका कवितामा शब्द सौन्दर्यजन्य अन्तर्वस्तुको उपस्थिति पर्याप्त मात्रामा रहेको छ र कथ्यगत अन्तर्वस्तुलाई त्यसले निकै प्रभावकारी र सुन्दर बनाएको छ । उनका कविता शब्द चयन र प्रयोगका दृष्टिले उच्च रहेका छन् । उनले यथासम्भव आवश्यक र सङ्गतिपूर्ण शक्तिशाली शब्द प्रयोगमा सजगता अपनाएको देखिन्छ । कविता सामान्य कुराकानी नभई विचलनयुक्त कलात्मक भनाई हो भन्ने कुराको हेक्का राखेर इच्छुकले व्यञ्जनाधर्मी सुन्दर पद पदावलीको प्रयोग गरेका छन् । भाषा प्रयोगका सन्दर्भमा इच्छुकका कवितालाई हेर्दा त्यहाँ साँच्चिकै शब्द सौन्दर्यको आकर्षक उपस्थिति छ । कडवेलले भनेजस्तै कवितामा कथ्यगत र शब्द सौन्दर्यगत अन्तर्वस्तुको सुन्दर संश्लेषण छ । इच्छुकका कविता संरचनामा कथन कलागत वैशिष्ठ्यको प्रधान पक्ष भनेको उनले प्रयोग गरेको संवादमय नाटकीय शैली हो (पाण्डेय, २०६५ : ५६-५७) । उनका कवितामा प्रयोग गरिएको भाषाशैली सरल, सरस र सुबोध देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग, अनुप्रासीय आलङ्कारिकताको प्रयोग आदिले गर्दा उनको भाषाशैली गहन बन्न पुगेको छ । कवितामा प्रयुक्त भाषा लाक्षणिक र प्रतीकात्मक किसिमको भए पनि सजिलै बुझ्न सकिने किसिमको छ । वर्णनात्मक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक तथा सम्बोधनात्मक जस्ता शैलीको प्रयोगले गर्दा उनका कविताहरू रमणीय बन्न पुगेका छन् । उनले भाषा प्रयोगका सन्दर्भमा

पदक्रमगत विचलन गरे पनि अस्वाभाविक देखिदैन । इच्छुकले आफ्ना कवितामा सरल, सहज एवम् स्वाभाविक भाषाका साथै नाटकीय तथा संवादात्मक शैलीको प्रयोग कसरी गरेका छन् भन्ने कुरा स्पष्ट पार्नका लागि यस कवितांशलाई लिन सकिन्छ :

अँध्यारो फाटिसक्यो
तर तिम्रो भने उस्तै अँध्यारै छ
घोमपाल कहिले लाग्छ
भ्रमको बाक्लो तुवालो फाटेर
तिम्रो आङमा चेतनाको उज्यालो घाम, भन ?
अझै पनि दास र उदास तिमी
युगीन दासताको नयाँ साङ्लोलाई चुँडालेर
घोमपाल, कहिले बन्छौ
अब आफ्नो जिन्दगीको आफैँ हकदार, भन ?

('घोमपाल', **इच्छुक रचनावली भाग २**, पृ. ७५)

प्रस्तुत कवितांशमा संवादात्मक कथन ढाँचा प्रयोग गरिएको छ । संवादमय नाटकीय शैलीले कविता बहुरसयुक्त बनेको छ .

## ५.१३ निष्कर्ष

यसरी उनका कविताहरूका आधारमा कवितागत प्रवृत्तिहरूलाई केलाउँदा उनी प्रगतिवादी धाराका क्रान्तिकारी कवि देखिन्छन् । क्रान्तिचेतना, सहिदप्रति सम्मानभाव, सामन्तीवर्गको विरोध, वर्गीय चेतनाको अभिव्यक्ति, श्रम तथा श्रमजीवी वर्गप्रति आस्था, वर्गीय चेतनाको अभिव्यक्ति, भोलिप्रतिको आशावादजस्ता मुख्य विषयवस्तुगत प्रवृत्ति उनका कवितामा पाइन्छ । उनका कवितामा राष्ट्रप्रेम, राष्ट्रियतामाथि अतिक्रमणको विरोध र अन्तर्राष्ट्रिय युगचेतना अभिव्यक्त भएका छन् । मार्क्सवादी कला सौन्दर्य तथा प्रचण्डपथीय सौन्दर्यशास्त्र उनका कवितामा झल्किन्छ । जनयुद्धको दह्रो समर्थन र त्यसलाई जनताको मुक्तिमार्ग ठान्ने विचार कवितामा प्रतिबिम्बन भएको छ । उनका कविता गद्यलयमा लेखिए पनि अनुप्रास योजनाको संयोजन तथा सरल, सहज र सुबोध भाषाको प्रयोगले लयात्मक, गेयात्मक र श्रुतिमोहक बनेका छन् । नयाँ-नयाँ प्रतीक तथा अलङ्कारको प्रयोग, विचार र भावको सन्तुलन उनका कवितामा पाइन्छ ।

# छैटौँ परिच्छेद

# उपसंहार : सारांश तथा निष्कर्ष

## ६.१ सारांश

कवि कृष्ण सेन इच्छुकको जन्म २०१३ साल कार्तिक १३ गते भारतको देहरादूनमा भएको हो । जीवनको बाल्यावस्था देहरादून र गोरखपुरमा मातापिताका साथ बिताएका इच्छुक २०१९ सालमा नेपाल फर्किएका हुन् । अन्य विधामा छिटफुट रूपमा कलम चलाए पनि कविता विधामै आफ्नो पहिचान निर्माण गरेका कवि कृष्ण सेन इच्छुक नेपाली कविता विधाको फाँटमा ‘इच्छुक’ उपनामले सुपरिचित छन् । क्रान्तिबाटै समाजको आमूल रूपान्तरण चाहने कवि इच्छुकले प्रगतिवादी क्रान्तिकारी धारामा रहेर कविता रचना गरेका छन् । यस शोधपत्रका ६ परिच्छेदमा क्रमशः शोधपरिचय, जीवनीको सङ्क्षिप्त अध्ययन, कवितायात्रा र चरण विभाजन, फुटकर कविताको विश्लेषण, कवितागत प्रवृत्तिहरूको अध्ययनको उपसंहार गरिएको छ ।

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचयसँग सम्बन्धित विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यका सीमा, शोधविधि, शोधपत्रको रूपरेखा रहेका छन् ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा कृष्ण सेन इच्छुकको जीवनी र व्यक्तित्वको सङ्क्षिप्त परिचय समावेश गरिएको छ जसमा कविको जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षा-दीक्षा, आर्थिक अवस्था र जागिरे जीवन, साहित्यिक प्रेरणा र प्रभाव, पेसागत संलग्नता, विवाह र सन्तान, स्वभाव र रुचि पुरस्कार र सम्मान जीवनदृष्टि एवम् विविध व्यक्तित्वको चर्चा गर्दै मृत्यु र शोकसँग सम्बन्धित तथ्यहरूको सङ्क्षिप्त चर्चा गरिएको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेदमा कृष्ण सेन इच्छुको कविता यात्रा र कविता सिर्जनाको स्थितिको सङ्क्षिप्त चर्चा गरिएको छ । कृष्ण सेन इच्छुकको सिङ्गो कविता यात्रालाई पहिलो चरण (२०३२-२०४६), दोस्रो चरण (२०४७ देखि २०५२ माघ) र तेस्रो चरण (२०५२ फागुनदेखि २०५९ सम्म) गरी तीन चरणमा विभाजन गरी चरणगत मोडहरूलाई देखाइएको छ ।

यस शोधपत्रको चौथो परिच्छेमा ‘इच्छुक रचनावली भाग २’ मा सङ्कलित इच्छुकका **इतिहासको यस घडीमा** (२०५६), **बन्दी आवाज** (२०६५) र **आरम्भिक कविता** (२०६५) गरी तीनवटा कविता सङ्ग्रहका २० वटा कविताको विश्लेषण गरिएको छ । इच्छुकका कवितामा मुख्यरूपमा राजनीतिक र सामाजिक विकृतिलाई विषयवस्तु बनाइएको छ । तानाशाही पञ्चायती शासन र बहुदलीय पुरानै ढर्राको सरकारको विरोधमा उनका धेरै कविता खर्चेका छन् । सामन्ती राज्यसत्ताको विरोध गर्दै जनयुद्धको पक्षमा र अन्याय, अत्याचार, दमन, शोषणको आक्रोशमा उनका कविता लेखिएका छन् । राष्ट्र, राष्ट्रियता, समाज, प्रकृति, आर्थिक अवस्था, सांस्कृतिक पक्ष आदिलाई कविताको विषयवस्तु बनाइएको छ ।

इच्छुकका कविताका केन्द्रीय भावलाई शीर्षकले पनि स्पष्ट पारेको पाइन्छ । उनका कविताका शीर्षक अभिधा, लक्षणा र व्यञ्जनामा रहेका छन् । उनका सबै कविता मुक्तगद्य छन्दमा लेखिएका छन् । उनले आफूले प्रत्यक्ष रूपमा भोगेका, देखेका, सुनेका र सोचेका विषयवस्तुलाई लिएर भोलिको सुन्दर कल्पनामा कविता रचना गरेका छन् । उनका कवितामा प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको

प्रयोग गरिएको छ । उनका कवितामा बिम्ब र प्रतीकहरूको सुन्दर संयोजन गरिएको छ । राजनीतिक र सामाजिक व्यवस्थाका बेथिति, अन्याय-अत्याचारको पर्दाफास गर्दै समतामूलक राज्यव्यवस्थाको स्थापना गर्नु उनका कविताको उद्देश्य रहेको छ । इच्छुकका कवितामा सहभागिका रूपमा पूर्वीय-पाश्चात्य साहित्य, इतिहास, नेपाली जनजीवन, वर्गीय पात्र, सांस्कृतिक, प्राकृतिक क्षेत्रका मानवीय र मानवेतर पात्रहरू आएका छन् । उनका कविताको परिवेशका रूपमा नेपालका हिमाल, पहाड, मधेस, तराई, खोलानाला, सहर, बजार, गाउँ-बस्ती, भञ्ज्याङ, चौतारी, घर, गोठ, कारागार, वनजङ्गल आदि आएका छन् । नेपालबाहिर, दक्षिण अफ्रिका चीन आदि देशका भूभागको पनि चित्रण गरिएको छ । उनले भूत, वर्तमान र भविष्य तीनै समयलाई परिवेशका रूपमा लिएका छन् । राजनीतिक परिवेश कविताको मुख्य परिवेश हो । दुःखद वातावरणको चित्रण भएको उनका कवितामा आशावादी स्वर बुलन्द गरिएको छ । विभिन्न लेख्य चिह्नहरूको प्रयोग तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सुन्दर संयोजन र सरल, सहज, स्वाभाविक भाषाशैलीले कवितालाई स्तरीय बनाएका छन् । समग्रमा उनका कविताहरू श्रुतिमोहक, ओजपूर्ण र स्तरीय बन्न पुगेका छन् ।

यस शोधपत्रको पाँचौं परिच्छेदमा इच्छुकका कविता सङ्ग्रहका कवितामा देखिएका कवितागत प्रवृत्तिहरूलाई केलाइएको छ । उनका कवितामा देखिएका प्रवृत्तिहरू क्रान्तिचेतना, सहिदप्रति सम्मान, सामन्तवादी सामाजिक व्यवस्थाको चित्रण र त्यसको विरोध, राष्ट्रियता र देशभक्ति, नारीजातिको शोषणको चित्रण र त्यसको विरोध, राष्ट्रियता र देशभक्ति, नारीजातिको शोषणको चित्रण र त्यसको विरोध, श्रम तथा श्रमजीवि वर्गप्रति आस्था, कमरेडहरूप्रति सम्मानभाव, समतामूलक सामाजिक व्यवस्था निर्माणका निम्ति आह्वान, भोलिको सुन्दर बिहानीको तीव्र आशाजस्ता भाव/स्वरगत प्रवृत्ति रहेको निष्कर्ष प्राप्त भएको छ । यसैगरी उनका कवितामा सरल, सरस र स्वाभाविक भाषाका साथै संवादात्मक नाटकीय शैलीको प्रयोग गरिएको छ । तत्सम्, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्दको सुन्दर संयोजनमा कविता सम्प्रेष्य बनेका छन् । कतैकतै आलङ्कारिक, प्रतीकात्मक र बिम्बात्मक भाषा र प्रश्नार्थक शैली अपनाए पनि कविता सुबोध्य नै बनेका छन् । उनका कविताहरू लघु, मध्यम र दीर्घ तीनै आयाममा आबद्ध छन् । सबै कविताहरू गद्यमा लेखिए पनि आदि, मध्य र अन्त्यमा पूर्ण तथा आंशिक अनुप्रास योजना मिलाइएकोले गेयात्मक, लयात्मक, श्रुतिरम्य र ओजपूर्ण छन् । समग्रमा प्रगतिवादी भावधारामा रहेर सन्तुलित संरचनामा लेखिएका उनका कविता स्तरीय रहेको निष्कर्ष प्राप्त भएको छ ।

## ६.२ निष्कर्ष

इच्छुकका कविताकृतिका आधारमा उनका कवितागत प्रवृत्तिहरूलाई निम्न बुँदामा दिइएको छ :

(१) कृष्ण सेन इच्छुकको जन्म वि.सं. २०१३ साल कार्तिक १३ गते भारतको देहरादूनमा भएको हो ।

(२) कृष्ण सेन इच्छुकको व्यक्तित्व सङ्घर्षमय, उच्च, अन्तर्राष्ट्रिय स्तरको र अनुकरणीय रहेको छ ।

(३) इच्छुकको समग्र कविता यात्रालाई पञ्चायतकाल (२०३२-२०४६), प्रजातन्त्रकाल (२०४७-२०५२ माघ) र जनयुद्धकाल (२०५२ फागुनदेखि २०५९ सम्म) गरी तीन चरणमा विभाजन गरिएको छ ।

(४) इच्छुकका **शोकाञ्जली** (२०४८) र **बन्दी र चन्द्रागिरि** गरी दुई खण्डकाव्य र **इतिहासको यस घडीमा** (२०५६) का साथै **बन्दी आवाज** र **आरम्भिक कविता** (**इच्छुक रचनावली भाग २**) (२०६५) मा प्रकाशित छन् ।

(५) इच्छुकले मार्क्सवादी सौन्दर्य चिन्तन, समाजवादी यथार्थवाद, प्रचण्डपथीय सौन्दर्य शास्त्र र प्रगतिवादी भावधारामा रहेर कविता लेखेका छन् ।

(६) नेपाली जनताको मुक्तिका लागि सङ्घर्ष गर्न आह्वान गरी लेखिएका द्वन्द्वात्मक भौतिकवादी जीवनदर्शनमा उनका कविता आधारित छन् ।

(७) उत्साहमा आधारित क्रान्तिकारी र आशावादी कविता रच्नु उनको वस्तुगत वैशिष्ठ्य हो ।

(८) इच्छुकले आफ्ना कवितामा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्द, सरल, सहज एवम् स्वाभाविक भाषाका साथै संवादात्मक नाटकीय शैलीको प्रयोग गरेका छन् ।

(९) इच्छुकका कवितामा क्रान्तिचेत, जनविद्रोह, भोलिप्रतिको आशावादिता, अन्याय-अत्याचार र दमन-शोषणको तीव्र विरोध र नारी शोषणप्रति आक्रोश व्यक्त गरिएको छ ।

(१०) इच्छुकका कवितामा पञ्चायतकालीन, प्रजातन्त्रकालीन र जनयुद्धकालीन राजनीतिक परिवेश तथा बन्दी जीवन, प्रतिबन्धित अवस्था, गाउँ-बस्ती, सहर, वनजङ्गल आदिलाई मुख्य परिवेश बनाइएको छ ।

(११) इच्छुकले ६ पङ्तिको लघु कवितादेखि १७६ पङ्तिको दीर्घ आयाममा आबद्ध कविता रचना गरेका छन् ।

(१२) इच्छुकले नवीन बिम्ब तथा प्रतीकको प्रयोग गरी विविध अलङ्कार तथा अनुप्रासयुक्त गद्यलयमा कविता रचना गरेका छन् ।

(१३) इच्छुकले प्रथम, द्वितीय र तृतीयपुरुष दृष्टिविन्दुमा मानवीय, मानवेतर अल्प तथा बहुपात्रीय कविता रचना गरेका छन् ।

(१४) इच्छुक वर्गीय चेतना, राष्ट्र र राष्ट्रियता सङ्घर्षशील योद्धाको सम्मानभाव, विश्व सर्वहाराका पक्षमा आवाज, मर्म, करुणा, घृणा, तिरस्कार, वर्गयुद्ध आदि विषयमा विचार र भावबीच सन्तुलन मिलाई कविता लेख्ने प्रगतिवादी क्रान्तिकारी कवि हुन् ।

(१५) इच्छुकका कविताहरू सन्तुलित संरचना र प्रगतिवादी भावधारामा लेखिएका लयात्मक, गेयात्मक, श्रुतिमोहक, ओजपूर्ण र स्तरीय रहेका छन् ।

# सन्दर्भसामग्रीसूची


अवस्थी, महादेव (२०६१), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौँ : एकता प्रकाशन ।

--------------, (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श**, काठमाडौँ : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

'इच्छुक', (२०४८), **शोकाञ्जली**, काठमाडौँ : शारदाप्रसाद धिताल र मधुसूदन सुवेदी, पृ. ४-५ ।

'इच्छुक', (२०५६), **इतिहासको यस घडीमा**, काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा.) (२०६४), **इच्छुक रचनावली भाग १**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

--------------, (२०६५), **इच्छुक रचनावली भाग २**, काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान ।

--------------, (२०६६), **इच्छुक रचनावली भाग ३**, काठमाडौँ : इच्छुक सांस्कृतिक प्रतिष्ठान ।

एटम, नेत्र (२०५६), "प्रयोगवादी नेपाली कविता र द्वारिका श्रेष्ठ", **समकालीन साहित्य**, (वर्ष १०, अङ्क १, पूर्णाङ्क ३७, बैशाख-जेठ), पृ. ९३ ।

गिरी, अमर (२०६३), "समकालीन प्रगतिवादी कवितामा वर्गद्वन्द्वको अभिव्यक्ति", **झिसमिसे**, (वर्ष २८, अङ्क ३९, कार्तिक-पुस), पृ. ३४-४३ ।

---------------, (२०५६), "सम्झनामा कृष्ण सेन 'इच्छुक'", **गोरखापत्र**, (जेठ १२), पृ. ६ ।

गौतम, देवीप्रसाद (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता**, काठमाडौँ : मुना गौतम ।

गौतम, सावित्रा (२०६५), **शीतविन्दुका कविताको विश्लेषण**, काठमाडौँ : अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

चैतन्य (२०५१), "समकालीन नेपाली कविता : एक सङ्क्षिप्त मूल्याङ्कान", **कलम**, (वर्ष ३, अङ्क १, पूर्णाङ्क ७, पुस), पृ. २५-४२ ।

-------------, (२०५४), **मार्क्सवादी कला दृष्टि र समीक्षा**, काठमाडौँ : चिन्तन प्रकाशन ।

-------------, (२०५६), "इच्छुक' रचित इतिहासको यस घडीमा", **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४, मङ्सिर-माघ), पृ. २२-४० ।

-------------, (२०५७), "नेपाली प्रगतिवादी कवितामा क्रान्ति र कलाको सङ्गति", **समकालीन नेपाली कविता**, काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ केन्द्रीय समिति, पृ. १-१८ ।

-------------, (२०६४), **क्रान्ति र सौन्दर्य**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

-------------, (२०६५), **समीक्षा र सौन्दर्य**, काठमाडौँ : पाठ्यसामग्री पसल ।

ज्ञवाली, ईश्वरचन्द्र (२०५७), "बन्दी र चन्द्रागिरिमाथि केही हरफ", **सहयात्री**, (वर्ष २, अङ्क २, पूर्णाङ्क २८), पृ. ५६ ।

--------------, (२०६०), "इच्छुकको बलिदान र व्यक्तित्वका पाटाबारे", **जनादेश**, (वर्ष १२, अङ्क २१, साउन), पृ. ४ ।

ज्ञवाली, ईश्वरचन्द्र र अन्य (सम्पा.) (२०६५), **कृष्ण सेन 'इच्छुक' स्मृति ग्रन्थ**, काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, केन्द्रीय समिति ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०६०), **नेपाली कविता भाग ४**, चौ.सं., काठमाडौँ : साझा प्रकाशन ।

थापा, प्रविता (२०६५), **बन्दी र चन्द्रागिरि खण्डकाव्यात्मक लामो कविताको कृतिपरक अध्ययन**, काठमाडौँ : अप्रकाशित शोधपत्र, त्रिचन्द्र बहुमुखी क्याम्पस ।

धिताल, मनऋषि (२०६४), “प्रगतिवादी साहित्यका चम्किला नक्षत्र : कृष्ण सेन”, **मधुपर्क**, (वर्ष ४०, अङ्क १०, पूर्णाङ्क ४६५, फागुन), पृ. ५-१३ ।

पाण्डेय, ताराकान्त (२०४८), “शोकाञ्जली’ शहीदप्रतिको अगाध प्रेम र आस्थाको सरोवर”, **जनसाहित्य**, (वर्ष १, अङ्क ३, कार्तिक-पुस), पृ. ८३-८९ ।

----------------, (२०५३), **कलासाहित्य : भूमिका र मूल्याङ्कन**, काठमाडौँ : चिन्तन प्रकाशन प्रा.लि. ।

----------------, (२०५४), “द्वन्द्वरत वर्तमान र वर्तमानका कविता लेखन”, **कलम**, (वर्ष ५, अङ्क २, पूर्णाङ्क १५, असार), पृ. ६४-७७ ।

----------------, (२०५६), “**इतिहासको यस घडीमा** : वैचारिक र कलात्मक निष्ठाको स्मारक”, **खसानी**, (वर्ष १, अङ्क १, असोज), पृ. १४७-१५० ।

----------------, (२०५६), **प्रगतिवाद र कविता**, काठमाडौँ : शीला योगी ।

----------------, (२०५७), “सौन्दर्य बिम्बका आधार र समकालीन कवितामा त्यसको अङ्कन”, **कलम**, (वर्ष ८, अङ्क ४, पूर्णाङ्क २७, भाद्र), पृ. ४५-६३ ।

----------------, (२०५८), “उत्तर आधुनिकताको परिप्रेक्ष्य र समकालीन कविताको दिशाबोध”, **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क १०, पूर्णाङ्क १०, भाद्र), पृ. २४-३७ ।

----------------, (२०५९), “समकालीन नेपाली प्रगतिवादी कविताका प्रवृत्तिहरू”, **प्रलेस**, (वर्ष ७, पूर्णाङ्क १३, फागुन), पृ. २६-३३ ।

----------------, (२०६४), “कविता र क्रान्तिमा आस्था : उदात्त महाख्यानको प्रस्तुति”, **प्रतिबिम्बन**, (वर्ष १, अङ्क १, असार), पृ. ४१-४७ ।

----------------, (२०६४), “व्यक्तित्व र कृतित्वका आँखीझ्यालबाट इच्छुक”, **गोरखापत्र**, (जेठ १२), पृ. २ ।

पोखरेल, मातृका (२०५६), “सामाजिक मूल्यको कसीमा ‘इच्छुक’ का कविता”, **जनएकता**, (वर्ष ५, अङ्क ८ भाद्र), पृ. ४ ।

पौडेल, गोपीन्द्र (२०५९), **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौँ : उर्मिला पौडेल ।

पौडेल, हेमनाथ (२०६५), **प्रगतिवादी दृष्टिमा कवि र कविता**, काठमाडौँ : पदम शिवाकोटी ।

प्रचण्ड (२०६३), **संस्कृति, कला र सौन्दर्य चिन्तन**, दो.सं., काठमाडौँ : अखिल नेपाल जनसांस्कृतिक सङ्घ ।

प्रभात, विष्णु (२०५६), “इतिहासको यस घडीमा’ मा : इच्छुक”, **कलम**, (वर्ष ८, अङ्क १, पूर्णाङ्क २१-२४ मङ्सिर-माघ), पृ. ४०-४३ ।

बराल, ऋषिराज (२०४९), **प्रगतिवाद**, विराटनगर, हाम्रो साहित्य सदन ।

----------------, (२०५६), “इच्छुक’ इतिहासको यस घडीमा र रागात्मक अनुभूति”, **जनादेश**, (वर्ष ८, अङ्क २६, असार), पृ. ४ ।

----------------, (२०५७), “सेनजी, ! अस्त्रोवस्कीका ‘सपनाहरू’ नभुल्नोस् है !”, **बन्दी र चन्द्रागिरि**, काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र, पृ. ६ ।

भण्डारी, जगदीशचन्द्र (२०५३), **प्रगतिवादी कविताको आरम्भ र विकास**, अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रि.वि., पृ. १६३ ।

----------------, (२०५५), **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौँ : मुन्नी भण्डारी ।

----------------, (२०५९), "इच्छुक अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि", **वेदना**, (वर्ष २९, अङ्क ३, पूर्णाङ्क ६७, चैत्र), पृ. २६-२८ ।

रानाभाट, सुरेश (२०६५), **कवि कृष्ण सेन 'इच्छुक' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, काठमाडौँ : अप्रकाशित शोधपत्र, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, सुकुम (२०६०), **कवि इच्छुक : कविताका सन्दर्भमा**, काठमाडौँ : विश्व साहित्य प्रकाशन ।

शेषयात्री, (२०६४), "स्वतन्त्रताका गायक इच्छुक : 'प्रतिबन्ध' कवितामा", **मञ्जरी**, (वर्ष १, अङ्क ३, पुस), पृ. २९-३० ।

सुवेदी, अशोक (२०६२), **नेपाली प्रगतिवादी कवितामा विद्रोहचेत**, काठमाडौँ : शारदा सुवेदी 'वर्षा' र विकास आचार्य ।

----------------, (२०६४), **आस्था र निष्ठाका सतिसाल कृष्ण सेन 'इच्छुक'**, काठमाडौँ : अशोक सुवेदी ।

----------------, (२०६५), **नौलो बिहानी**, काठमाडौँ : अशोक सुवेदी ।

सुवेदी, राजेन्द्र र रुद्र खरेल (२०५०), **चालीसको दसकका केही प्रगतिशील कविताहरू**, काठमाडौँ : प्रलेस ।

सुवेदी, राजेन्द्र (२०५७), "'बन्दी र चन्द्रागिरि' सङ्ग्रहको सङ्क्षिप्त अध्ययन", **साहित्य सन्ध्या**, (वर्ष १, अङ्क २, पुस), पृ. ३०-३२ ।